जेठ - २

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३०, अङ्क ४ | २०७८, जेठ १६-३१ | पूर्णाङ्क ६९४

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत	- अध्यक्ष
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	- सदस्य
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत	- सदस्य
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत	- सदस्य
अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन	- सदस्य
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	- सदस्य
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत	- सदस्य सचिव

सम्पादक : श्री ध्रुवकुमार ढकाल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री चन्द्रमणि चापागाइँ
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा

नायब सुब्बा श्री निलदेव रिजाल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

इजलास नं. १	११
इजलास नं. २	२
इजलास नं. ३	३
इजलास नं. ४	३
इजलास नं. ५	६
इजलास नं. ६	९
इजलास नं. ७	९
इजलास नं. ८	१२
इजलास नं. ९	२
जम्मा	**६७**

इजलास नं. १०	२
इजलास नं. ११	३
इजलास नं. १२	३
इजलास नं. १३	३
इजलास नं. १४	२
जम्मा	**१३**

कूल जम्मा ६७ + १३ = ८०

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७८, जेठ – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सूचना

"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>" को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ। साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

मूल्य रू.४०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
इजलास नं. १			**१ – ७**
१.	कर्तव्य ज्यान	नेपाल सरकार वि. तेजबहादुर घिमिरे	१
२.	उत्प्रेषण / परमादेश	आङ्ग ङावा शेर्पा वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलसमेत	१
३.	उत्प्रेषण / परमादेश	सुधिर कार्की वि. रक्षा मन्त्रालय, सिंहदरबारसमेत	२
४.	उत्प्रेषण / परमादेश	नरेन्द्रकुमार श्रेष्ठ वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलसमेत	३
५.	उत्प्रेषण / परमादेश	हरिबहादुर लामा वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल	३
६.	उत्प्रेषण / परमादेश	काशीराम गिरी वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलसमेत	४
७.	कर्तव्य ज्यान	नेपाल सरकार वि. जोखन राउत कंकरसमेत	५
८.	उत्प्रेषण	सिता रिसाल वि. काठमाडौं जिल्ला अदालतसमेत	६
९.	जबरजस्ती करणी	नेपाल सरकार वि. ललित थापा	७
इजलास नं. २			**७ – ९**
१०.	लागु औषध	नेपाल सरकार वि. रामेश्वर अधिकारी	७
११.	उत्प्रेषण / परमादेश	तिर्थराम यादव वि. निजामती किताबखाना, हरिहर भवन, ललितपुरसमेत	८
इजलास नं. ३			**९ – १२**
१२.	परमादेश	अशोककुमार सिंहसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	९
१३.	परमादेश	जसे लोहार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार	१०

१४.	उत्प्रेषण	शत्रुधन यादव वि. नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरबारमार्गसमेत	११
इजलास नं. ४			**१२ – १५**
१५.	बन्दी प्रत्यक्षीकरण	गोविन्द विष्टसमेत वि. नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत	१२
१६.	बन्दी प्रत्यक्षीकरण	मोहनराम काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत	१३
१७.	बन्दी प्रत्यक्षीकरण	अर्जुनकुमार बोहोरा क्षेत्री वि. महानगरीय प्रहरी वृत्त, कालिमाटी, काठमाडौंसमेत	१४
इजलास नं. ५			**१५ – २२**
१८.	अंश चलन	कृष्ण श्रेष्ठसमेत वि. तुलसीमाया श्रेष्ठ	१५
१९.	नामसारी निर्णय बदर दर्ता बदर	लक्ष्मीदेवी अहिरीन वि. वकिलप्रसाद यादव	१८
२०.	उत्प्रेषण	खगेन्द्रराज जोशी वि. राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, पुल्चोकसमेत	२०
२१.	लागु औषध (ब्राउन सुगर)	नेपाल सरकार वि. गोविन्द गैरे	२१
इजलास नं. ६			**२२ – ३२**
२२.	सवारी अङ्गभङ्ग	नेपाल सरकार वि. मिलन थपलिया	२२
२३.	जबरजस्ती करणी उद्योग	नेपाल सरकार वि. सन्ता चौधरी	२३
२४.	जबरजस्ती करणी	नेपाल सरकार वि. दिपेन्द्रकुमार मुखिया	२४
२५.	लागु औषध (गाँजा)	सुरेशकुमार मोक्तान वि. नेपाल सरकार	२४
२६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. वाङ्गेल तामाङ	२५
२७.	कर्तव्य ज्यान	नेपाल सरकार वि. कमला वि.क.	२७
२८.	जबरजस्ती करणी उद्योग	नेपाल सरकार वि. सुरेश नेपाली	२८
२९.	जबरजस्ती करणी	विष्णु खत्री वि. नेपाल सरकार	२९
३०.	मानव बेचबिखन तथा ओसारपसार	मानबहादुर वि.क. वि. नेपाल सरकार	३१
इजलास नं. ७			**३२ – ३८**
३१.	उत्प्रेषण	नवराज बस्नेत वि. महानगरीय प्रहरी अपराध महाशाखा, हनुमानढोका, काठमाडौंसमेत	३२

३२.	बन्दी प्रत्यक्षीकरण	वीरबहादुर सुनारसमेत वि. जिल्ला प्रहरी कार्यालय, अर्घाखाँची र ऐ. का प्रमुखसमेत	३३
३३.	कम्पनी ऐन, २०६३ को दफा १६० बमोजिम सजाय गरिपाऊँ	ध्रुवरूद्र कर्माचार्य वि. कम्पनी बोर्ड, कम्पनी बोर्डको कार्यालय त्रिपुरेश्वरसमेत	३३
३४.	भ्रष्टाचार (हानि नोक्सानी)	नेपाल सरकार वि. महेश्वरमान श्रेष्ठसमेत	३४
३५.	अंश चलन	इच्छादेवी गुरूङ वि. मुना गुरूङसमेत	३७
इजलास नं. ८			३८ – ४६
३६.	मूल्य अभिवृद्धि कर	प्रमुख कर प्रशासक सुरेश प्रधान वि. सौरभ फुड प्रोडक्स प्रा.लि., बारा	३८
३७.	फैसला बदर	भरत नेम्कुल वि. मैया नेम्कुल	३९
३८.	बन्दी प्रत्यक्षीकरण	पवन घिमिरे वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत	४०
३९.	लागु औषध डाइजेपाम समेत	नेपाल सरकार वि. अर्जुन साह	४१

४०.	भ्रष्टाचार हानि नोक्सानी	जनक न्यौपाने वि. सन्तोष के.सी.	४२
४१.	खोटा चलन	नेपाल सरकार वि. विरेन्द्र सहनी	४३
४२.	बन्दी प्रत्यक्षीकरण	गम्भीर वि.क. वि. जिल्ला प्रहरी कार्यालय, सिन्धुलीसमेत	४४
४३.	बन्दी प्रत्यक्षीकरण	पुष्पक चन्द वि. जिल्ला प्रहरी कार्यालय, चितवनसमेत	४५
इजलास नं. ९			४६ – ५१
४४.	उत्प्रेषण	अरविन्दकुमार अग्रवाल वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	४६
४५.	उत्प्रेषण	धावा गुरूङ (दावा) वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत	४९
इजलास नं.१०			५१ - ५३
४६.	वैदेशिक रोजगार कसुर	नेपाल सरकार वि. शारदाकुमार मगर	५१

४७.	कर्तव्य ज्यान	रामनारायण दास वि. नेपाल सरकार	५२
इजलास नं.११			**५३ - ५५**
४८.	लिखत दर्ता बदर	देवमाया बरालसमेत वि. थरहरी उपाध्यायसमेत	५३
४९.	लेनदेन	सावित्रा कोइराला वि. कृष्णप्रसाद कोइराला	५४
इजलास नं.१२			**५५ - ६३**
५०.	जबरजस्ती करणीसम्बन्धी बाल बिज्याईं	कान्छा राई वि. नेपाल सरकार	५५
५१.	कर्तव्य ज्यान, अङ्गभङ्ग	चुल्हाई सहनी वि. नेपाल सरकार	५६
५२.	लागु औषध (खैरो हिरोइन)	राधेश्याम प्रसाद साह वि. नेपाल सरकार	६१

इजलास नं.१३			**६३ - ६६**
५३.	परमादेश	राजन दाहालसमेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत	६३
५४.	परमादेश	जितबहादुर ठकुरी वि. श्री जिल्ला वन कार्यालय, विरेन्द्रनगर, सुर्खेतसमेत	६६
इजलास नं.१४			**६६ - ६८**
५५.	लागु औषध (हेरोइन)	नेपाल सरकार वि. राकेश तामाङ	६६
५६.	वैदेशिक रोजगार ठगी	नेपाल सरकार वि. लालबहादुर शेर्मा	६७

इजलास नं. १

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, *२०७४-CR-०४१७, कर्तव्य ज्यान, नेपाल सरकार वि. तेजबहादुर घिमिरे*

वादी नेपाल सरकारको पुनरावेदन जिकिरमा प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुर ठहऱ्याई सोही नं. बमोजिम सजाय गरिपाउँ भनी उल्लेख भएको देखिन्छ । सो सम्बन्धमा विचार गरी उपर्युक्त महलको १३(३) नं. तर्फ हेर्दा, उक्त नं. मा "लाठा, ढुङ्गा र सानातिना हातहतियारले कुटी, हानी रोपी घोची वा अरू ज्यान मार्ने गैह्र कुरा गरी ज्यान मारेमा ज्यानमारा ठहर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । अभियोग दाबीबमोजिम प्रतिवादीलाई तब मात्र सजाय गर्न सकिन्छ जब प्रतिवादीको मृतकलाई मार्ने मनसाय रहेको स्थापित हुन्छ । मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी नरही तत्कालै उठेको रिस थाम्न नसकी मृतकमाथि हात हाल्न जाँदा मृतकको मृत्यु हुन गएको अवस्थामा ज्यानसम्बन्धीको महलको १३(३) नं. आकर्षित हुन नसक्ने ।

मिसिल संलग्न कागज प्रमाणबाट निज प्रतिवादी र मृतकबिच पहिलेदेखि नै प्रेम सम्बन्ध रहिआएको देखिन्छ। निजहरूको सम्बन्धमा प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको कुनै रिसइवी देखिँदैन । निजहरू गेस्ट हाउसको कोठामा सँगै बसिरहेको बेलामा दुईजनाबिच भनाभन भएपछि मृतकले घाँटी न्याक्न आउँदा तत्काल उठेको रिस थाम्न नसकी प्रतिवादीले लात्तीले प्रहार गर्दा मृतकको टाउको भित्तामा ठोकिन गई बेहोस भई भुइँमा लडी, नाक र कानबाट रगत आई १०/१५ मिनेटपछि निजको मृत्यु हुन गएकोले ज्यान मार्ने मनसाय र योजनासहित प्रतिवादीले मृतकलाई मारेको भन्ने तथ्य स्थापित भएको नपाइने ।

मृतकसँगको वादविवादको दौरान उठेको रिसका कारण क्षणिक रूपमा आत्म नियन्त्रण गुमाई प्रतिवादीले लात्तीले प्रहार गर्दा भित्तामा बजारिन गई मृतकको मृत्यु भएको भन्ने तथ्य प्रतिवादीको बयानसमेतबाट देखिन आएकोले यसलाई आवेश प्रेरित हत्या नै भन्नुपर्ने हुँदा उच्च अदालत विराटनगरले सुरू सुनसरी जिल्ला अदालतबाट निज प्रतिवादीलाई सोही कसुरमा ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद गर्ने गरी भएको फैसला सदर गर्ने गरी गरेको फैसला मिलेकै देखिँदा वादी नेपाल सरकारको प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, माथि विवेचित आधार र प्रमाणसमेतबाट प्रतिवादी तेजबहादुर घिमिरेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद गर्ने गरी सुरू सुनसरी जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत विराटनगरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः इशा सुवेदी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल श्रावण १३ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७०-WO-०८७१, उत्प्रेषण / परमादेश, आङ्ग डावा शेर्पा वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलसमेत*

नेपालको अत्यन्तै विकट जिल्लाको रूपमा रहेको हुम्ला जिल्लाका जनताको लागि अत्यावश्यक वस्तुको रूपमा रहेको नुन ढुवानीसँग सम्बन्धित यो सम्झौता अन्य सम्झौता जस्तो सामान्य नभई विशेष र महत्त्वपूर्ण सम्झौता हो भन्ने कुरामा विवाद

हुन सक्दैन । २०६९ सालको आश्विनमा १५०, कार्तिकमा १५०, मङ्सिरमा १४०, पौषमा १४०, माघमा १४०, फाल्गुणमा १४० र चैत्रमा १४० गरी जम्मा १००० क्विन्टल नुन ढुवानी गर्ने गरी निवेदक र साल्ट ट्रेडिङ कर्पोरेसनबिच मिति २०६९।०६।०९ मा सम्झौता भएको भए तापनि रिट निवेदकबाट कुनै पनि परिणामको नुन ढुवानी भएको देखिँदैन । २०६९ साल चैत्र मसान्तसम्म नुन ढुवानी गर्ने अवधि तोकिएकोमा २०७० साल आषाढ मसान्तसम्मको लागि म्याद थप भएको भन्ने साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको मिति २०६९।१२।३० को मिसिल संलग्न निर्णयको प्रतिलिपिबाट देखिन्छ । साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडबाट पटकपटक सार्वजनिक सूचना जारी गरी रिट निवेदकलाई नुन ढुवानी गर्न अनुरोध गरेको पनि मिसिल संलग्न पत्र र सूचनासमेतबाट देखिन्छ । यसरी १००० क्विन्टल परिमाणको नुन ढुवानी गर्नको लागि करिब १० महिनाको समयावधि प्रदान गरिएकोमा कुनै पनि परिमाणको नुन ढुवानी नगर्ने रिट निवेदकको रवैया आफैँमा प्रस्ट छ। प्रतिकूल मौसमका कारण नुन ढुवानी गर्न नसकेको भनी रिट निवेदनमा दाबी लिएको भए तापनि वर्षको पूरै १० महिना नुन ढुवानी गर्न नै नसक्ने गरी प्रतिकूल मौसम रह्यो होला भनी अनुमानसम्म पनि गर्न नसकिने।

सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सूचना प्रकाशित भएको मितिदेखि लागु हुने गरी रिट निवेदकलाई एक वर्ष अवधिको लागि कालोसूचीमा राख्ने गरी मिति २०७०।११।१३ मा निर्णय भई मिति २०७०।११।२२ मा निर्णयानुसारको सार्वजनिक सूचनासमेत प्रकाशित भएकोमा रिट निवेदकलाई कालोसूचीमा राखेको उक्त एक वर्ष अवधि समाप्त भइसकेको देखियो । अर्थात्, आजको मितिमा रिट निवेदकले चुनौती दिएको निर्णयानुसार निज कालोसूचीमा रहेको अवस्था नहुने।

तसर्थ, प्रत्यर्थी सार्वजनिक खरिद अनुगमन कार्यालयसमेतबाट रिट निवेदकलाई एक वर्ष अवधिको लागि कालोसूचीमा राख्ने गरी भएको निर्णय बदर गरिपाउँ भन्ने रिट निवेदनको माग दाबी रहेकोमा निजलाई कालोसूचीमा राखेको अवधि नै समाप्त भई प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेको हुँदा रिट निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको रिट जारी गरिरहन परेन। रिट निवेदन मागदाबी खारेज हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत्र १२ गते रोज २ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७२-WO-०५४०, उत्प्रेषण / परमादेश, सुधिर कार्की वि. रक्षा मन्त्रालय, सिंहदरबारसमेत*

कुनै हक अधिकारको हनन भएको स्थितिमा सोको उपचारको लागि कानूनमा वैकल्पिक व्यवस्था भएसम्म सो अवलम्बन नगरी रिट क्षेत्राधिकार आकर्षित हुँदैन । कानूनले कुनै हक अधिकारको सिर्जना गर्दा त्यस्ता हक अधिकारमाथि आघात पुग्न गएमा उपयुक्त उपचारको व्यवस्था पनि गरेको हुन्छ। यो सिद्धान्तको मूल मर्म जहाँ अधिकार छ त्यहाँ उपचार पनि हुन्छ (Ibi Jus Ubi Remedium) भन्ने हो। यदि कसैको कुनै हक अधिकारमा आघात पुग्दछ भने सोही कानूनमा व्यवस्थित उपचार अवलम्बन गर्नुपर्छ भन्ने मान्यतामा यो सिद्धान्त आधारित रहेको पाइने।

अतः यी रिट निवेदकले आफूलाई उपलब्ध वैकल्पिक उपचारको प्रयोग नगरी रिटको मार्ग अवलम्बन गरेको र उक्त बोलपत्र प्रक्रिया आर्थिक वर्ष २०७२/०७३ को २०७२।१०।१ देखि २०७३ साल पौष मसान्तसम्मको लागि नेपाली सेनाको लागि रासन बन्दोबस्त गर्ने विषयसँग सम्बन्धित भएकोमा उक्त अवधि समाप्त भई प्रस्तुत रिट निवेदनको औचित्य नै

समाप्त भइसकेको हुँदा रिट निवेदकको मागबमोजिम रिट जारी गरिरहन परेन। रिट निवेदन मागदाबी खारेज हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत्र १२ गते रोज २ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७३-WO-०९९७, उत्प्रेषण / परमादेश, नरेन्द्रकुमार श्रेष्ठ वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलसमेत*

प्राङ्न्यायको सिध्दान्त विवादग्रस्त विषयमा सक्षम अदालतद्वारा विचार गरी निर्णय भइसकेपछि सोही विषयमा पुनः उजुरी लाग्न वा कारबाही हुन सक्दैन भन्ने मान्यतामा आधारित छ। यो सिद्धान्त विवादको एकै पटक अन्त्य होस् भनी सार्वजनिक हितको लागि बनाइएको हो। प्राङ्न्यायको विषय पहिले भएको निर्णय कार्यान्वयनमा आकर्षित हुने नभई दोहोरो कारबाही गर्नबाट रोक्नको लागि आकर्षित हुने।

निवेदकलाई सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सूचना प्रकाशित भएको मितिदेखि लागु हुने गरी एक वर्ष अवधिको लागि कालोसूचीमा राख्ने गरी मिति २०७२।५।२० मा निर्णय भएको अवधिमध्ये यस अदालतबाट जारी अन्तरिम आदेशबमोजिम कार्यान्वयन हुन बाँकी अवधि मिति २०७३।११।१९ देखि लागु हुने गरी कालोसूचीमा राख्ने गरी कारबाही भएकोमा उक्त अवधि समाप्त भइसकेको देखियो। अर्थात्, आजको मितिमा रिट निवेदकले चुनौती दिएको निर्णयानुसार निज कालोसूचीमा रहेको अवस्था नहुने।

तसर्थ, प्रत्यर्थी सार्वजनिक खरिद अनुगमन कार्यालयसमेतबाट रिट निवेदकलाई एक वर्ष अवधिको लागि कालोसूचीमा राख्ने गरी भएको निर्णय बदर गरिपाउँ भन्ने रिट निवेदनको माग दाबी रहेकोमा निजलाई कालोसूचीमा राखेको अवधि नै समाप्त भई प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेको हुँदा रिट निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको रिट जारी गरिरहन परेन। रिट निवेदन मागदाबी खारेज हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत्र १२ गते रोज २ शुभम्।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७४-WO-०१७६, उत्प्रेषण / परमादेश, हरिबहादुर लामा वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल*

सार्वजनिक विकास निर्माणको कार्यमा गैरजिम्मेवार हुनेलाई कानूनको दायरामा नल्याउने हो भने **सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने** नेपालको संविधानको प्रस्तावनामार्फत मुखरित प्रतिज्ञा केवल परिकल्पनामा मात्र सीमित रहने हुन्छ। राज्यका अन्य पक्ष जस्तै सार्वजनिक विकास निर्माण कार्यमा क्रियाशील निर्माण व्यवसायी पनि संविधानले प्रतिज्ञा गरेअनुसार राष्ट्रको विकास र समृद्धिलाई मूर्तता दिनका लागि जिम्मेवार हुनै पर्दछ। सार्वजनिक पूर्वाधारको निर्माण गर्ने जिम्मेवारी लिने निर्माण व्यवसायीले तोकिएको समयमा, तोकिएको गुणस्तर कायम गर्दै सम्झौताबमोजिमको कार्य गर्नु कानूनी र नैतिक दायित्व पनि हो। त्यसो हुन नसकेमा भौतिक पूर्वाधारको अपर्याप्तता खड्किएको हाम्रो जस्तो विकासोन्मुख मुलुकमा द्रुततर रूपमा भौतिक पूर्वाधार विकास गर्दै लैजानुपर्ने राष्ट्रिय अभियानमा नै अवरोध आउने।

निवेदकसमेतको संयुक्त उपक्रम (जे.भी.) अन्तर्गत जाजरकोट जिल्ला स्थित मोर्कखोला सडकपुल निर्माणको लागि ठेक्का सम्झौता

भएको विकास निर्माण कार्यमा अनावश्यक रूपमा विलम्ब गरी गैरजिम्मेवारीपन देखाएको भन्नेसमेत आधारमा जिल्ला समन्वय समिति जाजरकोटको सिफारिसबमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले रिट निवेदकलाई कालोसूचीमा राख्ने गरी भएको निर्णय यो यस आधारमा कानूनविपरीत रहेको भनी रिट निवेदकले देखाउन वा पुष्टि गर्न सकेको पाइएन । सार्वजनिक रूपमा सूचना प्रकाशित गरी विधिवत् रूपमा ठेक्का सम्झौता प्रक्रिया सम्पन्न भइसकेपछि सम्झौताअनुसारको कार्य नगरेको भनी जिल्ला समन्वय समिति जाजरकोटबाट पटकपटक सूचना प्रकाशित भइसकेपछि मात्र पर्न आएको प्रस्तुत रिट निवेदन सफाहात र स्वच्छ हृदय (Clean hand and clear heart) का साथ अदालत प्रवेश गरेको भन्न मिल्ने पनि नदेखिने ।

अठार महिनामा कार्य सम्पन्न गर्ने प्रतिबद्धतासहित सम्झौता गरिएको कार्य पाँच वर्ष हुन लाग्दा पनि सम्पन्न नगर्ने र अन्तमा काम छाडी भाग्ने रिट निवेदकको कार्य प्रारम्भिक रूपमा नै गैरजिम्मेवारपूर्ण देखिन आउने ।

कानूनी व्यवस्थाबमोजिम सम्झौताअनुरूपको दायित्व सारभूत रूपमा पालना नगरेको अवस्थामा कालोसूचीमा राख्ने गरी भएको निर्णय अन्यथा देखिन नआउने भनी गोरखा बडीमालिका जे.भी. कम्पनीको तर्फबाट अख्तियारप्राप्त विजय मल्ल विरूद्ध सार्वजनिक खरिद अनुगमन कार्यालयसमेत भएको उत्प्रेषणसमेत विषयको रिट निवेदन (ने. का.प. २०६९, अङ्क १०, निर्णय नं. ८९००) मा र आफू कालोसूचीमा पर्न नसक्ने यथेष्ट प्रमाण गुजार्न नसकेसम्म सम्बन्धित निकायले कालोसूचीमा राखेको कार्य रीतपूर्वकको भएन भनी लिएको जिकिर मनासिब नदेखिने भनी पप्पु लुम्बिनी जे.भी.का अख्तियारप्राप्त प्रोपराइटर हरिनारायण प्रसाद रौनियार विरूद्ध भौतिक योजना तथा निर्माण मन्त्रालयसमेत भएको उत्प्रेषणसमेत विषयको रिट निवेदन (ने.का.प. २०६८, अङ्क ७, निर्णय नं.८६५७) मा सम्मानित सर्वोच्च अदालत, संयुक्त इजलासबाट भएको व्याख्या एवं प्रतिपादित सिद्धान्तसमेतको आधारमा रिट निवेदकले दाबी गरे जस्तो निजको हक हनन भएको मान्न मिल्ने अवस्था नदेखिने ।

अतः उपर्युक्त आधार र कारणहरूबाट निवेदन मागबमोजिम रिट जारी हुने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन मागदाबी खारेज हुने ।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत्र १२ गते रोज २ शुभम् ।

- यसै लगाउको ०७३-WO-११९७, प्रतिषेध, हरिबहादुर लामा वि. पुष्पराज बजगाईसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

६

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत, *०७४-WO-०१८७, उत्प्रेषण / परमादेश, काशीराम गिरी वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलसमेत*

विधायिकाले सजायको मात्रा तोक्ने स्वविवेकीय अधिकार न्यायिक वा प्रशासनिक अधिकारीलाई दिएको अवस्थामा कसुरदारलाई उपयुक्त मात्रामा सजायको निर्धारण गर्नु निजको दायित्व हुन्छ । कुनै पनि किसिमको कसुरजन्य वा अन्य किसिमको कानूनविपरीतको कार्यमा सजाय निर्धारण गर्दा दण्डको उद्देश्यलाई पनि विचार गर्नु पर्दछ । दण्डको पहिलो उद्देश्य अपराधीको सुधार गर्नु, दोस्रो, अपराधीलाई अर्को पटक अपराध गर्नबाट रोक्नु, तेस्रो, अन्य व्यक्तिलाई अपराध गर्नबाट निरूत्साहित गर्नु र चौथो, मानिसहरूको मस्तिष्कमा अपराधप्रति नकारात्मक धारणा सिर्जना गर्नु हो । कानूनविपरीत कार्य गरेको आधारमा कुनै फर्म वा कम्पनीलाई कालोसूचीमा

राख्ने गरी निर्णय गर्दा पनि यी सिद्धान्तहरू आकर्षित हुने ।

कानूनी राज्य तथा लोकतान्त्रिक शासन पद्धतिमा आफ्नो कानून प्रदत्त स्वविवेकाधिकारको प्रयोग गर्दा स्वेच्छाचारी रूपमा कदापि गर्नु हुँदैन । हरेक त्यस्ता स्वेविवेकाधिकारको प्रयोग गर्दा औचित्यताको तार्किक रूपमा पुष्टि हुन जरूरी हुन्छ । कानूनमा उल्लेख भएअनुसार कालोसूचीमा राख्ने अवधि निर्धारण गर्दा पनि यससम्बन्धी कानूनी व्यवस्था र यस सम्बन्धमा आकर्षित हुने सिद्धान्त तथा समन्यायसमेतका समग्र पक्षमा विचार गरी वस्तुगत आधारमा निर्णय गरिएको छ भन्ने कुरा उक्त निर्णयमा अभिव्यक्त रूपमा देखिनुपर्दछ । यो केवल निर्णयकर्ताको आत्मगत सन्तुष्टि (Subjective Satisfaction) को लागि मात्र नभएर निर्णयलाई कानूनसम्मत र सर्वस्वीकार्य बनाउनको लागि पनि जरूरी हुन्छ । यस किसिमको निर्णयबाट प्राप्त गर्न खोजिएको नतिजा र कारबाहीबिच सन्तुलन नरहेमा (Disproportionate action or breach of doctrine of proportionality) उक्त निर्णयलाई विवेकसम्मत निर्णय भन्न र मान्न नसकिने ।

निवेदकलाई तीन वर्ष अवधिको लागि कालोसूचीमा राख्ने गरी निर्णय गर्दा किन उपल्लो हद गरियो वा तल्लो हद किन गरिएन भन्ने कुराको जवाफ निर्णयकर्ताको निर्णयबाट देखिनु पर्दछ । यस किसिमको निर्णयलाई नै 'कारणसहितको निर्णय' (Reasoned Decision) भनिन्छ । आधार र कारणसहितको निर्णय हुनुपर्ने भन्ने प्राकृतिक न्याय सिद्धान्तअन्तर्गतको सुनुवाइको सिद्धान्त (Theory of Hearing) को एउटा अवस्था (Component) हो । प्रस्तुत सन्दर्भमा, निर्णयकर्ताको प्रस्तुत निर्णयमा यी रिट निवेदकलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ बमोजिमको उपल्लो हद अर्थात् ३ वर्ष नै कालोसूचीमा राख्नुपरेको स्पष्ट आधार र कारण खुल्न सकेको नदेखिने ।

तसर्थ, यी रिट निवेदकबाट भएको गैरकानूनी कार्यको प्रकृति र सोअनुसारको सजायको समानुपातिकता एवं यस्तै प्रकृतिको अन्य मुद्दामा अवलम्बित आधारसमेतबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको रिट निवेदकलाई तीन वर्ष अवधिको लागि कालोसूचीमा राख्ने गरी भएको निर्णय र सो सम्बन्धमा भएको सिफारिस, पत्राचार एवं प्रकाशित सूचनासमेत सो हदसम्म मिलेको नदेखिएको हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । यी रिट निवेदकलाई एक वर्ष अवधिको लागि मात्र कालोसूचीमा राख्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । रिट निवेदकलाई कालोसूचीमा राख्ने गरी भएको समग्र निर्णय नै बदर गरिपाउँ भन्ने रिट निवेदकको मागदाबी सो हदसम्म पुग्न नसक्ने ।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७४ साल चैत्र १२ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको ०७४-WO-०१८८, उत्प्रेषण / परमादेश, दलबहादुर सिंह ठकुरी वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचलसमेत भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

७

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., *०७१-CR-०९४२, कर्तव्य ज्यान, नेपाल सरकार वि. जोखन राउत कंकरसमेत*

प्रतिवादी जोखन राउतको गा.वि.स. को सिफारिस र मृत्यु दर्ता प्रमाणपत्रबाट समेत मृत्यु भइसकेको देखिँदा निजको प्रस्तुत वारदातमा रहेको भूमिकाका सम्बन्धमा तथ्यभित्र प्रवेश गरी विवेचना गरिरहनुपर्ने नदेखिँदा निजको हकमा कसुर ठहर हुने नहुने सम्बन्धमा केही नबोलेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ भनी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

धेरै व्यक्तिको उपस्थितिमा भएको वारदातमा यो यस व्यक्तिले यो यस्तो कार्य गरेको वा यो यस प्रकारको भूमिकामा संलग्न रहेको भनी स्पष्ट रूपमा नखुलेको अवस्थामा वारदातस्थलमा उपस्थित भएकै आधारमा मात्र सबै व्यक्तिलाई समानस्तरका सहभागी भनी मान्न मिल्ने हुँदैन। कसुर अपराध गर्न मिलेमतोमा रहेका मतियार नै भए पनि वारदातमा संलग्नताको स्तर फरकफरक हुन सक्दछ र स्वाभाविक रूपमा सोबमोजिम सजायको स्तर पनि घटीबढी हुने।

प्रत्यर्थी प्रतिवादीहरूले यस्तो कार्य गरेका हुन् भनी वादी पक्षले स्पष्ट रूपमा दाबी लिई शंकारहित वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा गोश्वारा रूपमा धेरै जनालाई एउटै अभियोग लगाएको आधारमा मात्र हरेक प्रतिवादीहरूको विरूद्धमा वारदातमा निजहरूको भूमिकाको स्पष्ट र किटानी प्रमाणको अभावमा सबै जनालाई एउटै सजाय गर्नु न्यायोचित हुन सक्दैन । तथापि मौकामा कागज गर्ने निज लालबहादुर यादवको कथनलगायत मिसिल संलग्न कागज प्रमाणबाट यी प्रतिवादीहरू इन्द्रासन राउत कंकर, सियासन राउत कंकर र रामाधार राउत कंकर वारदातस्थलमा मौजुद रहेको कुरा पुष्टि हुन आएको देखिँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अतः माथि विवेचित आधार कारणबाट प्रतिवादी जोखन राउत कंकरको हकमा निजको मृत्यु भइसकेको देखिँदा अ.बं.१७६ नं. बमोजिम निजलाई खतबाट नलाग्ने हुँदा निजको हकमा केही बोलिरहन नपर्ने र अन्य प्रतिवादीहरू इन्द्रासन राउत कंकर, सियासन राउत कंकर र रामाधार राउत कंकरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही १(एक) वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू पर्सा जिल्ला अदालतको मिति २०६९।१२।२६ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।८।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल चैत ७ गते रोज ४ शुभम्।

८

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी, *०७१-WO-०९६८, उत्प्रेषण, सिता रिसाल वि. काठमाडौं जिल्ला अदालतसमेत*

निवेदकले सुवर्णमान वैद्यबाट जग्गा खरिद गरी लिँदा राजीनामाको लिखतमा निजको वतन का.जि.का.म.न.पा. वडा नं. १४ भनी उल्लेख भएको देखिन्छ। विवादित लिखत बदर मुद्दामा जारी भएको म्याद पनि सोही वतनमा जारी भएको देखिन्छ । लिखतमा उल्लिखित वतन र सोको आधारमा कायम भएको दर्ता स्रेस्तासमेत परिवर्तन नभई हाल यथावत् अवस्थामा रहेको छ । उक्त लिखतमा उल्लिखित वतनमा नै जारी भएको म्याद बेपत्ते तामेल भएपछि जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क बमोजिम राष्ट्रियस्तरको पत्रिका गोरखापत्रमा प्रकाशित भएको म्याद कानूनसम्मत नै देखिन आउने।

निवेदिकाले म्याद बेरितको भएको भनी मुलुकी ऐन, अदालती बन्दोबस्तको २०८ नं. को उपचारको बाटो अवलम्बन गरेको देखिँदैन। कानूनले साधारण अधिकारक्षेत्रअन्तर्गत नै उपचारको व्यवस्था गरेकोमा सोहीबमोजिम उपचारको खोजी गर्नुपर्ने हुन्छ। साधारण क्षेत्राधिकारको विकल्प रिट होइन। साधारण क्षेत्राधिकारको बाटो समाप्त भएपछि रिट क्षेत्राधिकारको प्रयोग आफैँमा युक्तिसङ्गत मान्न नसकिने।

अतः माथि उल्लेख भएअनुसार निवेदकले जग्गा खरिद गरी लिएको राजीनामाको लिखतमा नै म्याद तामेल भएको देखिन आएको, निजको म्याद बेपत्ते तामेल भएको कारण जिल्ला अदालत

नियमावली, २०५२ को नियम २२क बमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिका गोरखा पत्रमा म्याद प्रकाशित भएको देखिएको र निवेदकले मुलुकी ऐन, अदालती बन्दोबस्तको २०८ नं. बमोजिमको उपचारको बाटो अवलम्बन नगरी रिट क्षेत्राधिकारमा प्रवेश गरेको देखिएकोसमेतका आधार कारणबाट निवेदन माग दाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: महेश खनाल

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७४ साल भाद्र ९ गते रोज ६ शुभम्।

९

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., *०७२-CR-०३८३, जबरजस्ती करणी, नेपाल सरकार वि. ललित थापा*

जाहेरवालीले आफ्नो जाहेरी र अदालतमा गरेको बकपत्रमा प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको भनी उल्लेख गरे पनि प्रतिवादी अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष समेत बयान गर्दा कसुरमा इन्कार रहेको देखिएको र निजको इन्कारी बयान निजका साक्षीले अदालतमा गरेको बकपत्र, जाहेरवाली र प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समेत समर्थित भएको देखिएको तथा वादी पक्षले अन्य वस्तुनिष्ठ भौतिक सबुद प्रमाण पेस गरी प्रतिवादीको कसुर शंकारहित तवरबाट प्रमाणित गर्न नसकेको अवस्थामा केवल जाहेरवालीको मौखिक कथनका आधारमा मात्र जबरजस्ती करणी जस्तो गम्भीर अपराधमा प्रतिवादीलाई कसुरदार ठहर गरी सजाय गर्नु न्यायोचित हुने नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार कारणबाट प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुन नआएकोले प्रतिवादी ललित थापालाई कसुरदार कायम गरी जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ६(छ) वर्ष कैद सजायसमेत हुने ठहऱ्याई सुरू बाँके जिल्ला अदालतले मिति २०७०।११।४ मा गरेको फैसला उल्टी गरी निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७१।११।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: मिनु शाही

इति संवत् २०७४ साल चैत्र ७ गते रोज ४ शुभम्।

इजलास नं.२

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल, *०७१-CR-०५९९, लागु औषध, नेपाल सरकार वि. रामेश्वर अधिकारी*

प्रतिवादी रामेश्वर अधिकारीले लागु औषध लुकाई छिपाई ओसार पसार गरेकाले निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (ङ) र (च) को कसुरमा सोही ऐनको दफा १४(१) को देहाय (झ) अनुसार सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको अभियोग मागदाबी भए तापनि सो तथ्यलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले प्रतिवादीउपर लगाइएको अभियोग प्रमाणित गर्ने भार वादी पक्षको भएकोमा सो गर्न सकेको पाइएन। साथै प्रतिवादीबाट बरामद भएको लागु औषध प्रतिवादीले अमुक व्यक्तिलाई बिक्री वितरण गर्न लागेको अवस्थामा पक्राउ परेको भनी अभियोग पत्रमा समेत खुलाउन सकेको पनि देखिएन। यसप्रकार बरामदी मुचुल्का, बरामदी लागु औषधको परिमाण, प्रतिवादीको मौकामा भएको तथा अदालतसमक्ष भएको बयानमा प्रतिवादीले बरामद भएको लागु औषध बिक्री वितरण तथा ओसार

पसारको लागि खरिद गरेको भन्ने पुष्टि हुने कुनै आधार प्रमाण मिसिल संलग्न कागजातबाट नदेखिने।

तसर्थ उपर्युक्त विवेचित आधार, प्रमाण र कारणबाट बरामद भएको लागु औषधको मात्रा न्यून परिमाणको भई उक्त लागु औषध प्रतिवादी स्वयंले सेवनको प्रयोजनको लागि खरिद गरेको भनी मौका र अदालतसमक्ष बयान गरेको देखिनुका साथै उक्त लागु औषध प्रतिवादीले बिक्री वितरणका लागि खरिद गरेको भन्ने वस्तुनिष्ठ प्रमाणको अभावमा बिक्री वितरणतर्फको कसुर स्थापित हुन नसक्ने हुँदा अभियोग मागदाबीबमोजिम सजाय हुने ठहऱ्याएको सुरू पर्सा जिल्ला अदालतको मिति २०६९/०६/२४ को फैसला उल्टी गरी लागु औषध सेवनतर्फ मात्र प्रतिवादीलाई सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१/०२/१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः लोकबहादुर हमाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल जेठ १ गते रोज २ शुभम्।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७३-WO-०८१९, उत्प्रेषण / परमादेश, तिर्थराम यादव वि. निजामती किताबखाना, हरिहर भवन, ललितपुरसमेत*

निवेदक खानेपानी तथा ढल निकास विभागको मिति २०३९।२।३० को निर्णय तथा खानेपानी तथा ढल निकास विभाग मध्य तथा सुदूर पश्चिमाञ्चल डिभिजन कार्यालय नेपालगन्जको च.नं.१२५७ मिति २०३९।३।१५ को पत्रानुसार राजपत्र अनंकित द्वितीय श्रेणीको टाइपिष्ट खरिदार पदमा स्थायी नियुक्ति भई जिल्ला प्रशासन कार्यालय बाँकेको मिति २०५२।१।१५ को निर्णयानुसार रा.प.अनंकित प्रथम श्रेणीमा बढुवा भएको र मिति २०६७।१०।१ देखि जेष्ठता कायम हुने गरी रा.प.तृतीय श्रेणीको शाखा अधिकृत पदमा बढुवा भई कारागार कार्यालय बाँके, नेपालगन्जमा कार्यरत रहेको देखियो । निजले मिति २०४०।१२।२० मा भरेको निजामती कर्मचारीको वैयक्तिक विवरण (सिटरोल) मा निजको जन्ममिति २०१६।७।२१ र ६० वर्ष उमेर पुग्ने मिति २०७६।७।२१ भनी उल्लेख गरेको, निवेदकले मिति २०३४ सालमा पास गरेको एस.एल. सी.को प्रमाणपत्रमा जन्ममिति २०१६।७।२१ उल्लेख भएको, निजले जिल्ला प्रशासन कार्यालय बाँकेबाट मिति २०४४।३।२ मा प्राप्त गरेको नागरिकता प्रमाणपत्र नं. ११०७५ मा पनि जन्ममिति २०१६।७।२१ नै उल्लेख भएको र जिल्ला प्रशासन कार्यालय बाँके नेपालगन्जको च.नं. ३७२३ मिति २०७३।१०।१९ को पत्रबाट समेत सो नागरिकताको अभिलेखमा सोही जन्ममिति कायम रहेको भनी प्रमाणित गरेको देखिने।

निवेदकले मिति २०४०।१२।२० मा भरेको निजामती कर्मचारीको वैयक्तिक विवरण (सिटरोल) मा निजको जन्ममिति २०१६।७।२१ र ६० वर्ष उमेर पुग्ने मिति २०७६।७।२१ भनी उल्लेख भएको, निवेदकले मिति २०३४ सालमा पास गरेको एस.एल. सी.को प्रमाणपत्रमा जन्ममिति २०१६।७।२१ उल्लेख भएको, निजले जिल्ला प्रशासन कार्यालय बाँकेबाट मिति २०४४।३।२ मा प्राप्त गरेको नागरिकता प्रमाणपत्र नं. ११०७५ मा पनि जन्ममिति २०१६।७।२१ नै उल्लेख भएको र जिल्ला प्रशासन कार्यालय, बाँके, नेपालगन्जको च.नं. ३७२३ मिति २०७३।१०।१९ को पत्रबाट समेत सो नागरिकताको अभिलेखमा सोही जन्ममिति कायम रहेको भनी प्रमाणित गरेको देखिएको र सबै प्रमाण पत्रहरूमा निवेदकको जन्ममिति २०१६।७।२१ नै उल्लेख भएको देखिएको कारणले सो मितिबाट निवेदकको उमेर ५८ वर्ष मिति २०७४।७।२१ मा मात्र पुग्ने भई सो मितिदेखि लागु हुने गरी अनिवार्य अवकाश दिनुपर्नेमा निजामती किताब खानाको मिति २०७३।१०।२४ को निर्णयानुसार शाखा अधिकृत श्री

तिर्थराम यादवलको मिति २०७०।४।१५ मा ५८ वर्ष पूरा भइसकेकोले मिति २०७०।४।१६ देखि अनिवार्य अवकाश दिई निजले मिति २०७०।४।१६ देखि हालसम्म उपभोग गरेको सबै तलब भत्तालगायतका सुविधाहरू यकिन गरी हुन आउने रकम नगदै सरकारी कोषमा दाखिला गरी सक्कल भौचरसहित पठाइदिनुहुन भनी कारागार कार्यालय बाँकेलाई मिति २०७३।१०।२४, च.नं.४९१५ मा अनिवार्य अवकाशसम्बन्धी विषयमा पत्र लेखेकोसमेत मिलेको देखिन नआउने।

तसर्थः माथि विवेचित आधार कारणसमेतबाट कारागार कार्यालयमा बाँकेमा कार्यरत शाखा अधिकृत तिर्थराम यादवको मिति २०७०।४।१५ मा ५८ वर्ष पूरा भइसकेकोले मिति २०७०।४।१६ देखि अनिवार्य अवकाश दिई निजले मिति २०७०।४।१६ देखि हालसम्म उपभोग गरेको सबै तलब भत्तालगायतका सुविधाहरू यकिन गरी हुन आउने रकम नगदै सरकारी कोषमा दाखिला गरी सक्कल भौचरसहित पठाइदिनुहुन भनी निजामती किताब खानाबाट मिति २०७३।१०।२४ मा भएको निर्णय र सो निर्णयका आधारमा कारागार कार्यालय बाँकेलाई मिति २०७३।१०।२४, च.नं.४९१५ मा अनिवार्य अवकाश सम्बन्धमा लेखेको पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ। निवेदकले गरेको सेवा अवधिको तलब भत्तालगायतका सुविधाहरू माग नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

इति संवत् २०७५ साल कात्तिक १३ गते रोज ३ शुभम्।

इजलास नं.३

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी., *०७२-WO-०६१५, परमादेश, अशोककुमार सिंहसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवेदकहरू तत्कालीन नेपाल निजामती सेवा ऐनको व्यवस्थाबमोजिम राजपत्र अनङ्कित द्वितीय श्रेणीको अ.हे.व. पदमा स्थायी नियुक्ति पाई कार्यरत रहिरहेको अवस्थामा लागु भएको नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम सहायक पाँचौं तहमा निवेदकहरूलाई तह मिलान गरिएको भन्ने मिति २०५४।७।११ लगायतका मिसिल संलग्न विभिन्न मितिका पद मिलान सम्बन्धका पत्रहरूको प्रतिलिपिहरूबाट देखिन्छ। पाँचौं तहमा पद मिलान भइसकेपछि सो पदमा १० वर्ष काम गरी नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ ले तोकेको योग्यता पूरा भएको कारणले मिति २०६४।२।१४ देखि लागु हुने गरी निवेदकहरूलाई नेपाल स्वास्थ्य सेवा हेल्थ इन्स्पेक्सन समूहको अधिकृत छैठौं तहमा स्तरवृद्धि गरिएको भन्ने मिसिल संलग्न स्तरवृद्धि सम्बन्धका पत्रहरूको प्रतिलिपिबाट देखिने।

यसरी स्वास्थ्य सेवाको अ.हे.व. पदमा सुरू नियुक्ति पाई पाँचौं तहमा तह मिलान भई छैठौं तहमा स्तरवृद्धि भइसकेका निवेदकहरूलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा (९)(१)(३)(ग) मा भएको छैठौं तहमा स्तरवृद्धि भएका मध्ये पाँचौं तहमा सुरू नियुक्ति भएका भन्ने कानूनी व्यवस्थाका आधारमा सुरू नियुक्ति पाँचौं तहमा नभई रा.प.अनं.द्वितीय श्रेणीको अ.हे.व.पदमा नियुक्ति भएको देखिँदा सातौं तहमा स्तरवृद्धि गर्नसक्ने अवस्था नदेखिने।

निवेदकहरूले निवेदनमा जिकिर लिएको र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(१)(३)(ग) ले उल्लेख गरेको छैठौं तहमा ८ वर्ष काम गरेको, कम्तीमा पछिल्लो दुई वर्षको कार्य सम्पादन मूल्याङ्कन उत्तम रहेको र अति दुर्गम क्षेत्रमा १ वर्ष वा दुर्गम क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको जस्ता योग्यता पुगेको भन्ने मिसिल संलग्न नियुक्ति स्तरवृद्धि

तथा पदस्थापनलगायतका पत्रहरूको प्रतिलिपिबाट देखिई रहे पनि पाँचौं तहमा सुरू नियुक्ति पाएको हुनुपर्ने भन्ने मुख्य योग्यता नै पुग्न सकेको देखिँदैन। जहाँसम्म स्वास्थ्य सेवा ऐन लागु हुँदाकै बखत आफूहरू पाँचौं तहमा कार्यरत रहेको भनी जिकिर छ सो सम्बन्धमा निवेदकहरूको नियुक्ति साबिक निजामती सेवा ऐनअनुसार रा.प.अनं. द्वितीय श्रेणीको पदमा भएको र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को साबिक दफा ९० अनुसार ३ वर्ष काम गरेका कारणले पाँचौं तहमा तह मिलानसम्म गरिएको देखिन्छ। कुनै पदमा सुरू नियुक्ति हुनु र सेवा निश्चित सेवा अवधि पूरा गरेको कारण तह मिलान हुनु एउटै विषय नभई नितान्त फरक कुरा हो। पाँचौं तहमा तह मिलान भएकै कारणले सुरू नियुक्ति नै पाँचौं तहमा भएको भनी अर्थ गर्न मिल्ने देखिँदैन। यस अवस्थामा आफूहरूको योग्यता पुगेकोले सातौं तहमा स्तरवृद्धि हुनुपर्ने भन्ने निवेदन जिकिर कानूनसम्मत नदेखिने।

कानूनबमोजिम स्थापित र सञ्चालन हुने नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरूको स्तरवृद्धिसम्बन्धी व्यवस्थाको परिचालन पनि कानूनले उल्लेख गरिदिएकै योग्यता र प्रक्रियाको माध्यमबाट नै हुनुपर्ने हुन्छ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ ले तोकेको मापदण्ड र योग्यता पूरा भएको अवस्थामा पनि कानूनी व्यवस्थाको अनदेखा गरी नियतवश स्तरवृद्धि नगरेको खण्डमा निवेदकहरूले भनेझैं संविधान प्रदत्त हक अधिकारको हनन भएको मान्नुपर्ने हुन्छ तर कानूनले स्तरवृद्धि सम्बन्धमा प्रस्ट योग्यता तोकिदिएको अवस्थामा सोबमोजिमको योग्यता नपुगेको अवस्थामा कानूनबमोजिम स्तरवृद्धि नगरी दिएको कारणबाट मात्र निवेदकहरूको संविधान प्रदत्त हक अधिकारहरूको हनन विपक्षीहरूले गरेको भन्न मिल्ने नदेखिने।

अतः उल्लिखित आधार, कारणहरूसमेतबाट निवेदक मागबमोजिमको परमादेशसमेत जारी हुन सक्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी., *०७३-WO-००८५, परमादेश, जसे लोहार वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार*

स्वास्थ्य सेवाको अ.हे.व. पदमा सुरू नियुक्ति पाई पाँचौं तहमा तह मिलान भई छैठौं तहमा स्तरवृद्धि भइसकेका निवेदकलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा (९)(१)(३)(ग) मा भएको छैठौं तहमा स्तरवृद्धि भएकामध्ये पाँचौं तहमा सुरू नियुक्ति भएका भन्ने कानूनी व्यवस्थाका आधारमा सुरू नियुक्ति पाँचौं तहमा नभई रा.प.अनं.द्वितीय श्रेणीको अ.हे.व.पदमा नियुक्ति भएको देखिँदा सातौं तहमा स्तरवृद्धि गर्नसक्ने अवस्था नदेखिने।

निवेदकले निवेदनमा जिकिर लिएको र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (१)(३)(ग) ले उल्लेख गरेको छैठौं तहमा ८ वर्ष काम गरेको, कम्तीमा पछिल्लो दुई वर्षको कार्य सम्पादन मूल्याङ्कन उत्तम रहेको र अति दुर्गम क्षेत्रमा १ वर्ष वा दुर्गम क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको जस्ता योग्यता पुगेको भन्ने मिसिल संलग्न नियुक्ति स्तरवृद्धि तथा पदस्थापनलगायतका पत्रहरूको प्रतिलिपिबाट देखिइरहेपनि पाँचौं तहमा सुरू नियुक्ति पाएको हुनुपर्ने भन्ने मुख्य योग्यता नै पुग्न सकेको देखिँदैन। जहाँसम्म स्वास्थ्य सेवा ऐन लागु हुँदाकै बखत आफू पाँचौं तहमा कार्यरत रहेको भनी जिकिर छ सो सम्बन्धमा निवेदकहरूको नियुक्ति साबिक निजामती सेवा ऐनअनुसार रा.प. अनं. द्वितीय श्रेणीको पदमा भएको र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को साबिक दफा ९० अनुसार ३ वर्ष काम गरेका कारणले पाँचौं तहमा तह मिलानसम्म गरिएको

देखिन्छ । कुनै पदमा सुरू नियुक्ति हुनु र निश्चित सेवा अवधि पूरा गरेको कारण तह मिलान हुनु एउटै विषय नभई नितान्त फरक कुरा हो । पाँचौं तहमा तह मिलान भएकै कारणले सुरू नियुक्ति नै पाँचौं तहमा भएको भनी अर्थ गर्न मिल्ने देखिँदैन । यस अवस्थामा आफूहरूको योग्यता पुगेकोले सातौं तहमा स्तरवृद्धि हुनुपर्ने भन्ने निवेदन जिकिर कानूनसम्मत नदेखिने ।

कानूनबमोजिम स्थापित र सञ्चालन हुने नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरूको स्तरवृद्धिसम्बन्धी व्यवस्थाको परिचालन पनि कानूनले उल्लेख गरिदिएकै योग्यता र प्रक्रियाको माध्यमबाट नै हुनुपर्ने हुन्छ । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ ले तोकेको मापदण्ड र योग्यता पूरा भएको अवस्थामा पनि कानूनी व्यवस्थाको अनदेखा गरी नियतवश स्तरवृद्धि नगरेको खण्डमा निवेदकहरूले भनेझैं संविधान प्रदत्त हक अधिकारको हनन भएको मान्नुपर्ने हुन्छ तर कानूनले स्तरवृद्धि सम्बन्धमा प्रस्ट योग्यता तोकिदिएको अवस्थामा सोबमोजिमको योग्यता नपुगेको अवस्थामा कानूनबमोजिम स्तरवृद्धि नगरी दिएको कारणबाट मात्र निवेदकको संविधान प्रदत्त हक अधिकारहरूको हनन विपक्षीहरूले गरेको भन्न मिल्ने नदेखिने ।

अतः माथि उल्लिखित आधार, कारणहरूसमेतबाट निवेदक मागबमोजिमको परमादेशसमेत जारी हुन सक्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम् ।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७४-WO-०५४९, उत्प्रेषण, शत्रुधन यादव वि. नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरबारमार्गसमेत*

निवेदकले मिटरको लगत खारेजीको निवेदन नै नपरेको स्वस्तिक फुटवेयर इन्डष्ट्रिजको मिटर भुलवश खोली ल्याएको कुरा स्वयं निजले निवेदन बेहोरामा स्वीकार गरेको र विराटनगर वितरण केन्द्रबाट जारी गरिएको प.स. ०७६३।०७३ च.नं. ३४३ मिति २०७२।७।१९ को पत्र नबुझी लिखित रूपमा खटाएको पदीय जिम्मेवारीका काम कारबाही गर्न ढिलो पत्र बुझी इन्कार गरेको भन्ने कुरा मिसिल कागजातहरूबाट देखिन्छ । यसरी पदीय जिम्मेवारीअनुरूपको काम कारबाही नगरेको अवस्थामा विनियमविपरीतका कार्यहरू गर्नुभएको हो, होइन ? भनी १५ दिनभित्र स्पष्टीकरण पेस गर्नु भनी मिति २०७३।८।१२ मा सोधिएको स्पष्टीकरणको जवाफमा १ वर्ष पूर्वदेखि इमान्दारीसाथ तोकिएको काम गरिरहेकोले स्पष्टीकरण नसोधिनुपर्ने थियो भन्ने बेहोरा उल्लेख गरी ०७३।८।२६ मा उल्लेख गरेकोले उक्त जवाफमा उपयुक्त पुष्टाई नभएको भनी नेपाल विद्युत् प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०६२(सं.स.) को विनिमय १२७(२)(आ) बमोजिम बढीमा पाँच तलब वृद्धि (ग्रेड) रोक्का वा घटुवा किन नगर्ने भनी प्रस्ट जवाफसहितको स्पष्टीकरण पेस गर्न भनी पुनः च.नं. १०३२, मिति २०७३।९।२६ मा पत्राचार गरेकोमा निवेदक स्वयंले स्वस्तिक फुटवेयर उद्योगको मिटर भुलवश खोली ल्याएको र विराटनगर वितरण केन्द्रबाट जारी गरिएको प.सं. २०७२/०७३ च.नं. ३४३ को जिम्मेवारी तोकिएकोसम्बन्धीको मिति २०७२।७।१९ को पत्र बाध्यताले ढिलो बुझेको हुँ भनी मिति २०७३।१०।१४ मा पेस गरेको स्पष्टीकरणमा उल्लेख उल्लेख गरे पनि उक्त पत्र तत्काल बुझ्न नसक्ने त्यस्तो के बाध्यता आइपरेको थियो भन्ने कुरा रिट निवेदनमा प्रस्टरूपमा खुलाउन सकेको देखिँदैन । स्वस्तिक फुटवेयर उद्योगको मिटर, मिटर खारेजीको निवेदन र आवश्यक दस्तुरविना नै खोली ल्याएको र काम तोकिएको पत्र अकारण ढिलो गरी बुझेको भन्ने प्रस्ट

देखिइरहेको अवस्थामा विराटनगर वितरण केन्द्रमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा छानबिन गर्नेगरी छानबिन समितिको राय प्रतिवेदनसमेतका आधारमा मिति २०७४।६।९ को (उपकार्यकारी निर्देशक स्तरीय) निर्णयानुसार कार्यालयले जारी गरेको कागजात नबुझेको र पेस गरेको स्पष्टीकरण सन्तोषजनक नरहेकोले नेपाल विद्युत् प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०६२ को (स.स.) को विनिमय १२७(२)(आ) को अवस्था देखिएको भनी ऐ. (ङ) को कसुरमा सोही विनियमावलीको विनिमय १२७(२) को (आ) बमोजिम १ तलब वृद्धि (ग्रेड) रोक्का गर्ने मिति २०७४।६।९ को विभागीय कारबाही प्रवृत्त भावनाबाट भएको भन्न मिल्ने देखिएन । अतः माथि उल्लिखित आधार कारणसमेतबाट विनियमावलीले गरेको व्यवस्थाअनुसार निजउपर लागेको आरोप र हुनसक्ने सजायसमेत खुलाई सुनुवाइको मौका दिई स्पष्टीकरण सोधी गरिएको कारबाही कानूनसम्मत हुँदा उक्त मिति २०७४।६।९ को (उपकार्यकारी) निर्देशकस्तरीय) निर्णय सदर गर्ने पुनरावलोकन समितिको मिति २०७४।९।१९ को निर्णयले यी रिट निवेदकको संविधान र कानून प्रदत्त कुनै हकाधिकारको हनन हुन गएको भन्ने निवेदक मागबमोजिमको उत्प्रेषण परमादेशको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रावती तिमल्सेना

इति संवत् २०७५ साल पौष ८ गते रोज १ शुभम् ।

इजलास नं.४

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७६-WH-०१३६, बन्दीप्रत्यक्षीकरण, गोविन्द विष्टसमेत वि. नेपाल सरकार, गृह मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत

सामान्यतया नेपालको नागरिक भएको हैसियतले नेपालको भू-भाग वा सिमानासम्बन्धी विषयमा उत्सुकता जाग्नु स्वाभाविक कुरा हो । आफ्नो राष्ट्रको सिमानासम्बन्धी विवादमा चासो सरोकार जनाई स्वतन्त्र रूपमा शान्तिपूर्वक भेला जम्मा हुने, स्वतन्त्र विचार राख्न पाउने अधिकार संविधान प्रदत्त अधिकार हो, जसलाई मौलिक हकको रूपमा राज्यले संरक्षण गरेको छ । नेपालको संविधानको भाग ३ धारा १७(२) मा रहेको व्यवस्थालाई हेर्दा, स्वतन्त्रताको हकअन्तर्गत: ***कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन*** भनी मौलिक हक प्रदान गरिएको छ । ऐ.(क) मा ***प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता*** तथा (ख) मा ***विनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता*** प्रदान गरेको पाइन्छ । तसर्थ, यी निवेदकहरूलाई पक्राउ गरी हिरासतमा राख्नेलगायतका कार्यहरू पूर्वाग्रह तथा प्रवृत्त भावना राखी भएको होइन भनी विश्वास गर्नुपर्ने अवस्था नदेखिँदा निजहरूको थुनालाई कानूनबमोजिम थुना मान्न सकिने अवस्था नरहने ।

राज्यका हरेक निकायका काम कारबाही संविधान, कानून एवम् न्यायिक मूल्य मान्यताअनुकूल हुनुपर्दछ । राज्यले कुनै नागरिकप्रति प्रवृत्त भावना राखेर व्यवहार गर्नु हुँदैन । कानूनी प्रक्रियामा व्यक्तिउपर गरिने व्यवहार न्यायिक, स्वच्छ र तर्कसङ्गत हुनुपर्दछ । मानिसका आधारभूत हक अधिकार हरहालतमा संरक्षण हुनुपर्दछ भन्ने मान्यतालाई मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले समेत आत्मसात् गरेका छन् । मानव अधिकारको विभिन्न अन्तरवस्तुमध्ये वैयक्तिक स्वतन्त्रताको विषय सर्वाधिक महत्त्वको विषय हो । नागरिकको मौलिक हकको हनन भएमा नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम सर्वोच्च अदालतले असाधारण क्षेत्राधिकार ग्रहण गरी उपयुक्त

आदेश जारी गरी नागरिकको मौलिक हकको प्रचलन गराउनु पर्दछ।

कुनै फौजदारी कानून प्रतिकूल कार्य (फौजदारी कसुरजन्य कार्य) भएको अवस्थामा आवश्यक अनुसन्धान, छानबिन गरी दोषीलाई कानूनको दायरामा ल्याउनु सम्बद्ध निकायहरूको कानूनी कर्तव्य हुन्छ भन्ने कुरामा विवाद छैन। अपराध नियन्त्रण गरी समाजमा शान्ति, व्यवस्था र अमनचैन कायम गर्नु सरकारको एउटा महत्त्वपूर्ण दायित्व पनि हो । यसका लागि न्यायिक प्रक्रिया अपनाउनु र अभियुक्तलाई नियन्त्रणमा राखी अनुसन्धान, छानबिन प्रक्रिया अगाडि बढाउनु आवश्यक पनि हुन्छ । तर अनुसन्धानको लागि हिरासतमा राख्नको लागि म्याद थप माग गर्दा र म्याद थप गर्दा उचित आधार र कारण हुनुपर्दछ। प्रस्तुत निवेदनमा यी रिट निवेदकहरूलाई अभद्र व्यवहारको कसुरमा जरूरी पक्राउ पुर्जी जारी गरी पक्राउ गरी म्याद थप गरी हिरासतमा राखेको भन्ने लिखित जवाफ भएकोमा निजहरूलाई थुनामै राखेर अनुसन्धान गर्नुपर्ने उचित आधार कारण देखाउन सकेको छैन भने म्याद थप मागेको पत्र र म्याद थपको आदेशमा समेत उल्लेख भएको देखिँदैन।

मूलत: गैरकानूनी रूपमा बन्दी बनाएका व्यक्तिलाई थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिन्छ । व्यक्तिको वैयक्तिक स्वतन्त्रता एवं मानव अधिकारको संरक्षणको लागि यो अपरिहार्य छ। कानूनी शासन व्यवस्थामा कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया पूरा नगरी कसैको पनि वैयक्तिक स्वतन्त्रतामा अङ्कुश लगाउन वा अपहरण गर्न पाइँदैन। वैयक्तिक स्वतन्त्रताको अधिकारबाट वञ्चित गर्दा कानूनले तोकेको उचित प्रक्रियाको अनिवार्य रूपमा अनुशरण गर्नुपर्ने हुन्छ । कानूनको उचित प्रक्रियाको अनुशरण नगरी वैयक्तिक स्वतन्त्रतामाथि लगाइएको अङ्कुशले न्यायिक वैधता प्राप्त गर्न सक्दैन। कुनै व्यक्तिलाई गैरकानूनी रूपमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी प्रवृत्त भावना राखेर बन्दी बनाइएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नु अदालतको समेत कर्तव्य बन्दछ।

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) मा ***बदनियत, प्रवृत्त भावना लिई, कानूनविपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखिएको देखिएमा*** र (ख) मा ***प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा*** अदालतले बन्दीलाई छोड्न आदेश दिन सक्ने छ भन्ने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत रीट निवेदनमा विनाआधार कारण केवल कुनै एउटा कसुरको नामसम्म उल्लेख गरी कागजी औपचारिकतासम्म पूरा गरेको देखाई निवेदकहरूलाई निरन्तर हिरासतमा राख्ने कार्यलाई निवेदकउपर प्रवृत्त धारणा राखी संविधान एवं कानूनविपरीत बन्दी बनाउने कार्य गरेको मान्नुपर्ने देखिन आउने।

अतः निवेदकहरू गोविन्द विष्ट, दयाराम लुवार, प्रदीपबाबु भट्टराई र मेघेन्द्र न्यौपानेलाई नेपालको संविधानको धारा १७(२)(क) र (ख) को हक अधिकार प्रयोग गर्दा पक्राउ गरी प्रवृत्त भावना राखी बन्दी बनाएको देखिँदा निवेदकहरूलाई उक्त गैरकानूनी थुनाबाट थुनामुक्त गरिदिनु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : उषा श्रेष्ठ

कम्प्युटर : हर्क माया राई

इति संवत् २०७६ साल मङ्सिर ६ गते रोज ६ शुभम्।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७६-WH-०२५८, बन्दीप्रत्यक्षीकरण,*

मोहनराम काठमाडौं जिल्ला अदालत, बबरमहल काठमाडौंसमेत

निवेदकले आफू वारदातको समय १६ वर्ष ७ महिनाको भई १८ वर्ष ननाघेको र निजलाई फैसलाबमोजिम लागेको जन्मकैद र रू.१०,७५,०००।- जरिवानामध्ये निज १७ वर्ष ४ महिना कैद बसिसकेको हुँदा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) तथा मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) बमोजिम दुई तिहाई सजाय हुने गरी संशोधित कैदी पुर्जी दिई कैदबाट मुक्ति दिलाई पाउँ भन्ने मुख्य निवेदन दाबी रहेकोमा सो सम्बन्धमा रहेको कानूनी व्यवस्थालाई हेर्दा, बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) मा ***सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसुरजन्य कार्य गरेको भए निजलाई कानूनबमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुने छ*** भन्ने र मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(४) मा ***सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसुर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानूनबमोजिम हुने सजायको दुई तिहाई सजाय हुने छ*** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यी निवेदक मोहन रामले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफ्नो उमेर १८ वर्ष भनी लेखाएको देखिन्छ । त्यस्तै गरी बरामदी मुचुल्का तथा निजले सुरू जिल्ला अदालतमा गरेको बयानमा समेत आफ्नो उमेर १८ वर्ष भनी उल्लेख गरेको देखिँदा निज १८ वर्षमुनिको बालक रहेको हो भन्ने बेहोरा पुष्टि हुन आएन । यसरी वारदात हुँदा नै यी निवेदक १८ वर्षको देखिँदा उपर्युक्त कानूनबमोजिमको दुई तिहाई सजायको छुट यी रिट निवेदकले प्राप्त गर्न सक्ने अवस्था नदेखिने ।

बन्दीप्रत्यक्षीकरणको आदेश मूलत: गैरकानूनीरूपमा बन्दी बनाएका व्यक्तिलाई थुनाबाट मुक्त गरी व्यक्तिको वैयक्तिक स्वतन्त्रता एवं मानव अधिकारको संरक्षण गर्ने हेतुले जारी गरिने आदेश हो । कानूनको उचित प्रक्रिया पूरा नगरी वा प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्थामा यो आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गर्नु अदालतको समेत कर्तव्य बन्दछ । तर प्रस्तुत निवेदनको सन्दर्भमा हेर्दा, यी निवेदक मोहन रामले वारदात मितिमा आफू नाबालक रहेको भनी जिकिर लिएको भए तापनि सो जिकिरलाई पुष्टि हुने आधिकारिक प्रमाण पेस गर्न नसकेको तथा निजले मौकामा र अदालतसमक्षको बयानमा समेत आफू १८ वर्षको भनी उल्लेख गरेको देखिएको, अभियोगपत्रमा पनि निजको उमेर १८ वर्ष उल्लेख भएकोसमेतका आधार कारणबाट यी निवेदक वारदात मिति २०५९।०६।१६ मा १८ वर्ष पुगेको तथ्य निर्विवाद रूपमा स्थापित भइरहेको देखिएबाट निवेदकको माग कानूनसङ्गत नदेखिने ।

अतः माथि विवेचित आधार, कानून र प्रमाणबाट सक्षम अदालतले फैसला कार्यान्वयनको निमित्त कानूनबमोजिमको प्रक्रिया अपनाई कैदी पुर्जी दिई थुनामा राखेको कार्य गैरकानूनी नदेखिँदा निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनसक्ने देखिएन । तसर्थ, प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : उषा श्रेष्ठ

कम्प्युटर : समी नेपाली

इति संवत् २०७६ साल फाल्गुण ११ गते रोज १ शुभम् ।

३

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री कुमार रेग्मी, *०७६-WH-०२८५, बन्दीप्रत्यक्षीकरण, अर्जुनकुमार बोहोरा क्षेत्री वि. महानगरीय प्रहरी वृत्त, कालिमाटी, काठमाडौंसमेत*

विपक्षीहरूले निवेदकलाई पक्राउ गरेको कार्यलाई कानूनबमोजिमको कार्य साबित गर्न निवेदक वृहस्पति पौडेलले मिति २०७६।११।८ गते कालिमाटी

स्थित सार्वजनिक सडकमा **आफ्नो पार्टीको बारेमा झुकापमा पार्न खोजी अभद्र व्यवहार गरेको भन्ने**समेत लिखित जवाफमा उल्लेख गरेको भए पनि यी निवेदकको के कुन कार्यले कसलाई कसरी अभद्र व्यवहार गरेका हुन् भन्ने सम्बन्धमा तथ्यगत रूपमा कुनै आधार प्रस्तुत गर्न सकेको देखिँदैन। निवेदकलाई पक्राउ गरिएको वारदातस्थलमा जरूरी पक्राउ पुर्जी नै जारी गरी पक्राउ गर्नुपर्ने के त्यस्तो अवस्था थियो वा निवेदकले के कस्तो प्रमाण नष्ट गर्ने सम्भावना थियो भनी देखाउन नसकेबाट शान्तिपूर्वक राजनीतिक दलको विचारधारा र कार्यक्रमको प्रचार प्रसार गरेको भए पनि निवेदकलाई गरिएको पक्राउसमेत कानूनसम्मत देखिन नआउने।

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ मा ***"अदालतले देहायको अवस्थामा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सक्ने छः-***

(क) बदनियत, प्रवृत्त भावना लिई, कानूनविपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखिएको देखिएमा

(ख) प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा" भन्ने कानूनी व्यवस्था रहेको छ।

प्रस्तुत रिट निवेदनमा निवेदकलाई फरक राजनीतिक विचार र आस्थाका कारण मात्र केवल एउटा कुनै कसुरको नामसम्म उल्लेख गरी कागजी औपचारिकतासम्म पूरा भएको देखाई जरूरी पक्राउ पुर्जीमा र म्याद थप अनुमति माग गर्दा तथा जिल्ला प्रशासन कार्यालयबाट निवेदकलाई हिरासतमा राख्ने म्याद थप अनुमति दिँदासमेत अनुसन्धान गर्दा निवेदकलाई थुनामा नै राख्नुपर्ने वस्तुनिष्ठ आधार र कारणसमेत उल्लेख गरेको नदेखिँदा प्रत्यर्थीहरूले निवेदकउपर प्रवृत्त धारणा राखी निवेदकलाई कानूनविपरीत थुनामा राखेको देखिने।

अत: माथि विवेचित तथ्य आधार र कारणसमेतबाट निवेदक वृहस्पति पौडेललाई पक्राउ गर्न जरूरी पक्राउ पुर्जी जारी गर्दा तथा म्याद थप गर्दासमेत मनासिब आधार र कारण खुलाएको नदेखिँदा प्रत्यर्थीहरूले निज वृहस्पति पौडेललाई राखेको थुना कानूनसम्मत भन्न मिल्ने नदेखिँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम प्रत्यर्थीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत : भगवती शर्मा ढुङ्गाना
कम्प्युटर : समी नेपाली
इति संवत् २०७६ साल फागुन १८ गते रोज १ शुभम्।

इजलास नं.५

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७१-CI-१३८६, अंश चलन, कृष्ण श्रेष्ठसमेत वि. तुलसीमाया श्रेष्ठ*

वादी प्रतिवादीहरूबिच नातामा विवाद नभएको तथा मिति २०३९।१२।०१ देखि नै आ-आफ्नो खति उपति गरी आई आ-आफ्नो नाममा छुट्टाछुट्टै सम्पत्तिहरू राखी भोगचलनसमेत गर्दै आएको भन्ने प्रतिउत्तर तथा पुनरावेदन जिकिर लिएको भए पनि कानूनबमोजिम मानो छुट्टिएको लिखत भएको भन्ने कुनै कागज प्रमाण पेस भएको देखिएन। प्रमाणको अभावमा उल्लिखित मितिमा निजहरूबिच चुलो मानो छुट्टिएको भनी लिएको प्रतिउत्तर जिकिर मानो छुट्टिएको लिखत रजिस्ट्रेसन पारित गराएको वा सोको प्रमाण पेस गर्न सकेको नदेखिएकोले पत्यारलायक हुने नहुने।

मुलुकी ऐन, रजिस्ट्रेसनको महलको १ नं. मा ***लिखत अचल सम्पत्ति भएकाको मानु छुट्टिएको वा मानु जोरिएको लिखत र अरू गैह्र अचल सम्पत्तिको देहायमा लेखिएबमोजिमको लिखत गर्दा गराउँदा रजिस्ट्रेसन गराउनुपर्छ*** भनी ***अंशबन्डाको लिखत***लाई समेत उल्लेख गरी कानूनी प्रबन्ध गरेको पाइन्छ। ने.का.प. २०६० अङ्क ०९ नि.नं. ७२६५ मा सर्वोच्च अदालतको पूर्ण इजलासबाट ***"मानो छुट्टिएको वा जोडिएको कुराको लिखत पारित नै हुनुपर्ने रजिस्ट्रेसनको १ नं. को व्यवस्थालाई अंशबन्डाको ३० नं. ले अन्यथा गरेको भन्न नसकिने"*** भनी प्रतिपादन भएको सिद्धान्तसमेतबाट मानो छुट्टिएको लिखतले मान्यता प्राप्त गर्नको लागि सोको रजिस्ट्रेसन पारित भएको हुनुपर्नेमा प्रतिवादीहरूले रजिस्ट्रेसन पारित गराएको लिखत प्रमाणको रूपमा पेस गर्न सकेको नदेखिने।

ने.का.प. २०४५, अङ्क १२, नि.नं. ३६६८ मा सर्वोच्च अदालतको पूर्ण इजलासबाट ***"तायदातीमा देखाएको जग्गा प्रतिवादीले निजी आर्जन गरेको भन्ने कुराको प्रतिवादीले कुनै लिखत प्रमाण देखाउन नसकेको स्थितिमा वादीले अंश पाउँदैन भन्न न्यायको दृष्टिमा नमिल्ने"*** भनी प्रतिपादन भएको सिद्धान्तसमेतबाट तायदातीमा उल्लिखित सम्पत्तिहरू निजी आर्जनको भएको र हा.ब. बाट प्राप्त गरेको भन्ने पुनरावेदन जिकिर रहेको भए पनि कुन के बेहोराबाट निजी आर्जन हो ? भनी प्रमाणित गर्नुपर्ने दायित्व निजी भनी दाबी गर्नेकै हुन आउँछ। तायदातीमा बन्डा नलाग्ने भनी जिकिर लिएको सम्पत्ति निजी आर्जनबाट नै खरिद गरेको हो भन्ने कुरा प्रमाणित हुनुपर्ने हुन्छ।

प्रतिवादीहरूले व्यापार व्यवसाय गरी प्राप्त गरेको आय आर्जनबाट खरिद गरेको भन्ने जिकिर लिएको भए पनि उल्लिखित व्यापार व्यवसायबाट कुन कुन वर्षमा के कति आम्दानी भएको ? सोही निजी आर्जनबाट नै उल्लिखित जग्गाका कित्ताहरू खरिद गरेको हो भन्ने स्पष्ट तथ्यगत प्रमाण मिसिल सामेल रहेको पाइएन। यसर्थ पुनरावेदनमा जिकिर लिएका जग्गाहरू निजी आर्जनकै हुन् भन्न सक्ने अवस्था नदेखिएको अवस्थामा मुलुकी ऐन, अंशबन्डाको १८ नं. मा ***"मानो नछुट्टी सँगै बसेका अंशियार छन् भने अंशियारहरूले कमाएको धन र लागेको ऋण सबै अंशियारमा भाग लाग्छ"*** भन्ने व्यवस्थाले एकासगोलमा रहिरहेको अवस्थामा अंशियारहरूले कमाएको धन र अंशियारहरूलाई लागेको ऋणसमेत अंशियारहरूबिचमा भाग लाग्ने देखिँदा एकासगोलमा रही बसिरहेका परिवारका सदस्यले गरेको आर्जनबाट खरिद गरेको जग्गामा फिरादीको अंश भाग लाग्दैन भन्न नमिल्ने।

तायदातीमा उल्लिखित केही जग्गाहरू बकसबाट प्राप्त गरेको भन्ने पुनरावेदन जिकिर रहेतर्फ विचार गर्दा, मिसिल सामेल हालैदेखिको बकसपत्रको दुईवटा लिखतका प्रतिलिपिहरू हेर्दा एउटामा प्रतिवादी कृष्ण श्रेष्ठले वर्ष ४५ देखि वर्ष ८१ सम्मका नौ (९) जना फरक व्यक्तिहरूबाट एकै लिखतमार्फत जग्गा बकस प्राप्त गरेको र अर्को लिखतमा अर्का प्रतिवादी राम श्रेष्ठले वर्ष २४ देखि वर्ष ५५ सम्मका चार (४) जना छुट्टै घर परिवारका फरक फरक व्यक्तिहरूबाट एकै लिखतमार्फत जग्गा बकस प्राप्त गरेको देखिन्छ। बकस भनेको कुनै व्यक्तिले कसैलाई स्याहार सुसार गरी वा पालनपोषण गरी वा अन्य तवरले रिझाएबापत वा पारिवारिक स्नेह वा अनुरागको कारण आफ्नो हक र स्वामित्व पुग्ने सम्पत्ति इनाम, पुरस्कार वा बक्सिसको रूपमा त्यस्तो व्यक्तिलाई निःशुल्क रूपमा दिने हो। तर, यी प्रतिवादीहरूले कोही एक जनाबाट नभई धेरै व्यक्तिहरूबाट तथा आफूभन्दा निकै कम उमेरका व्यक्तिहरूसमेतबाट एउटै लिखतमार्फत बकस प्राप्त गरेको देखिँदा एक व्यक्तिले त्यति धेरै दाताहरूलाई कसरी, के कुन बेहोराले, कहिले, के गरी रिझाए वा स्याहार चाकर गरे वा पालनपोषण

गरे वा खुसी तुल्याए वा कस्तो योगदान गरेर बकस प्राप्त गरे भनी लिखतमा कुनै बेहोरा उल्लेख भएको पाइँदैन । मिसिल सामेल बकसपत्रको लिखतको विवेचना गर्दा दाताहरूले विपक्षीहरूलाई बकस दिनुपर्ने कुनै कारण तथा औचित्य नरहेको र अन्य अंशियारलाई अंश हकबाट वञ्चित गर्न मात्र बकसपत्रको लिखत गरिएको। ने.का.प. २०६९ अङ्क ३ नि.नं. ८७८८ मा सर्वोच्च अदालतको संयुक्त इजलासबाट ***"लिखतमा बकसपत्र शब्द प्रयोग गर्दैमा त्यसमा उल्लिखित सम्पत्ति स्वतः बन्डा नलाग्ने प्रकृतिमा पर्ने होइन। तर बकसपत्र दाता र प्राप्तकर्ताको सम्बन्ध, बकसपत्र दिनुपर्ने कारणको औचित्यको प्रामाणिक विश्लेषण गरी निष्कर्ष निकाल्नुपर्ने हुन्छ"*** भनी प्रतिपादित सिद्धान्तसमेतबाट बकसतर्फको जिकिर रहेका जग्गाहरूमा एकासगोलका अन्य अंशियारको बन्डा नलाग्ने भन्न मिल्ने नमिल्ने।

पुनरावेदक प्रतिवादीहरूले बन्डा गर्नु नपर्ने भनी जिकिर लिएको तायदातीमा उल्लिखित जग्गाहरू मानो छुट्टिई भिन्न हुनुअघि यी वादी प्रतिवादी एकासगोलमा रहे बसेको अवधिमा नै प्राप्त गरेको देखिँदा फिरादीलाई बन्डा नलाग्ने भन्ने कथनसँग सहमत हुन सकिएन। यसर्थ, तायदातीमा उल्लिखित सम्पत्तिलाई तीन खण्डको एक खण्ड अंश प्रतिवादीबाट वादीले पाउने ठहर गरेको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनबाट भएको फैसला सो हदसम्म मिलेकै देखिने।

व्यवसाय तथा घर व्यवहार सञ्चालन गर्न बैंक तथा व्यक्तिहरूसँग ऋणसमेत लिएको भन्ने प्रतिउत्तर जिकिर एवं तायदातीमा समेत उल्लेख गरिएको ऋणतर्फ विचार गर्दा, व्यक्तिगत ऋणको हकमा साहुको नालेस परेका बखत ठहरेबमोजिम हुने नै हुँदा सोतर्फ यहाँ विवेचना गरिरहनुपरेन। बैंकबाट लिएको ऋणतर्फ विचार गर्दा, फिराद परेको मिति २०६९।०१।०७ लाई मानो छुट्टिएको मिति कायम गरेपश्चात् एन.एम.बी. बैंक बबरमहलबाट मिति २०६६।०८।३० मा विपक्षी कृष्ण श्रेष्ठ नामको जग्गा धितो राखी लिएको ऋण सगोलमा हुँदा लिएको र सो अन्यथा प्रमाणित नभएसम्म सगोलमा नै खर्च भएको मान्नुपर्ने हुन्छ। मिसिल संलग्न कागजातबाट सो ऋण रकम सगोलमा खर्च नगरी अन्य व्यक्तिगत प्रयोजनको लागि खर्च भएको भन्ने प्रमाणित हुन नआएको हुँदा सो ऋण पनि सगोलका सबै अंशियारलाई भाग लाग्नुपर्ने देखिने।

मानो नछुट्टी सँगै बसेका अंशियार छन भने अंशियारहरूले कमाएको धन र लागेको ऋण सबै अंशियारमा भाग लाग्छ भन्ने मुलुकी ऐन, अंशबन्डाको १८ नं. को व्यवस्थाअनुसार एकासगोलमा रहँदाको अवस्थामा बैंकबाट लिए खाएको प्रमाणित ऋण अंशियारहरूबिच दामासाहीले जनही भाग लगाइदिनुपर्नेमा एकासगोलमा रहँदा लागेको एन.एम.बी. बैंकको पुष्टि भएको ऋणतर्फ केही विवेचना नगरी धितो बन्धक रहेका सम्पत्तिका हकमा ऋण चुक्ता भएपछि अंश पाउने ठहऱ्याई भएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६९।१२।०५ को फैसला र सोलाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।०७।२३ को फैसला सो हदसम्म मिलेको देखिने।

तायदातीमा उल्लेख भएबमोजिम एकासगोलमा रहँदाको अवस्थामा एन.एम.बी. बैंक, बबरमहलबाट मिति २०६६।०८।३० जग्गा धितो राखी लिएको साँवा रू.२०,००,०००।०० (अक्षरूपी बिस लाख रूपैयाँ) र सो ले बढे बढाएको ब्याजसमेतको कूल ऋण रकमसमेत एकासगोलमा रहँदा लिए खाएको ऋण भएकोले तीन अंशियार रहेका यी वादी प्रतिवादीहरूबिचमा बराबर जनही भाग लाग्ने देखिन्छ।

वादीले प्रतिवादीबाट तायदातीमा उल्लिखित जग्गाको ३ खण्डको १ खण्ड अंश पाउने ठहर गरी गरेको ललितपुर जिल्ला अदालतको मिति २०६९।१२।०५ को फैसलालाई सदर गर्ने गरी

पुनरावेदन अदालत पाटनबाट मिति २०७१।०७।२३ मा भएको फैसला एकासगोलमा रहँदाको अवस्थामा बैंकबाट लिए खाएको प्रमाणित रहेको ऋण रकम साँवा रू. २०,००,०००।०० (अक्षरूपी बिस लाख रूपैयाँ) र सो ले बढे बढाएको ब्याजसमेतको कूल ऋण रकम अंशियारहरूबिच दामासाहीले जनही भाग लगाइदिनुपर्नेमा सो भाग नलगाएको हदसम्म मिलेको नदेखिँदा सुरू तथा पुनरावेदन अदालतको फैसला केही उल्टी भई उक्त ऋणसमेत अंशियारहरूबिच दामासाहीले भाग लाग्ने ठहर्ने।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल फाल्गुन ११ गते रोज १ शुभम्।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा, *०७४-CI-०८९३, नामसारी निर्णय बदर दर्ता बदर, लक्ष्मीदेवी अहिरीन वि. वकिलप्रसाद यादव*

मालपोत कार्यालयबाट मिति २०६४।०३।०५ मा भएको नामसारीसम्बन्धी निर्णयमा किसुनदेवको नाममा दर्ता रहेको तीन कित्ता जग्गाहरू साबिक कि.नं. ३१, ५४ र ६० (हालको कि.नं. ६० साबिक कि.नं. ६८ लाई सुधार गरी कायम भएको) मध्ये कि.नं. ३१ कित्ताकाट भई कायम कि.नं. ६१ ज वि ०-०-२-८, कि.नं. ५४ कित्ताकाट भई कायम कि.नं. १४० ज वि ०-२-० र कि.नं. ६० कित्ताकाट भई कायम कि.नं. १४२ ज वि ०-४-१३-५$^{१}/_{२}$ प्रतिवादीका बाबु विद्यानन्द रायको नाममा नामसारी दा.खा. दर्ता भएको । साथै, कि.नं. ३१ कित्ताकाट भई कायम कि.नं. ६२ ज वि ०-०-१-४, कि.नं. ५४ कित्ताकाट भई कायम कि.नं. १४१ ज वि ०-१-०, कि.नं. ६० कित्ताकाट भई कायम कि.नं. १४३ ज वि ०-२-६-१०$^{१}/_{२}$, वादीका पति महानन्दको नाममा नामसारी भएको देखिन्छ । उल्लिखित मालपोतको निर्णयबाट तीन कित्ता जग्गालाई जम्मा तीन भाग लगाई दुई भाग विद्यानन्दको नाममा र एक भाग महानन्दको नाममा नामसारी दा.खा. दर्ता भएको अवस्था रहेको।

२०५० सालको दे.नं. २१११ को फैसलालाई सदर गरेको सर्वोच्च अदालतको मिति २०६०।०३।०९ को फैसलामा किसुनराय र विद्यानन्द एकासगोलमा भई पैतृक सम्पत्तिमा दुईभाग गरी अंश लाग्ने भनी उल्लेख भएको साथै विवादका यी तीन कित्ता जग्गासमेत बन्डा हुने सम्पत्ति भनी सो फैसलाको तपसिल खण्डमा उल्लेख भएको अवस्था छ। यसबाट प्रस्तुत मुद्दामा उल्लिखित विवादको किसुनरायको नामको तीन कित्ता जग्गाहरू किसुनराय र विद्यानन्दको नाममा अंश लाग्ने सम्पत्ति भएको र किसुनरायले दिएको अधिकारपत्रबमोजिम किसुनरायको हक लाग्ने जग्गा निज वादी लक्ष्मीदेवीको हक कायम हुने।

फिरादीका ससुरा किसुन रायका दुईजना छोराहरू रहेकोमा फिरादीका पति महानन्दले बाबु किसुन रायसँग अंश मुद्दा गरी मिति २०४७।०१।३० मा भएको फैसलाबमोजिम २०५१।०२।१८ मा अंश छुट्याई लिइसकेको। जम्मा तीन एक अंशियारले अंश भाग छुट्याई लिइसकेपश्चात् बाँकी रहेको सम्पत्तिमा एकासगोलमा रहेका दुई अंशियार विद्यानन्द र किसुन रायको मात्र हक कायम हुनेमा किसुन रायले र.नं. ६९१३ मिति २०५१।०१।२९ गते आफ्नो हकको सम्पत्ति खान पाउने गरी अधिकारपत्रको लिखत लक्ष्मीदेवीको नाउँमा रजिस्ट्रेसन पारित गरिदिएको अवस्था रहेकोले परलोक भइसकेका किसुन रायको हकको सम्पत्तिमा यी वादी लक्ष्मीदेवीको हक लाग्ने।

मालपोत कार्यालय, बाराको मिति २०६४।०३।०५ को निर्णय हेर्दा किसुन रायका नाममा दर्ता रहेका तथा २०५० सालको दे.नं. २१११ मुद्दाको फैसलाको तपसिल खण्डमा बन्डा लाग्ने भनी उल्लिखित विवादका यी कि.नं. ३१, ५४ र ६० को जग्गाहरू कित्ताकाट गरी तीन भागमध्ये दुई भाग निवेदक विद्यानन्दको नाममा तथा एक भाग

मिति २०५१।०२।१८ मा नै आफ्नो अंश बुझी अलग बसेका महानन्दको नाममा जग्गा कित्ताकाट नामसारी दा.खा. दर्ता गरेको अवस्था देखिन्छ । उल्लिखित विवादका तीन कित्ता जग्गाहरूमा हाल दुई अंशियार मात्र देखिएकोले दुई बराबर भागमा बन्डा गरी एक भाग जग्गा यी वादीका नाममा नामसारी गर्नुपर्नेमा सो नगरी भएको मालपोतको २०६४।०३।०५ निर्णय मिलेको नदेखिने।

मालपोत कार्यालयले निर्णय गर्दा किसुन राय र विद्यानन्द एकासगोलमा रहेकोमा पछि छुट्टिई किसुनरायले विद्यानन्दलाई अंश मुद्दा दायर गरी दुई भाग लगाएकोमा महानन्दलाई समेत जोडेर एक भाग लागिसकेको भनी गलत अर्थ लगाई एक भाग किसुनरायको र २ भाग विद्यानन्दको भनी ३ भाग लगाएर गरेतर्फ जिल्ला अदालत र पुनरावेदन अदालतले फैसला गर्दासमेत ध्यान नपुऱ्याई दर्ता बदर हुन नसक्ने भनी भएको फैसला मिलेको मिलेको नदेखिने।

आफ्ना ससुराको हकमा रहेको सम्पत्तिमा ससुरा किसुन रायबाट प्राप्त गरेको अधिकारपत्रमार्फत यी वादीको हक हुने र बकस प्राप्त सो सम्पत्तिमा निजको निजी हक कायम हुने हुँदा उल्लिखित जग्गा नामसारी दा.खा. दर्ताको निर्णय गर्दा विद्यानन्द रायले दिएको निवेदनमा ***निज लक्ष्मीदेवी अहिरिनको अंशको जग्गा छाडी*** भन्ने बेहोरा उल्लेख भएकोमा लक्ष्मीदेवीको नाममा कुनै जग्गा नछुट्याई तीन भागको दुई भाग विद्यानन्द र एक भाग निवेदनमा उल्लेख नै नगरिएका वादीका पति महानन्दको नाममा नामसारी दा.खा. गरिदिएको मालपोतको निर्णय बदरभागी रहेको।

मालपोत कार्यलयबाट भएको मिति २०६४।०३।०५ को नामसारी निर्णय त्रुटिपूर्ण भई उक्त निर्णय तथा दर्तासमेत बदर गरी विवादका जग्गाहरू कि.नं. ३१, ५४ र ६० का जम्मा जग्गा क्षेत्रफललाई नरमगरम मिलाई दुई बराबर भाग लगाई हाल कायम दुई अंशियारहरूबिचमा एक एक भाग दर्ता कायम हुने भएकोले वादी लक्ष्मीदेवी अहिरिनको नाममा एक भागसम्म जग्गा नामसारी दा.खा. दर्ता हुने हुँदा उल्लिखित सम्पूर्ण जग्गाको नामसारी निर्णय बदर र दा.खा. बदर गरिपाउँ भन्ने सुरू फिराद जिकिर तथा उल्लिखित जग्गाको प्रत्येक कित्तामा ३ भाग गरी विद्यानन्दले नामसारी दा.खा. गराई लिएको २ भाग जग्गामा मेरो पनि हक भएको भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्ने देखिँदैन।

अत: माथि प्रकरणहरूमा विवेचना गरिएको आधार र कारणहरूसमेतबाट मालपोत कार्यालय बाराको मिति २०६४।०३।०५ को नामसारी दा.खा. निर्णय दर्ता बदर गरी आफ्नो नाममा जग्गा दा.खा. दर्ता गरिपाउँ भन्ने फिराद दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू बारा जिल्ला अदालतबाट मिति २०७०।११।२० मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।२७ को फैसला मिलेको नदेखिँदा उल्टी भई मालपोत कार्यालयको मिति २०६४।०३।०५ को नामसारी दा.खा. निर्णय दर्ता बदर हुने र विवादका कित्ता नं. ३१, ५४ र ६० को जग्गालाई नरमगरम मिलाई दुई बराबर भाग लगाई सोमध्येको एक भाग किसुन रायको भागको जग्गा वादी लक्ष्मीदेवी अहिरिनको नाममा दा.खा. दर्ता हुने।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर : रवि दुवाल

इति संवत् २०७६ साल फागुन १३ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७४-CR-०८९२, लिखित दर्ता बदर, श्रीमती लक्ष्मीदेवी अहिरिन वि. विहारी राउत कुर्मी
- ०७४-CR-१२६२, जालसाजी, लक्ष्मीदेवी अहिरिन वि. वीरेन्द्र राय यादवसमेत

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७३-WO-०२०६, उत्प्रेषण खगेन्द्रराज जोशी वि. राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, पुल्चोकसमेत*

राष्ट्रिय मानव अधिकार आयोगबाट मिति २०७३।२।१८ गते प्रकाशित पदपूर्तिसम्बन्धी विज्ञापन सूचनामा सि.नं. १ देखि ६ सम्मका पदहरूमा खुल्लालगायत महिला, आदिवासी / जनजाति, दलित जस्ता समावेशी समूहमा समेत पदसंख्या छुट्याई कूल ३१ (एकत्तिस) पदसंख्यामा विज्ञापन गरिएको तथा सि.नं. ७ देखि ९ सम्मका विभिन्न तीनवटा पदको २७ (सत्ताइस) पद संख्यामा समान तह / पदमा आन्तरिक प्रतियोगिताका लागि विज्ञापन प्रकाशित गरिएको मिसिल संलग्न उक्त मितिमा प्रकाशित पदपूर्ति विज्ञापनको प्रतिलिपिबाट देखिने।

राष्ट्रियमानव अधिकार आयोगका कर्मचारीको सेवा, सर्त तथा सुविधासम्बन्धी नियमावली, २०७२ (प्रथम संशोधन) को नियम ९ को उपनियम (१), (२) र (९), नियम १२ को उपनियम (५), नियम १४ को खण्ड (ग) को उपनियम (२) को व्यवस्था बदर घोषित गरिपाउँ भन्ने निवेदन मागको सन्दर्भमा, राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, सर्त तथा सुविधासम्बन्धी नियमावली, २०७२ मा मिति २०७४।०८।०८ गते दोस्रो संशोधन तथा २०७४।१२।२५ मा तेस्रो संशोधनमार्फत निवेदन मागबमोजिम नै नियमावलीको नियम ९ को उपनियम (१) र (२) मा संशोधन गरी कार्यक्षमता तथा आन्तरिक बढुवाका लागि पर्याप्त उम्मेदवार नपुगेको अवस्थामा उम्मेदवार नपुगेका बाँकी पदहरू खुलातर्फ जोडी पदपूर्ति गर्न सकिने छ भन्ने व्यवस्था कायम गरी खुल्ला पदपूर्तिलाई प्राथमिकतामा राखेको पाइन्छ। यसैगरी नियम ९ को उपनियम (९), नियम १२ को उपनियम (५), नियम १४ को खण्ड (ग) को उपनियम (२) का व्यवस्थाहरूलाई उल्लिखित दोस्रो तथा तेस्रो संशोधनद्वारा खारेज गरिसकेको अवस्था भई निवेदन माग सम्बोधन भइसकेको अवस्था देखिँदा प्रस्तुत रिट निवेदनको प्रयोजन समाप्त भइसकेको हुँदा मागबमोजिमको कुनै आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने।

राष्ट्रिय मानव अधिकार आयोगबाट मिति २०७३।०२।१८ मा प्रकाशित विज्ञापन रद्दको निवेदन जिकिरतर्फ विचार गर्दा, लोक सेवा आयोगसमेतको पूर्ण संलग्नतामा नियमावलीअनुसार नै सो पदपूर्तिसम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गरी मानव अधिकार आयोगको मिति २०७३।०७।०९ को निर्णयानुसार सफल उम्मेदवारहरूलाई स्थायी नियुक्ति दिई पदस्थापनासमेत गरिसकिएको भनी विपक्षी राष्ट्रिय मानव अधिकार आयोग पदपूर्ति समितिको लिखित जवाफमा उल्लेख भएको देखिन्छ। यसप्रकार प्रकाशित विज्ञापनअनुसार परीक्षा सम्पन्न भई पदपूर्तिसम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गरी नियुक्ति प्राप्त गरिसकेका कर्मचारीहरूको नियुक्तिलाई चुनौती दिएको नदेखिँदा त्यसरी हक सिर्जना भइसकेको व्यक्तिहरूलाई सुनुवाइको मौका नदिई निजहरूको हकमा प्रतिकूल असर पुग्ने गरी रिट जारी हुन सक्ने अवस्था नरहने।

अत: माथि विवेचित आधार र कारणहरूसमेतबाट राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०७२ मा मिति २०७४।०८।०८ गते दोस्रो तथा मिति २०७४।१२।२५ मा तेस्रो संशोधनमार्फत खुला पदपूर्ति प्रक्रिया सम्बन्धमा साबिकमा भएका प्रावधानहरूलाई संशोधन / खारेज गरी रिट निवेदकले निवेदनमा जिकिर लिएको माग दाबी सम्बोधन भइसकेको तथा उल्लिखित पदपूर्तिसम्बन्धी सम्पूर्ण कामकारबाही सम्पन्न भई नियुक्ति प्राप्त गरिसकेका व्यक्तिहरूउपर कुनै जिकिर लिएकोसमेत नदेखिँदा निवेदन मागबमोजिम कुनै आदेश जारी गरिरहनु

परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : विकास बस्नेत

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल माघ ६ गते रोज २ शुभम्।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७५-CR-१०२४, *लागु औषध (ब्राउन सुगर), नेपाल सरकार वि. गोविन्द गैरे*

प्रतिवादीबाट मौकामा बरामद लागु औषधको परिमाण २ ग्राम ११० मिलिग्राम भएको भन्ने अभियोग दाबी रहिरहेकोमा अदालतसमक्ष भएको प्रतिवादीको बयानमा १ ग्राम ८०० मिलिग्राम उल्लेख भएको देखिँदा बरामद लागु औषधको परिमाणमा विवाद रहेको देखिए पनि आफ्नो साथबाट लागु औषध ब्राउन सुगर बरामद भएकोमा अनुसन्धान तथा अदालतमा समेत यी प्रतिवादी साबित रहेकोले सो तथ्यमा कुनै विवाद देखिँदैन । प्रतिवादी गोविन्द गैरेको घरकोठा खानतलासी गर्दा लागु औषधसँग प्रमाण लाग्ने कुनै चिजवस्तु फेला नपरेको भन्ने घर खानतलासी बरामदी मुचुल्का मिसिल सामेल रहेबाट उल्लिखित परिमाणको लागु औषधबाहेक अभियोग दाबीअनुरूप सोको बिक्री वितरणसँग सम्बद्ध नापतौलका सरसामानलगायत सोमा प्रमाण लाग्ने अन्य कुनै चिजवस्तु फेला नपरेको एवं लागु औषध बिक्री गर्दै गरेको अवस्थामा निज पक्राउ परेको अवस्थासमेत नरहनुका साथै बिक्री वितरण गरेको देख्ने वा थाहा पाउने कुनै साक्षी पेस भएको अवस्था रहेको देखिँदैन । साथै, निज प्रतिवादीबाट लागु औषध खरिद गर्ने गरेका कुनै व्यक्ति रहे भएको कुनै प्रमाण प्रस्तुत हुन नसकेको अवस्थामा उल्लिखित परिमाणको लागु औषध बरामद भएकै आधारमा अभियोग दाबीअनुरूप बिक्री वितरणतर्फ कसुर स्थापित गर्न सक्ने नदेखिने।

प्रतिवादीको साथबाट बरामद भएको लागु औषध बिक्री वितरण गर्ने उद्देश्यले लिई आएका हुन् भन्ने अभियोग दाबी भए पनि प्रतिवादीले अदालतमा बयान गर्दा सेवन प्रयोजनको लागि लिई आएको भन्ने बेहोरा उल्लेख गरेको अर्थात् बरामद भएको लागु औषधको मात्रा, यो यसलाई यस रीतबाट बिक्री गर्ने भन्ने पनि वादी पक्षले खुलाउन नसकेको तथा बिक्री गर्दाकै अवस्थामा पक्राउ पनि नभएको, नाप तौलका सामग्री केही बरामद नभएकोसमेतका आधारमा प्रतिवादीले सेवनबाहेकको अन्य प्रयोजनका लागि लिई आएको भन्ने पुष्टि हुन सकेको देखिँदैन। बरामद भएको लागु औषध रू.१,५००।- मा सेवन गर्नको लागि खरिद गरेको भन्ने प्रतिवादीको भनाइ रहेको देखिन्छ भने वादी नेपाल सरकारले बिक्री वितरणतर्फको अभियोग दाबीलाई ठोस रूपले पुष्टि गर्न नसकेको अवस्थामा सर्वोच्च अदालतबाट लागु औषध मुद्दामा (ने.का.प.२०६४, अङ्क ३, नि.नं.७८२९) प्रतिवादी गोविन्द गैरेलाई बरामद लागु औषध बिक्री वितरणको लागि नै भएको भन्ने प्रमाणको अभावमा सो ठहर्न सक्ने अवस्था नहुँदा लागु औषध सेवनतर्फ ठहऱ्याई भएको उच्च अदालत बुटवल इजलासको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, मिसिल सामेल कागज प्रमाण तथा माथि विवेचित आधार कारणबाट प्रतिवादी गोविन्द गैरेले अदालतमा गरेको बयान, बरामदी लागु औषधको परिमाणसमेतको आधारमा सेवनतर्फ सजाय गर्नुपर्नेमा निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम ५ (पाँच) वर्ष कैद र रू. ५,५५०।- (पाँच हजार पाँच सय पचास रुपैयाँ) जरिवाना हुने ठहऱ्याई मिति २०७४।१२।०७ मा भएको रूपन्देही जिल्ला अदालतको फैसला केही उल्टी गरी निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम १ (एक) वर्ष कैद ठहर गरेको उच्च अदालत तुलसीपुर, बुटवल

इजलासको मिति २०७५।०३।२६ फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत : विकास बस्नेत

इति संवत् २०७७ साल जेठ १८ गते रोज १ शुभम्।

इजलास नं.६

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी., *०७३-CR-१०८६, सवारी अङ्गभङ्ग, नेपाल सरकार वि. मिलन थपलिया*

प्रस्तुत मुद्दाको अभियोग दाबी हेर्दा प्रतिवादी मिलन थपलियाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) को कसुर गरेको भन्ने दाबी लिइएको छ। उक्त ऐनको दफा १६२(१) मा चालकले बदनियत राखी सवारी साधनको प्रयोग गरी कसैलाई किची वा ठक्कर दिई उसको अङ्गभङ्ग गरिदिएमा अङ्गभङ्गको मात्रा र गम्भीरताअनुसार चालकलाई सजाय हुने भन्ने व्यवस्था गरेको छ। मिसिल अध्ययनबाट यी प्रतिवादी र घाइतेबिच चिनजान रहेको, कुनै पूर्वरिसइवी भएको वा झै-झगडा भएको भन्ने अनुसन्धानको क्रममा कहीँकतै खुल्दैन। साथै दुर्घटनाको समयमा निज प्रतिवादीले रक्सी सेवन गरेको र ट्रक अत्यधिक तीव्र गतिमा गुडिरहेको जस्ता चालकको असावधानी पुष्टि हुने कुनै वस्तुनिष्ठ प्रमाण वादी नेपाल सरकारबाट प्रस्तुत भएको छैन। प्रतिवादी मिलन थपलियाले ना.३ ख. ४०८० नं. को ट्रक पूर्वबाट पश्चिमतर्फ हाँकिरहेको अवस्था भएकोले उक्त ट्रक सडकको बिच लाइनभन्दा दक्षिणतिरबाट चलाउनुपर्ने हुन्छ। प्रस्तुत दुर्घटनाको अनुसन्धानबाट पनि उक्त ट्रक प्रतिवादी चालक मिलन थपलियाले आफ्नो साइड अर्थात् दक्षिणतिरबाट नै चलाइरहेको अवस्थामा उक्त घटना घटेको देखिन्छ। निज चालकले सावधानीपूर्वक नै आफ्नो सवारी साधन चलाइरहेको अवस्थामा सडकमा एक्कासी पैदल यात्रीलाई देखेपश्चात् ब्रेक लगाउन खोजे पनि तत्काल ब्रेक लाग्न नसकी ठक्कर लागेको भनी प्रतिवादीले बयानमा खुलाएको दखिने।

चालकले आफ्नै साइडतर्फबाट सावधानीपूर्वक मध्यम गतिमा सवारी साधन चलाई गइसकेको बखतमा पैदल यात्रीले एक्कासी बाटो काट्दा सवारी साधनले लगाउन खोजेको सवारी साधनको ब्रेक नलागी पैदल यात्रीलाई ठक्कर दिई भएको दुर्घटनालाई असावधानीपूर्वक हेलचेक्र्याईं तरिकाले सवारी साधन चलाएको भन्न मिल्ने देखिँदैन। यसरी घाइते दीपक दाहालसँग चिनजान र पूर्वरिसइवी केही पनि नभएका यी प्रतिवादी चालक मिलन थपलियाले सामान्य रूपले आफ्नै साइडबाट सवारी चलाउँदै गर्दा एक्कासी घाइतेले बाटो काट्दा उक्त दुर्घटना भएको पाइयो। यस स्थितिमा अभियोग दाबी लिइएको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) बमोजिमको कसुर यी प्रतिवादीले गरेको नदेखिएको हुँदा निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत विराटनगरको फैसला न्यायसङ्गत भएकोले सो फैसलालाई अन्यथा गरिरहनुपर्ने अवस्था नहुने।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी मिलन थपलियाले अभियोग मागदाबीको कसुर गरेको ठहर गरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६२(१) अनुसार निज प्रतिवादी मिलन थपलियालाई ३ वर्ष (तीन वर्ष) कैद र २,५००।– (रू. दुई हजार पाँच सय) जरिवाना गर्ने गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसलालाई उल्टी गरी प्रतिवादी मिलन थपलियाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत विराटनगरको मिति २०७३।०५।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम्।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी., *०७४-CR०४७३, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. सन्ता चौधरी*

प्रस्तुत मुद्दामा पीडित १३ (तेह्र) वर्षकी बालिका रहेकोमा कुनै विवाद देखिँदैन। पीडित छोरी परिवर्तित नाम जिल्ला ०४९/२ बहेरीले बताएको घटना विवरणको आधारमा प्रतिवादी सन्ता चौधरीले जबरजस्ती करणीको उद्योग गरेको भनी जाहेरवाली जिल्ला ०४९/१ बहेरीले जाहेरी दिएको देखिन्छ। सो जाहेरीमा प्रतिवादीले पीडितमाथि जबरजस्ती करणी गर्न खोज्दा पीडित रोइकराई गरेको कारण छिमेकी सावित्री चौधरी पनि त्यहाँ आइपुगेको कारण प्रतिवादी घटनास्थलबाट भागेका हुन् भन्ने बेहोरा उल्लेख भएको पाइन्छ । सो जाहेरी दरखास्तलाई समर्थन हुने गरी अदालतमा आई जाहेरवालीले बकपत्रसमेत गरेको देखिन्छ। घटना भएलगत्तै घटनास्थलमा पुगेकी भनिएकी सावित्री चौधरीको घटना विवरण कागज तथा अदालतसमक्ष गरेको बकपत्रमा आफू घटनास्थल पुग्दा प्रतिवादी भागिसकेका थिए भन्ने बेहोरा लेखाएको पाइन्छ । घटनास्थलमा पीडितसँगै रहेका भनिएका पीडितका भाइ जिल्ला ०४९/३ बहेरीले मौकामा कागज गर्दा दिदी रूँदै चिच्याएकोले आफू निन्द्राबाट ब्युँझेको र छिमेकी सावित्री चौधरी आएपछि प्रतिवादी भागी गएको भनी लेखाएका छन्। निजले अदालतमा बकपत्र गर्दा प्रतिवादीले दिदीलाई दुर्व्यवहार गरिराखेको देखेको हुँ भनी मौकामा व्यक्त गरेको कुराभन्दा फरक बेहोरा लेखाएको देखिन्छ । यसरी जाहेरी दरखास्त, जाहेरवाली एवं पीडितका भाइ र छिमेकी सावित्री चौधरीको भनाइ बेहोराहरू एकआपसमा मेल नखाई विरोधाभाषपूर्ण रहेको पाइन्छ । यसबाट तेस्रो पक्षको अवरोधको कारण अर्थात् पीडितको भाइ उठेको र छिमेकी सावित्री चौधरी आएको कारण जबरजस्ती करणीको वारदात हुन नपाएको हो भन्ने वादी दाबी निर्विवादरूपले पुष्टि हुन नसक्ने।

अर्कोतिर यी प्रतिवादी सन्ता चौधरी पीडितका अभिभावकहरू घरमा नभएको अवसरमा निजको कोठामा गएको भए तापनि सो समयमा पीडितको भाइ पनि सँगै एउटै कोठामा सुतिरहेको अवस्था छ। जबरजस्ती करणीजस्तो कसुर अन्य व्यक्तिहरूको अनुपस्थितिमा पीडितलाई डर, धाक एवं यस्तै जोरजुलुममा पारी वारदात घटाउने गर्दछन् । पीडित १३ वर्षकी नाबालिका रहेकी र करणी लिनेदिने कार्यमा निजको सहमति वा मन्जुरी नहुने कुरामा कुनै विवाद छैन । अतः पीडितको भाइको पनि उपस्थिति रहेको अवस्थामा निज भाइको सामुन्नेमा नै यी प्रतिवादीले जबरजस्ती करणीको कसुर गर्न खोजे होला भनी मान्ने कुरालाई स्वाभाविकरूपमा लिन र मान्न सकिँदैन । यसरी तेस्रो व्यक्ति नजिकै रहेको र पीडितले प्रतिरोध गर्ने क्रममा अर्को व्यक्तिले सहजै थाहा पाउन सक्ने अवस्थामा कुनै प्रतिवादीले बल प्रयोग गरी जबरजस्ती करणी जस्तो जघन्य अपराध घटाउन सामान्यतया उद्धत हुने गर्दैन । यस्तो परिस्थितिजन्य अवस्थाबाट जबरजस्ती करणी उद्योगको वारदात स्थापित हुन सक्ने स्वाभाविक देखिन आउँदैन।

जाहेरी दरखास्त, जाहेरवाला र घटना विवरण कागज गर्ने सावित्री चौधरीसमेतको मौकाको भनाइ तथा अदालतसमक्षको बकपत्र, पीडितका भाइको मौकाको कागज एवम् अदालतसमक्षको बकपत्रसमेतको समग्र विश्लेषणबाट यी प्रतिवादीले जबरजस्ती करणीको उद्योग गरेको भन्ने वादी दाबीबमोजिमको वारदात स्थापित भएन। यस स्थितिमा प्रस्तुत मुद्दामा प्रतिवादी सन्ता चौधरीलाई जबरजस्ती करणी उद्योगको अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको फैसला न्यायोचित नै रहेको देखिँदा सो फैसलालाई अन्यथा गरिरहनु नपर्ने।

अतः माथि विवेचित आधार र कारणबाट

प्रतिवादी सन्ता चौधरीलाई अभियोग दाबीबमोजिम जबरजस्ती करणी उद्योगको कसुरदार ठहर गरेको सुरू चितवन जिल्ला अदालतको फैसलालाई उल्टी गरी प्रतिवादी सन्ता चौधरीलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको मिति २०७४।०४।१७ को फैसला मिलेकोले सदर हुने ।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल २० गते रोज ४ शुभम् ।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी., *०७४-CR-०३७८, जबरजस्ती करणी, नेपाल सरकार वि. दिपेन्द्रकुमार मुखिया*

प्रस्तुत मुद्दामा पीडित भनिएकी जाहेरवाली पीडित परिवर्तित नाम परिसर २६(ढ) को मौकाको जाहेरी दरखास्त र अदालतको बयानमा प्रतिवादी दिपेन्द्रकुमार मुखियाले जबरजस्ती करणी गरेको भनी लेखाएको भए तापनि अन्य बेहोरा सम्बन्धमा जाहेरी र बकपत्रमा एकरूपता रहे भएको पाइँदैन । त्यसैगरी जाहेरवालीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा जबरजस्ती करणी भएको हो, होइन यकिन भन्न नसकिने भन्नेसमेतको बेहोरा उल्लेख भएको छ । प्रतिवादी दिपेन्द्रकुमार मुखियाले अभियोग दाबीको कसुरमा पूर्णरूपमा इन्कार रही बयान गरेका छन् । यसका अतिरिक्त प्रतिवादीलाई दोषी ठहर गर्न सहयोग पुग्ने कुनै अकाट्य प्रमाण वादी पक्षले पेस गर्न सकेको पनि देखिँदैन । यसरी भौतिक परीक्षण तथा अन्य तथ्यगत प्रमाणबाट समेत जबरजस्ती करणीको वारदात स्थापित नै नभइरहेको अवस्थामा पीडित भनिएकी जाहेरवालीको विरोधाभाषपूर्ण भनाइ मात्रैको आधारमा प्रतिवादीले उक्त वारदात घटाएको भनी मान्न र अभियोग दाबीको कसुरमा निज प्रतिवादीलाई सजाय गरी क्षतिपूर्तिसमेत भराउनु न्यायोचित हुँदैन । यस्तो अवस्थामा प्रतिवादी दिपेन्द्रकुमार मुखियाले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी भएको पुनरावेदन अदालत पाटनको फैसला न्यायको रोहमा मिलेकै देखिँदा सो फैसलालाई अन्यथा गरिरहनु नपर्ने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी दिपेन्द्रकुमार मुखियाउपरको अभियोग दाबी वादी पक्षले शंकारहित तवरले पुष्टि गर्न सकेको पाइएन । शंकाको आधारमा मात्र जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा कसुरदार ठहऱ्याउनु फौजदारी न्यायशास्त्रको विपरीत हुने भएकोले सुरू काठमाडौं जिल्ला अदालतले अभियोग दाबीबमोजिम कसुरदार ठहर गरेको फैसला उल्टी गरी प्रतिवादी दिपेन्द्रकुमार मुखियालाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७२।१०।५ को फैसला मनासिबै देखिएकाले सदर हुने ।

इजलास अधिकृतः कल्याण खड्का

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम् ।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी., *०७४-CR-०६३३, लागु औषध (गाँजा), सुरेशकुमार मोक्तान वि. नेपाल सरकार*

मिति २०६९/७/१७ गते राति मकवानपुर राक्सीराङ गाउँ विकास समिति वडा नं. ८ स्थित सडकमा भारी बोरा बोकिरहेको अवस्थामा प्रहरीले हवाई फायर गर्दा अभियुक्तले बोकेको बोरा सोही झाडीमा फ्याँकी भागेका र केही व्यक्ति पक्राउ परेको र ३५ के.जी. का दरले लागु औषध गाँजा रहेको ३५ थान बोरा र प्रतिवादी सुरेशकुमार मोक्तानको ९८४५४१६७४७ नं. को मोबाइल बरामद भएको कुरा बरामदी मुचुल्काबाट देखिन्छ । मौकाको प्रहरी प्रतिवेदनबाट कान्छामान थिङ, मेलबहादुर लामा, बाबुलाल घलान र सुरेशकुमार मोक्तान रेकी गर्दै आएको शंका लागी नियन्त्रणमा लिन खोज्दा सुरेश कुमार मोक्तान

भागी गएको, उल्लिखित ३ जनालाई नियन्त्रणमा लिई सोधपुछ गरी १ कि.मि. तल आउँदा ३५, ४० जना मानिसहरू आएको देखिएका र निजहरूले ढुङ्गा मुढा गरेकोमा हवाइ फायर गर्दा ३५ वटा बोरामा ३१ के.जी. को दरले १०८५ के.जी. लागु औषध गाँजा बरामद भएको र राजकुमार प्रजा, विजय लामा, धर्मलाल प्रजा र कमान सिंह प्रजालाई नियन्त्रणमा लिइएको र बरामदी लागु औषध सुरेशकुमार मोक्तानले गाउँबाट सङ्कलन गरी भारततर्फ लैजान ल्याएको भन्ने बुझिन आएको भन्ने उल्लेख भएको देखिने।

गाँजाको बोरा बोक्ने प्रतिवादीहरू विजय लामा भन्ने क्षेत्रबहादुर ब्लोन, धर्मलाल प्रजा, कानसिंह प्रजा र राजकुमार प्रजाले मौका र अदालतमा समेत बरामद भएको गाँजा सुरेशकुमार मोक्तानको भएको, निजले सो गाँजा खरिद गरी रू.२,५००।– ज्याला दिने सर्तमा बोक्न लगाएको र निजसमेत रेकी गर्ने कार्यमा संलग्न भएको भनी पोल गरी बयान गरेको देखिने।

बरामदी मुचुल्कामा उल्लेख गरिएको १०८५ के.जी. गाँजा प्रतिवादी सुरेशकुमार मोक्तानले खरिद गरी सङ्कलन गरेको र बिक्री वितरण गर्नको लागि अन्य प्रतिवादीहरूलाई ज्याला दिई बोकाई आफूले बाटो रेकी गरी राक्सीराङबाट लोथरतर्फ लैजाँदै गर्दाका अवस्थामा गस्ती प्रहरीले फेला पारी बरामद गरेको पुष्टि हुँदा प्रतिवादी सुरेशकुमार मोक्तानको भूमिका उक्त बरामद भएको गाँजा खरिद सङ्कलन गर्ने र अन्य व्यक्तिलाई जुटाई बिक्री वितरणको कारोबारको लागि भारततर्फ निकासी गर्ने उद्देश्यले ओसारपसार गर्ने मुख्य कारणीको रूपमा प्रतिवादीको संलग्नता देखिने।

प्रतिवादी सुरेशकुमार मोक्तानलाई सजाय निर्धारणतर्फ विचार गर्दा बरामद भएको लागु औषध गाँजाको परिणाम, भारततर्फ बिक्री गर्नका लागि त्यति ठुलो मात्रामा लागु औषध गाँजा खरिद, सङ्कलन गरी धेरै संख्यामा मानिसलाई आर्थिक प्रलोभनमा पारी परिचालित गरी सङ्गठित रूपबाट ओसार पसार गर्ने कार्य र बरामद गर्दाका अवस्थामा ढुङ्गा मुढा गरी बल प्रयोग गरेका कारणले प्रहरीले हवाई फायरसमेत गर्नु परेको स्थितिसमेतलाई मध्यनजर गरी समग्र अपराधको स्थितिलाई मूल्याङ्कन गर्दा प्रतिवादी सुरेशकुमार मोक्तानलाई अन्य सहप्रतिवादीहरू भारी बोक्ने कार्यमा मात्र संलग्न रहेका सरह २ वर्ष कैद र रू.२०,०००।– जरिवाना गर्नु नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी सुरेशकुमार मोक्तानलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसुरमा सोही ऐनको दफा १४(१)घ)(५) बमोजिम ४ (चार) वर्ष कैद र रू.४०,०००।– (चालिस हजार) जरिवाना हुने ठहऱ्याएको उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७४/३/४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७५ साल वैशाख १३ गते रोज ५ शुभम्।

५

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७५-RC-००७१, कर्तव्य ज्यान, नेपाल सरकार वि. वाङ्गेल तामाङ*

प्रस्तुत मुद्दामा प्रतिवादी वाङ्गेल तामाङले मिति २०७१/११/२० गते २०:३० बजेको समयमा आफ्नै डेराकोठामा श्रीमती सानुकान्छी तामाङलाई सिरकले मुख छोपी हेक्सोले घाँटी रेटी कर्तव्य गरी हत्या गरेको भनी निजउपर किटानी जाहेरी परेको देखिन्छ। मृतकको लास जाँच प्रकृति मुचुल्काबाट सानुकान्छी तामाङ घाँटी रेटी मृत अवस्थामा रहेको, मृत लासको घाँटीमा ४ इन्च लामो १ इन्च चौडाई भएको घाउ, दाहिने हातको माहिली र साँहिली औंलामा सानो खोस्रिएको घाउ भएको, बिस्तरा सिरानीसमेतमा रगत जस्तो पदार्थ जमेको भन्नेसमेत उल्लेख भएको पाइन्छ। शव परीक्षण प्रतिवेदनमा मृतक सानुकान्छी

तामाङको मृत्युको कारण Cut throat injury भन्ने उल्लेख गरेको देखिन्छ । तसर्थ शव परीक्षण प्रतिवेदनसमेतका उल्लिखित तथ्य प्रमाणहरूबाट सानुकान्छी तामाङको स्वाभाविक मृत्यु भएको नभई कर्तव्यबाटै मृत्यु भएको हो भन्ने देखिने।

प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको हो भनी जाहेरवालाले अदालतमा बकपत्र गरिदिएकोसमेत पाइन्छ । घाँटीमा ४ इन्च लामो १ इन्च चौडाइ भएको घाउ रहेको भन्ने लासजाँच प्रकृति मुचुल्का र प्रतिवादीले हेक्साले घाँटी रेटेर मारेको हो भनी अनुसन्धानका क्रममा गरेको बयानबिच मेल खान आएको छ। मृतकको भिषेरा परीक्षण प्रतिवेदन हेर्दा, Insecticide नपाइएको भन्ने देखिएकोले पोष्टमार्टम रिपोर्टमा उल्लेख भएबमोजिम घाँटी काटिएको चोट (Cut throat injury) को कारणबाटै मृत्यु भएको हो भन्ने देखिन आएको छ । प्रतिवादीले लगाएको CROMBIE AND FITCH 1892 लेखिएको हुडमा रगत लागेको अवस्थामा बरामद भएको छ । केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको प्रतिवेदन हेर्दा, सो हुडमा लागेको रगत जस्तो पदार्थको **Kastle–Meyer test** बाट Positive नतिजा देखिएको भन्ने उल्लेख भएको पाइन्छ। सो Kastle-Meyer test ले रगतमा हुने haemoglobin छ छैन भन्ने सम्बन्धमा जाँच गर्दछ। यसबाट सो बरामद हुडमा लागेको रगत जस्तो पदार्थमा रगतमा पाइने तत्त्व haemoglobin पाइएको भन्ने पुष्टि हुने।

प्रतिवादीले घटना वारदातको सम्बन्धमा के कसरी भएको हो भनी सबै विवरण खुलाई अधिकारप्राप्त अधिकारीसमक्ष साबिती भई बयान गरेका छन्। निज प्रतिवादीले सो बयानमा श्रीमतीलाई कर्तव्य गरी मारिसकेपछि हातमा लागेको रगत कोठामा रहेको बाटामा धोएको भनी उल्लेख गरेको पाइन्छ । वारदातस्थल कोठामा भएको बाटामा रगत जस्तो पदार्थ मिसिएको पानी रहेको, बाटाको बिटमा रगत जस्तो पदार्थ लागेको भन्ने घटनास्थल मुचुल्काबाट देखिन आएको छ । निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान घटनास्थल मुचुल्का, लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतका उल्लिखित बेहोराबाट समर्थित भइरहेको पाइन्छ। प्रतिवादी डेरा गरी बस्ने घरमा अन्य व्यक्तिहरू पनि डेरामा बस्ने गरेको भन्ने देखिन आएको छ। प्रतिवादीबाहेक अन्य व्यक्ति सो मृतकको कोठामा प्रवेश गरेको देख्ने मानिस कोही पनि छैन । अन्य व्यक्तिहरूको मृतकसँग पूर्वरिसइवी रहेको र कर्तव्य गरी मार्नुपर्नेसम्मको अन्य कुनै कारण रहे भएकोसमेत मिसिल संलग्न प्रमाणबाट देखिन आएको छैन। अत: प्रतिवादीको उक्त साबिती बयान तथा मिसिल संलग्न उल्लिखित परिस्थितिजन्य प्रमाणसमेतबाट निज प्रतिवादीले नै आफ्नो श्रीमतीलाई कर्तव्य गरी मारेको हो भन्ने पुष्टि हुन आउने।

प्रतिवादीले हेक्सो ब्लेडले घाँटी रेटी आफ्नै श्रीमतीलाई कर्तव्य गरी मारेको देखिँदा निजको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अन्तर्गत पर्ने कसुर रहेको पाइयो । तसर्थ निज प्रतिवादीलाई सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको उच्च अदालत पाटनको फैसला मिलेकै देखियो। प्रतिवादी वाङ्गेल तामाङलाई सर्वस्वसहित जन्मकैद हुने।

प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर भए तापनि मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४० को उपदफा (२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने कानूनी प्रावधान रहेको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२)(ख) मा "..कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने

मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था रहेकोले निज प्रतिवादीलाई सर्वस्व ठहर गर्न कानूनतः नमिल्ने भई जन्मकैद हुने।

अतः माथि विवेचित आधार कारणसमेतबाट प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको सुरू फैसला सदर हुने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७४/४/१६ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ। साथै मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४० को उपदफा (२) तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२)(ख) अनुसार सर्वस्व गर्न नमिल्ने भई निज प्रतिवादीलाई जन्मकैद हुने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल फाल्गुन ६ गते रोज २ शुभम्।

६

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, *०७५-RC-००३४, कर्तव्य ज्यान, नेपाल सरकार वि. कमला वि.क.*

प्रतिवादी कमला वि.क.ले आफ्नो श्रीमान् काजी कामी विदेश गएको अवस्थामा देवर नाता पर्ने लेखबहादुर विश्वकर्मासँग शारीरिक सम्पर्क भई गर्भ रहन गएको र सो गर्भबाट जन्मेको स्त्री जातको जातक रून थालेकाले अरूले थाहा पाउलान् भनी घाँटी थिची रातो नाइलनको झोलामा हाली लवुवा भिरमा फालेको हुँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुर गरेकोमा साबित भई बयान गरेको पाइन्छ। अदालतमा बयान गर्दा अलिअलि सास भएको बच्चा जन्मेको र पाँच दश मिनेटपछि सास फेर्न छाडेकाले भिरमा लगेर फालेको हो भनी आरोपित कसुर गरेकोमा इन्कार रही बयान गरेको देखिन्छ। निसासिएर मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिएको र शवको फोक्सो परीक्षण गर्दा बच्चाले सास फेरेको प्रमाण भेटिएको भनी शव परीक्षण गर्ने डा.दिनेश भण्डारीले सुरू अदालतमा बकपत्र गरिदिएसमेतबाट बच्चा जन्मेपछि आफैँ मरेको भन्ने प्रतिवादीको भनाइ खण्डित भएको पाइयो। प्रतिवादी लेखबहादुर विश्वकर्माको अवैध गर्भ बोकी आफूले गरेको अपराध दबाउने उद्देश्यले बच्चा जन्माई फालेकोमा पूर्ण विश्वस्त रही दिलबहादुर विश्वकर्मा, समिर राई, कुमारी विश्वकर्मा र शिलास तामाङले घटना विवरण कागज गरिदिएको पाइन्छ। निज प्रतिवादीले बच्चा जन्माएको समयमा निजबाहेक अन्य व्यक्तिको उपस्थिति रहे भएको भन्ने कहीँकतैबाट देखिँदैन। प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा साबित भई गरेको बयान, शव परीक्षण प्रतिवेदनसमेतका उल्लिखित प्रमाणहरूबाट समर्थित भइरहेकोले जीवित जन्मेको बच्चाको मृत्यु निज प्रतिवादी कमला वि.क.कै कर्तव्यबाट भएको भन्ने देखिने।

प्रतिवादी कमला वि.क.ले जीवित जन्मेको बच्चालाई मनसायपूर्वक घाँटी थिचेर मारेको र बच्चाको शवलाई झोलामा हाली भिरमा लगेर फालेको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. बमोजिमको कसुर भएकोले सोही १३(३) नं. बमोजिम निज प्रतिवादी कमला वि.क.लाई सर्वस्वसहित जन्मकैद ठहऱ्याएको उच्च अदालतको फैसला मिलेकै देखिने।

प्रतिवादीले गरेको कसुरका लागि सर्वस्वसहित जन्मकैदको सजाय हुने तत्कालीन कानूनी व्यवस्था रहेको देखिन्छ। प्रमाणको आधारमा दोषी ठहर भएपछि कति सजाय गर्दा न्यायसङ्गत हुन्छ भन्ने विचार गर्नुपर्ने।

प्रतिवादी कमला वि.क.ले अपराध गर्दाका अवस्थामा आफू २७ वर्षको रहेको, निजको पति

वैदेशिक रोजगारीमा गएको, नाबालक सन्तानको अभिभावकत्व वहन गर्नुपर्ने, पढेलेखेको छैन र नामसम्म लेख्न सक्छु भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ। प्रतिवादीको नाबालक सन्तानका बाबु वैदेशिक रोजगारीमा गएको र निज प्रतिवादी कैद सजाय भोगिरहेको हुँदा ती नाबालक सन्तानको संरक्षकत्व एवम् अभिभावकत्वको कमी हुन गई संरक्षकविहीन अवस्था सिर्जना हुन गएको देखिने।

प्रस्तुत मुद्दाका प्रतिवादीले पनि परपुरूषसँग करणी गराएबाट जन्मेको शिशुका सम्बन्धमा समाजलाई थाहा जानकारी नहोस् भनी लोकलज्जाको कारण घटना लुकाउने प्रयास गर्दा नवजात शिशु मारिएको देखिन्छ। यस्तो अपराध निज प्रतिवादीबाटै पुन: दोहोरिई रहने प्रकृतिको पनि देखिँदैन। प्रतिवादी व्यावसायिक किसिमको अपराधी नभएको हुँदा निजबाट गाउँ समाजलाई ठुलो खतरा रहेको भनी मान्न सक्ने अवस्था पनि छैन। आरोपित कसुर गर्दा निज प्रतिवादीको उमेर २७ वर्ष मात्र देखिएकोले समाजमा पुनर्स्थापित भई जीवन जिउन सक्ने सम्भावनासमेत देखिन्छ। तसर्थ, प्रतिवादी कमला वि.क. कसुर गर्दाको अवस्थामा २७ वर्ष उमेरको देखिएको, सामाजिक लाञ्छनाबाट बच्नको लागि कसुर गरेको, पति वैदेशिक रोजगारीमा गएको, नाबालक सन्तानको अभिभावकत्व वहन गर्नुपर्ने, नामसम्म लेख्न सक्ने समान्य साक्षर रहेको देखिएकोले उल्लिखित आधार, कारणसमेतका आधारमा प्रतिवादीको हकमा निजलाई फैसला हुँदा ठहरिएको कैद गर्दा चर्को पर्ने देखिएकोले अ.बं.१८८ नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय गर्न सुरू जिल्ला अदालतले लगाएको राय सदर गरेको पुनरावेदन अदालतको रायसमेत मिलेकै देखिने।

अतः प्रतिवादी कमला वि.क. ले अवैध सम्बन्धबाट जन्मिएको नवजात शिशुलाई कर्तव्य गरी मारेकोले अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. बमोजिमको कसुर गरेको हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको सोलुखुम्बु जिल्ला अदालतको फैसला सदर गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७४।२।१८ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ। निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर भए तापनि मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४० को उपदफा (२) तथा "केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) (ख) बमोजिम जन्मकैद हुनेमा उक्त कैद सजाय चर्को पर्न जाने हुँदा निज प्रतिवादी कमला वि.क.लाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम ५(पाँच) वर्ष कैद सजाय गर्न सुरू अदालतबाट राय प्रस्तुत भई उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाले सदर गरेको उक्त रायसमेत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल फाल्गुन ६ गते रोज २ शुभम्।

७

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही, *०६८-CR-०७१६, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. सुरेश नेपाली*

प्रतिवादी सुरेश नेपालीले पीडिता दिपा मित्रकोटीलाई जबरजस्ती करणीको उद्योगको कार्य गरेको भनी जाहेरी परी सोबमोजिम अभियोग दर्ता भएको पाइन्छ। उक्त जाहेरी, अभियोग र मौकामा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा प्रतिवादीले पीडिता दिपालाई काखमा राखी निजको फ्रक उचाली कट्टु तल निकाली मेरो लिङ्ग पीडिताको योनि र मलद्वारमा घर्षण गरेको हुँ भनी बयान गरेको भए तापनि निजले अदालतमा कसुरप्रति इन्कार रही बयान गरेको पाइन्छ। अनुसन्धान अधिकारीसमक्षको निजको

स्वीकारोक्ति बयानलाई पुष्टि हुने गरी अभियोजन पक्षले कुनै स्वतन्त्र, वस्तुगत, शंकारहितसमेतको प्रमाण पेस गर्न सकेको पाइँदैन । मौकामा जाहेरी दिने पीडितका बुबा दिपक मित्रकोटीले प्रतिवादीले आफ्नी छोरीको कट्टु खोली आफ्नो कट्टुसम्म खोलेको कुरा गरे पनि पीडिताको योनि र मलद्वारमा घर्षण गरेको हो भनी जाहेरी दिएको नदेखिने ।

जाहेरी दरखास्त दिने पीडितको बाबु स्वयं दिपक मित्रकोटी, मौकामा कागज गर्ने वर्ष १० की सरिता मित्रकोटी र घटनास्थल प्रकृति मुचुल्काका मानिसहरूलाई उपस्थित गराई बुझ्ने आदेश भएकोमा कुनै पनि गवाहलाई उपस्थित गराई अभियोग दाबीलाई पुष्टि गराएको पाइँदैन । उल्लिखित व्यक्तिहरूले मौकामा व्यक्त गरेको भनाइ अदालतबाट परीक्षण नभईकन र सो भनाइ अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभईकन प्रमाणमा लिने मिल्ने देखिँदैन । अनुसन्धानको सिलसिलामा तयार भएको कागजमा बस्ने मानिसहरू अदालतमा उपस्थित भई आफ्नो भनाइ परीक्षण नगराएसम्म त्यस्तो भनाइलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्राह्य हुँदैन । यस अवस्थामा परीक्षण नभएको प्रमाणलाई आधार मानी जबरजस्ती करणीजस्तो फौजदारी अभियोगमा सजाय गर्नु स्वतन्त्र सुनुवाइको सिद्धान्तले समेत मिल्ने नदेखिने ।

अत: उल्लिखित आधार, प्रमाण एवं तथ्यबाट प्रतिवादी सुरेश नेपालीले जबरजस्ती करणीको उद्योगको कसुर गरेको पुष्टि हुन आएको नदेखिँदा पुनरावेदन अदालत पाटनबाट मिति २०६७।५।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम् ।

८

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही, *०७३-CR-१६४२, जबरजस्ती करणी, विष्णु खत्री वि. नेपाल सरकार*

मिति २०७२।२।१६ गते अं. १२:३० बजेको समयमा जिल्ला धादिङ नौबिसे-५ खत्रीथोक बस्ने वर्ष ५८ का विष्णु खत्रीले ऐ. नौबिसे गा.वि.स. वडा नं. ५ स्थित सुभद्रा के.सी.को मकै खेतमा मेरी छोरी वर्ष १० की परिवर्तित नाम खानीखोला-१ लाई चकलेटसमेत दिई धाकधम्की दिँदै उत्तानो पारी सुताई छोरीको र आफ्नोसमेत कपडा खोली, छोरीको योनिमा निजको लिङ्ग दली जबरजस्ती करणी गरेको हो । प्रतिवादी विष्णु खत्रीलाई कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने परिवर्तित नाम धादिङ २४(ढ) को जाहेरी दरखास्त र सो जाहेरीलाई समर्थन गरी जाहेरीको बेहोरा र सहीछाप मेरै हो भनी जाहेरवालाले अदालतमा बकपत्र गरेको देखिने ।

घटना विवरण कागज गर्ने चन्द्रावती घतानी, ईशा सुनारले प्रतिवादी विष्णु खत्रीले पीडिता परिवर्तित नाम खानीखोला-१ लाई जबरजस्ती करणी गरेका हुन् । पीडितालाई खोज्दै जाँदा प्रतिवादी र पीडितालाई नाङ्गै अवस्थामा समाती गोरेटो बाटो हुँदै ल्याइरहेको देखेको भनी अदालतमा उपस्थित भई मौकाको कागजलाई समर्थन गरी बकपत्र गरेको देखिन्छ । प्रस्तुत मुद्दामा जाहेरवाला तथा घटना विवरण कागज गर्ने चन्द्रावती घतानी, ईशा सुनारले अनुसन्धानमा गरेको कागजको बेहोरालाई अदालतमा उपस्थित भई समर्थन गरी घटनाका बारेमा व्यक्त गरेकोमा प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार प्रमाणमा लिन मिल्ने देखिने ।

पीडिताको मौकाको बयानमा आफू धाराबाट पानी ल्याउँदै गर्दा विष्णु खत्रीले चकलेट खान दिई, दुनोट दिन्छु भनी जबरजस्ती तानेर मकैबारीमा लगे र प्रतिवादीले मलाई उत्तानो पारी, सुताई मेरो तथा निजको कट्टु खोली निजको सु गर्नेले मेरो सु गर्ने ठाउँमा छिराए । त्यसपश्चात् मलाई दुखी रून थालेँ र गाउँका मानिसहरू आएपछि प्रतिवादीले मलाई छोडी दिएको

हो भनी बेहोरा लेखाएको पाइयो । मौकामा गरेको सो कागजको बेहोरालाई समर्थन गर्दै प्रतिवादीले आफूलाई नाङ्गै पारी निजको सु गर्नेले मेरो सु गर्नेमा घोचेपछि पीडा भई रोइकराई गरेपछि निजले मलाई छाडेको हो भनी अदालतमा बकपत्र गरेको देखिने ।

प्रत्यक्षदर्शी जेठी सुनारले पानी ओसारी रहेकी पीडितालाई आफूले नदेखेको र नजिकै रहेको मकैको बोट हल्लिरहेको देखी हेर्न जाँदा प्रतिवादीले पीडितालाई करणी गरिरहेको रहेछ । त्यपश्चात् मैले प्रतिवादीलाई छातीमा समाती थप्पड हानेको र घिसार्दै ल्याएको भनी मौकाको कागजलाई समर्थन गर्दै बकपत्र गरेको पाइयो । मूलतः जबरजस्ती करणी मुद्दामा प्रत्यक्षदर्शीको अभाव रहने गर्दछ । यद्यपि प्रस्तुत मुद्दामा जेठी सुनार प्रत्यक्षदर्शीका रूपमा रहेको देखिन्छ । घटनास्थलमा प्रतिवादीले पीडितालाई जबरजस्ती करणी गर्दागर्दैको अवस्थामा जेठी सुनारले रङ्गेहात (Red Hand) पक्राउ गरी ल्याएको देखिने ।

परिवर्तित नाम खानीखोला-१ यस घटनाका पीडित हुन् । घटनाबाट पीडित व्यक्तिले व्यक्त गरेको कुरालाई प्रत्यक्ष तथा अब्बल प्रमाण मान्नुपर्ने हुन्छ । पीडिता परिवर्तित नाम खानीखोला-१ घटनाका प्रत्यक्ष र जीवित प्रमाण हुन् । प्रत्यक्षदर्शीका रूपमा सो कुरालाई समर्थन गरी जेठी सुनारले अदालतमा उपस्थित भई घटनाको बारेमा व्यक्त गरेको कुरा प्रमाणयोग्य मान्नुपर्ने हुन्छ । वस्तुतः त्यस्तो कागज अन्यथा प्रमाणित नभएसम्म विश्वसनीय र स्वतन्त्र प्रमाणको रूपमा स्वीकार गर्न मिल्ने र घटनाका बारेमा त्यस्ता व्यक्तिहरूको भनाइको प्रामाणिक महत्त्व रहने हुने ।

पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनमा Body surface scratch marks present in right index finger and right thigh. र Vulva: swollen भनी उल्लेख भएको छ । शारीरिक परीक्षण गर्ने डा. रजिना तुलाधारले Swollen जबरजस्ती करणीको कारणले पनि हुन्छ भनी अदालतमा बकपत्र गर्नु र प्रतिवादीले आफ्नो योनिमा निजको सु गर्ने छिराएको दलेको र आफूलाई पीडा भई रोइकराई गरेको भनी पीडिताले गरेको कागज शारीरिक परीक्षण प्रतिवेदन र शारीरिक परीक्षण गर्ने डा. को बकपत्रबाट समर्थित भएको छ । पीडिताको यौनाङ्गको भाग Vulva मा घर्षण भएर नै Swollen भएको भन्ने देखिन्छ । सो Swollen हुने अन्य कुनै कारण देखिन आएको छैन । साथै पीडिताको दाहिने हातको चोर औंला र तिघ्रामा कोतारिएको चिह्न रहेको छ । पीडित नाबालिकाको तत्काल स्वास्थ्य परीक्षण हुँदा यौनाङ्गसमेतमा सुनिएको भन्ने वस्तुगत प्रमाणबाट पुष्टि भएको छ । जबरजस्ती करणीजस्तो मुद्दामा पीडिताको स्वास्थ्य परीक्षणबाट देखाइएका कुराहरू विशेषज्ञद्वारा वैज्ञानिक पद्धति अपनाई जाँच गरिने भएकाले त्यस्तो प्रमाण अति महत्त्वपूर्ण हुन्छ । त्यस्तो प्रमाणले वास्तविक तथ्यहरूलाई उजागर गर्दछ र सो भरपर्दो हुने ।

पुनरावेदक प्रतिवादीले आफूले किनेर ल्याएको चक्लेट पीडितालाई दिएको होइन भनी अदालतमा बयान गरेको भए तापनि घटनास्थलबाट Litchee लेखिएको चक्लेट बरामद भएको छ । घटनास्थलबाट प्रतिवादीको ENGLANSH लेखिएको कालोमा रातो धर्का भएको अन्डरवयेर (कट्टु) बरामद भएको छ । घटनास्थलमा मकैका बोट माडिएको र स्वयं प्रतिवादी नै घटनास्थलबाटै पक्राउ परेको अवस्था छ । जाहेरवाला, पीडिता तथा प्रत्यक्षदर्शीको मौकाको कागज र सो समर्थित अदालतको बकपत्र तथा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतबाट पुनरावेदक प्रतिवादी विष्णु खत्रीले वर्ष १० की नाबालिका परिवर्तित नाम खानीखोला १ लाई जबरजस्ती करणी गरेको सप्रमाण पुष्टि हुन आयो । पीडिता परिवर्तित नाम खानीखोला १ लाई जबरजस्ती करणी गरेको होइन भनी अधिकारप्राप्त अधिकारी तथा अदालतमा प्रतिवादीले गरेको इन्कारी बयान वस्तुनिष्ठ

प्रमाणबाट पुष्टि नहुने।

अतः पीडिताको जन्मदर्ताको प्रमाणपत्रबाट मिति २०६२।११।०३ मा जन्म भएको देखिन्छ र वारदात मितिमा ९ वर्ष ३ महिना १३ दिन देखिँदा प्रतिवादी विष्णु खत्रीलाई तत्कालीन मुलुकी ऐन, जबरजस्ती करणी महलको ३ नं देहाय १ बमोजिम १०(दश) वर्ष कैद सजाय गरी पीडितालाई प्रतिवादीबाट ऐ.महलको १० नं. बमोजिम क्षतिपूर्तिबापत रू.२५,०००।– (पच्चिस हजार) भराइदिने ठहर गरेको धादिङ जिल्ला अदालतको फैसला सदर हुने ठहर गरेको उच्च अदालत पाटन मिति २०७३।६।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भरतकुमार दाहाल

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल चैत्र १९ गते रोज ३ शुभम्।

९

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७१-CR-१३१२, मानव बेचबिखन तथा ओसारपसार, मानबहादुर वि.क. वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा मानव बेचबिखनको वारदात प्रत्यक्षरूपमा देख्ने र घटनाबाट आफैँ पीडित भएको व्यक्ति भएको नाताले पीडित सङ्केत नं. १०२ ले अदालतमा उपस्थित भई आफू दिल्लीमा बेचिने क्रममा भएका सम्पूर्ण घटनाक्रमलाई मालाकार र सिलसिलाबद्धरूपमा वर्णन गरी जाहेरी बेहोरालाई समर्थन हुने गरी बयान तथा बकपत्र गरेको देखिएकाले पीडितले व्यक्त गरेको सो कुरालाई अदालतले विश्वसनीय प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । साथै पीडितले यस्तो गम्भीर कसुरमा यी पुनरावेदक प्रतिवादीलाई पोल गर्नुपर्ने कुनै आधार कारण पुनरावेदकले उल्लेख गर्न सकेको देखिँदैन। फौजदारी अभियोग लागेको व्यक्तिले त्यस्तो अभियोगमा इन्कार हुनु स्वाभाविक रहने हाम्रो न्यायिक परिपाटीले देखाउँछ । माथि उल्लिखित हाम्रो प्रमाणसम्बन्धी कानूनी व्यवस्थाले त्यस्तो इन्कारी पुष्टि गर्ने प्रमाणको भार उसैमा रहने र प्रस्तुत अभियोगमा प्रमाणको भार प्रतिवादीउपर रहने विशेष कानूनी व्यवस्था रहेको हुँदा प्रतिवादीको केवल मौखिक (Oral) इन्कारी निजको सफाइको आधार बन्नै नसक्ने।

प्रस्तुत मुद्दामा पीडितलाई भारत दिल्लीको कोठीसम्म पुऱ्याउने कार्यमा पुनरावेदक प्रतिवादी मानबहादुर वि.क. समेतको संलग्नता रहेको तथ्य स्वयं पीडितको बकपत्रसमेतबाट पुष्टि हुन आएको र पीडितले प्रतिवादीलाई पोल गर्नुपर्ने पूर्वरिसइवी केही नदेखिएको अवस्थामा यी पुनरावेदक प्रतिवादी मानबहादुर वि.क.को इन्कारी बयानको आधारमा मात्र निज कसुरदार नभएको भन्न मिलेन। यसप्रकार उपर्युक्तानुसार प्रतिवादी मानबहादुर वि.क. समेतको मिलेमतोमा अभियोग दाबीबमोजिम पीडित परिवर्तित नाम सङ्केत नं. १०२ लाई भारत दिल्ली लगी बिक्री गरेको र निजलाई यौन कार्यमा लाग्न विवश पारिएको पुष्टि हुन आएकोले पुनरावेदक प्रतिवादीसमेतलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) बमोजिम सजाय गरी दफा १७(१) बमोजिम यी पुनरावेदक प्रतिवादीबाट पीडितले क्षतिपूर्तिसमेत भराई पाउने ठहऱ्याई गरेको पुनरावेदन अदालत सुर्खेतको फैसला मिलेकै देखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी मानबहादुर वि.क. समेत भई पीडितलाई भारतको दिल्लीसम्म पुऱ्याई वेश्यालयमा बिक्री गरेको पुष्टि हुन आएकोले पुनरावेदक प्रतिवादीलाई समेत मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३(१) र ४(१)(क) बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा १५(१)(क) बमोजिम २० वर्ष कैद र रू. २,००,०००।- जरिवाना हुने तथा ऐ. ऐनको दफा १७(१) बमोजिम यी पुनरावेदक प्रतिवादीबाट समेत पीडितलाई रू. १,००,०००।–

क्षतिपूर्तिसमेत भराइदिने ठहऱ्याई सुरू सुर्खेत जिल्ला अदालतबाट मिति २०७०।११।११ मा भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत सुर्खेतको मिति २०७१।०९।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कल्याण खड्का

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल श्रावण २८ गते रोज २ शुभम्।

इजलास नं.७

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा, ०६९-WO-०५२१, उत्प्रेषण, नवराज बस्नेत वि. महानगरीय प्रहरी अपराध महाशाखा, हनुमानढोका, काठमाडौंसमेत

निवेदक वीरबहादुर राउत अहिर विरूद्ध गृह मन्त्रालयसमेत भएको विवादका सन्दर्भमा यस अदालतको पूर्ण इजलासबाट "कुनै निर्णयबाट कसैको हक अधिकारमा आघात पर्दछ भने निर्णय गर्नुपूर्व सुनुवाइको मौका दिनुपर्ने कुरा अनिवार्य र स्वाभाविक हुन्छ । सुनुवाइको मौका नदिई गरिएको निर्णयले निर्णयको स्थान नै लिन नसक्ने हुँदा न्यायिक प्रक्रियामा वैधानिक मान्यता प्राप्त गर्न सक्तैन; प्रहरी जस्तो अनुशासन र मर्यादामा रहनुपर्ने कर्मचारी खटाइएको तालिममा नगई आफूखुसी गैरहाजिर रहने विषय निश्चित रूपमा गम्भीर मान्नुपर्ने हुन्छ। तर जस्तोसुकै गम्भीर प्रकृतिको आरोप लगाइएको व्यक्तिलाई पनि सो आरोप ठहर गर्नुपूर्व आफ्नो कुरा भन्ने मौका दिनुपर्दछ" भनी व्याख्या भएको छ । उल्लिखित वीरबहादुर राउत अहिरको मुद्दामा "सेवाबाटै बर्खास्त गर्ने जस्तो अन्तिम र कठोर सजाय गर्दा प्रचलित सेवासम्बन्धी ऐन नियममा उल्लिखित कार्यविधिको अक्षरश: पालना वा अवलम्बन गरिएको हुनु पर्दछ। प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरी वा कानूनबमोजिमको उचित प्रक्रिया पालना नगरी निर्णय हुन पुग्दछ भने त्यस्तो निर्णयलाई कानूनको दृष्टिमा शून्य मान्नुपर्दछ; गोरखापत्रमा प्रकाशित गरिएको भनिएको सूचनामा हाजिर हुन आउनु भन्नेसम्मको बेहोरा उल्लेख गरेको देखिए पनि प्रहरी सेवाबाट हटाउनुपर्नेसम्मको कानूनी अवस्था र आधार उल्लेख गरी स्पष्टीकरण सोधिएको नदेखिएकोले सुनुवाइको मौका नदिई प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल हुने गरी सेवाबाट हटाएको देखिने; बिदा नमागी वा स्वीकृत नगराई गैरहाजिर रहने प्रहरी कर्मचारीलाई प्रहरी नियमावली, २०४९ को नियम ८४(छ) बमोजिम अख्तियारवालाले हटाउन सक्ने देखिए पनि त्यसरी हटाउनुपूर्व नियम ८९(२) बमोजिम आरोप किटान गरी सजायसमेत प्रस्ताव गरी स्पष्टीकरण सोध्नुपर्नेसमेतका कार्यविधि अवलम्बन गर्नुपर्ने" भनी सिद्धान्त कायम भएको देखिन्छ। यसरी भएको व्याख्या वा प्रतिपादित सिद्धान्तका दृष्टिले हेर्दा प्रस्तुत विवादका सन्दर्भमा रिट निवेदक नवराज बस्नेतउपर गरिएको विभागीय सजायसम्बन्धी काम कारबाही र निर्णय त्रुटिपूर्ण देखिन आउने।

अतः अनिवार्य रूपमा पालन गर्नुपर्ने कानूनी प्रक्रिया पूरा नगरी, सुनुवाइको उचित अवसर प्रदान नगरी निवेदक नवराज बस्नेतलाई सेवाबाट बर्खास्त गर्ने गरी महानगरीय प्रहरी अपराध महाशाखा, हनुमानढोका काठमाडौंका प्रहरी उपरीक्षकले मिति २०६६/०५/२१ मा गरेको निर्णय सदर गरेको महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरी, काठमाडौंका प्रहरी नायव महानिरीक्षकको मिति २०६९/०७/०१ को निर्णय र सोको आधारमा भएका पत्राचारलगायतका काम कारबाही कानूनतः त्रुटिपूर्ण देखिएकाले उत्प्रेषणको आदेशले बदर हुने । निज निवेदक नवराज बस्नेतलाई निजको पदमा पुनर्बहाली गरी गराई निजले कानूनबमोजिम पाउने सुविधा दिनु, दिलाउनु भनी प्रत्यर्थीहरूका नाउँमा परमादेशसमेत

जारी हुने ।

इजलास अधिकृतः- माधवप्रसाद लोहनी

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७७ साल माघ १३ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा, ०७७-WH-०२१९, बन्दीप्रत्यक्षीकरण, वीरबहादुर सुनारसमेत वि. जिल्ला प्रहरी कार्यालय, अर्घाखाँची र ऐ. का प्रमुखसमेत

नेपालको संविधानले कानूनी औचित्य पुष्टि नभएका गिरफ्तारी वा थुनालाई निषेध गरेको छ । कुनै व्यक्तिलाई गैरकानूनी रूपमा वा कानूनको उचित प्रक्रिया पूरा नगरी प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्नु यस अदालतको समेत कर्तव्य बन्ने ।

अतः निवेदकहरू वीरबहादुर सुनार र धनबहादुर कुमाललाई प्रवृत्त धारणा राखी पक्राउ गरी थुनामा राखेको र पक्राउ पुर्जी, म्याद थपसमेतका विषयमा कानूनद्वारा निर्धारित सर्त र प्रक्रियाको समुचित रूपमा अनुशरण गरेको नदेखिएको हुँदा निज निवेदकद्वयलाई तत्काल अर्घाखाँची जिल्ला अदालतका न्यायाधीशको रोहवरमा आजै थुनामुक्त गरिदिनु भनी नेपालको संविधानको धारा १३३ (२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ समेत बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृतः- ओजा लामिछाने

कम्प्युटर : विजय खड्का

इति संवत् २०७७ साल माघ २८ गते रोज ४ शुभम् ।

३

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०६७-CI-०४४९, कम्पनी ऐन, २०६३ को दफा १६० बमोजिम सजाय गरिपाऊँ, ध्रुवरूद्र कर्माचार्य वि. कम्पनी बोर्ड, कम्पनी बोर्डको कार्यालय त्रिपुरेश्वरसमेत*

सर्वप्रथम पुनरावेदन पाटन, वाणिज्य इजलासबाट मिति २०६६।१०।२० भएको फैसलाउपर सर्वोच्च अदालतलाई पुनरावेदन सुन्ने क्षेत्राधिकार छ वा छैन ? भन्ने पहिलो प्रश्नतर्फ विचार गर्दा सर्वोच्च अदालतलाई के कस्तो मुद्दामा पुनरावेदन सुन्ने अधिकार छ भनी न्याय प्रशासन ऐन, २०४८ हेर्दा सोको दफा ९(क) को व्यवस्थाअनुसार पुनरावेदन अदालतले सुरू कारबाही र किनारा गरेको मुद्दा, ऐ.को (ग) मा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा पुनरावेदन अदालत पाटनमा सुरू कम्पनी बोर्डबाट भएको मिति २०६५।८।१२ को निर्णयउपर मिति २०६५।१।१३ मा पुनरावेदन परेपछि नेपाल सरकारले मिति २०६५।९।१५ को सूचनाअनुसार मन्त्रिपरिषद्को मिति २०६५।९।९ को निर्णयअनुसार मिति २०६५।०।१ देखि वाणिज्य इजलास गठन गरी सोही इजलासमा पुनरावेदन सरेको देखिन आयो । सोहीबमोजिम पुनरावेदन अदालत पाटनले मिति २०६६।१०।२० मा फैसला गर्दा कम्पनी बोर्डले गरेको फैसला सदर हुने गरी फैसला गरेको देखियो । एकपटक पुनरावेदनको रोहबाट मुद्दा हेरी सुरू सदर भएपछि न्याय प्रशासन ऐन, २०४८ को दफा १२ अनुसार मुद्दा दोहोर्‍याई पाउने निवेदन दर्ता गरी अदालतमा प्रवेश गर्नुपर्नेमा पुनः पुनरावेदनकै रोहबाट मुद्दा हेर्न मिल्ने देखिएन । हाल प्रचलनमा रहेको न्याय प्रशासन ऐन, २०७३ को सर्वोच्च पुनरावेदन लाग्नेसम्बन्धी कानूनी व्यवस्थाको आलोकमा हेर्दा पनि सो मुद्दा पुनरावेदनको रोहबाट हेर्न मिल्ने नदेखिने ।

पुनरावेदकतर्फका विद्वान् कानून व्यवसायीबाट *"पुनरावेदन परेको कारणले मुद्दा सरेको भए तापनि बोर्डकै हैसियतामा सुरू तहसरह बराबरकै*

हैसियतमा मुद्दा हेरिएको छ । प्रस्तुत फैसलामा चित्त नबुझे सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी पुनरावेदनको म्यादसमेत दिएको छ । यसैका आधारमा सर्वोच्च अदालतमा पुनरावेदन गरेकोमा रजिस्ट्रारबाट दरपीठ भएको र सो दरपीठ आदेश बदरसमेत भई पुनरावेदन दर्ता भएकोले पुनरावेदन कानूनसम्म छ" भन्ने तर्क प्रस्तुत हुन आयो सो सन्दर्भमा विचार गर्दा यस्तै प्रकृतिको ज्ञानबहादुर राई विरूद्ध दिलबहादुर राई भएको अंश मुद्दामा सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासबाट ***"पुनरावेदन अदालतले गरेको पुनरावेदन फैसलाउपर उक्त दफा ९ अन्तर्गत यस अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरू खास खास आधारहरूमा यस अदालतले दोहोऱ्याई हेर्न सक्ने व्यवस्था दफा १२ मा भएकै देखिन आउँछ । तर सोअनुसार यो मुद्दामा पुनरावेदन अदालतले गरेको निर्णय दोहोऱ्याई पाउँ भनी यस अदालतमा निवेदन दर्ता भएको नभई सो निर्णयउपरको पुनरावेदनको रूपमा मुद्दा दर्ता हुन आएको र उक्त दफा ९ को उपदफा (१) को खण्ड (ग) अन्तर्गतको पुनरावेदन र दफा १२ अन्तर्गतको मुद्दा दोहोऱ्याउने निवेदन लाग्ने अवस्था र आधारहरू भिन्न भिन्न भएकोले यसमा अब केही विचार गरिरहन परेन । तसर्थ प्रस्तुत मुद्दामा पुनरावेदन अदालतले गरेको फैसलाउपर पुनरावेदन नलाग्नेमा पुनरावेदन परेको देखिन आएकोले पुनरावेदनको औचित्यतर्फ विचार गरिरहन नपर्ने"*** व्याख्या भएको देखिन्छ (ने.का.प. २०५२, अङ्क ३, नि.नं.५०६४) । यस स्थितिमा पुनरावेदकतर्फका विद्वान् कानून व्यवसायीको बहससँग सहमत हुन सकिएन । तसर्थ, न्याय प्रशासन ऐन, २०४८ तथा न्याय प्रशासन ऐन, २०७३ समेतको व्यवस्थाबमोजिम दोस्रो तहको पुनरावेदन यस मुद्दामा लाग्न नसक्ने भएकोले पुनरावेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद आचार्य

इति संवत् २०७६ साल असोज ८ गते रोज ४ शुभम् ।

४

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७२-CR-०४०९, भ्रष्टाचार (हानि नोक्सानी), नेपाल सरकार वि. महेश्वरमान श्रेष्ठसमेत*

पूर्वाञ्चल विश्वविद्यालयमा दर्ता भएका प्राविधिक प्रस्तावको शुल्क रू.२,०००।– का दरले लिएकोसम्म देखिन आउँछ । त्यस्ता प्राविधिक प्रस्तावको आवेदन शुल्क रू.२,०००।– का दरले लिने भनी पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनसम्बन्धी नीति र प्रक्रिया २०६२ लाई संशोधन गरी २०७० तयार भई लागु गरेको देखिन्छ । पूर्वाञ्चल विश्वविद्यालयबाट २०७०।७१ मा सम्बन्धन लिन चाहने कलेजहरूले आवेदन फाराम बुझाउन भनी मिति २०७०।१।९ मा सूचना प्रकाशित गरेको र सो सूचनामा *"शैक्षिक सत्र २०७०।०७१ मा पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिन चाहने शैक्षिक संस्थाहरूले आफूले सञ्चालन गर्न चाहेको शैक्षिक कार्यक्रमको लागि विस्तृत प्रस्ताव आह्वान गरिन्छ, विश्वविद्यालयबाट प्राप्त हुने सम्बन्धनसम्बन्धी सर्त र प्रक्रिया २०६२ पुस्तिका खरिद गरी निर्धारित समयभित्र बुझाइसक्नुपर्ने छ, निर्धारित समयभन्दा पछि आएको प्रस्तावमाथि कुनै कारबाही अगाडि बढाइने छैन, सम्बन्धनसम्बन्धी सर्त र प्रक्रिया २०६२ पुस्तिका रू.२०००।- दुई हजार फिर्ता नहुने गरी नबिल बैंकको चल्ती खाता नं. ०७०६०१०३१०८०२ मा जम्मा गरी सक्कल भौचर आवेदन साथ बुझाएमा फाराम प्राप्त गर्न सकिने छ"* भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । सोही सूचनाका आधारमा विभिन्न कलेजहरूले विभिन्न विषयमा सम्बन्धनका लागि सूचनामा तोकिएको शुल्क रू.२,०००।– बुझाई आवेदन फाराम दर्ता गरेको देखिन्छ । उक्त कुरालाई वादी पक्षले पनि अन्यथा हो भन्न सकेको छैन । प्रतिवादीहरूले बयान गर्दा पूर्वाञ्चल विश्वविद्यालय सभाको निर्णयानुसार पूर्वाञ्चल

विश्वविद्यालयको नीति र प्रक्रियाका आधारमा सूचना प्रकाशित गरिएको र पूर्वाधारको छानबिन गरेर मात्र सम्बन्धनको लागि स्वीकृति प्रदान भएको अवस्थामा मात्र बाँकी सम्बन्धन शुल्क असुल गर्ने भनी जिकिर लिएको देखिन्छ। पूर्वाञ्चल विश्वविद्यालय सभाको १९ औं बैठकको निर्णय नं.६ हेर्दा यस विश्वविद्यालयबाट थप शैक्षिक कार्यक्रम र नयाँ सम्बन्धनका लागि प्रक्रियामा रहेका कलेज क्याम्पसहरूलाई थप शैक्षिक कार्यक्रम तथा नयाँ सम्बन्धन प्रदान गर्न स्वीकृति प्रदान गर्ने, पूर्वाञ्चल विश्वविद्यालय सम्बन्धनसम्बन्धी नीति कार्यक्रम र वस्तुत सर्त एवं मापदण्डसहितको सम्बन्धनसम्बन्धी सर्त र प्रक्रिया पूरा गर्ने कलेज / क्याम्पसहरूलाई नयाँ सम्बन्धन प्रदान गर्न तथा नयाँ शैक्षिक कार्यक्रम थप गर्न स्वीकृति माग गरिएकोमा सोको स्वीकृति प्रदान गर्ने भनी उल्लेख भएको देखिन्छ भने सम्बन्धनसम्बन्धी नीति, सर्त र प्रक्रिया २०७० को बुँदा ३(२) को व्यवस्था हेर्दा छानबिनपछि प्राप्त निवेदनलाई कार्यकारी परिषद्ले स्वीकृत वा अस्वीकृत गर्न सक्ने छ । स्वीकृत आवेदन सम्बन्धनसम्बन्धी प्रक्रिया अगाडि बढाउन मूल्याङ्कन र सम्भाव्यता अध्ययन शुल्क बुझाउनुपर्ने छ भनी उल्लेख भएको देखिन्छ । कार्यकारी परिषद्को २०६९।१२।२९ को निर्णय नं. २२८३ हेर्दा पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिई शैक्षिक कार्यक्रम सञ्चालन नगरेका तपसिलबमोजिमका कलेज क्याम्पसहरूको सम्बन्धन पूर्वाञ्चल विश्वविद्यालय सम्बन्धनसम्बन्धी नियमावलीअनुसार वैशाख मसान्तभित्र खारेज गर्ने साथै विभिन्न सङ्कायमा नयाँ सम्बन्धन लिन चाहने क्याम्पस / कलेजका लागि तत्काल सूचना प्रकाशित गर्ने भनी उल्लेख भएको र तत्पश्चात् २०७०।०१।०९ मा सूचना प्रकाशित भई सोही सूचनाका आधारमा प्रत्येक आवेदन फारामबापत रू.२०००।- का दरले लिई आवेदन फाराम दर्तासम्म गरेको अवस्था हुँदा सम्बन्धनसम्बन्धी नीति, सर्त र प्रक्रियाको विपरीत हुने गरी कार्य गरेको भन्ने अवस्था देखिन नआउने।

अब प्रतिवादीहरूले बदनियतपूर्वक सम्बन्धनका सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयको रकम हिनामिना गरी हानि नोक्सानी पुऱ्याएको अवस्था छ, छैन भन्नेतर्फ विचार गर्दा मिति २०७०।१।९ मा प्रकाशित पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनसम्बन्धी दरखास्त आह्वानको सूचनाको बेहोरा हेर्दा शैक्षिक सत्र २०७०।०७१ मा पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिन चाहने शैक्षिक संस्थाहरूले आफूले सञ्चालन गर्न चाहेको शैक्षिक कार्यक्रमको लागि प्रस्ताव आह्वान गरेको र रू.२०००।– नबिल बैंकको चल्ती खाता नम्बरमा बुझाई सोको सक्कल भौचर आवेदनसाथ बुझाई फाराम प्राप्त गर्न सकिने र सो दरखास्त फाराम बुझाउने मिति, स्थान र समयसमेत उल्लेख गरी प्रस्ताव आह्वान गरेकोमा सोही प्रस्तावका आधारमा विभिन्न विषयमा ५७२ विषयका प्रस्ताव पेस भएका र सो प्रस्तावबापतको भनी रू.२०००।– का दरले रकम बुझाई पेस गरेको कुरा मिसिल संलग्न भौचरबाट देखिन आउँछ । प्रस्तावबापत बुझाएको रकम लिनु खानु गरी हिनामिना गरेको भन्ने दाबी नरही पूर्वाञ्चल विश्वविद्यालयको नीति सर्त र प्रक्रियामा उल्लेख भएबमोजिमको सम्बन्धन शुल्क नलिई हानि नोक्सानी पुऱ्याएको भन्ने भई मूल रूपमा आरोप दाबी रहेको देखिन्छ । पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनसम्बन्धी नीति सर्त र प्रक्रिया पूर्वाञ्चल विश्वविद्यालयको कार्यकारी परिषद्को २०७०।४।१२ को निर्णय नं. २३५३ विभिन्न कलेजहरूमा बाँकी रहेको सम्बन्धन शुल्क बुझाउनका लागि सम्बन्धित कलेजहरूलाई पत्राचार गर्ने भन्ने उल्लेख भएको देखिन्छ । सो निर्णय हुनुभन्दा अघिदेखि नै बाँकी सम्बन्धन शुल्क बुझाउन विभिन्न क्याम्पसहरूमा पत्राचारसमेत गरेको देखिन्छ । पूर्वाञ्चल विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयको मिति २०७१।०५।२५ को पत्र साथ प्राप्त भएको सम्बन्धन

शुल्कको विवरणसमेत मिसिल संलग्न रहेको हुँदा प्रतिवादीहरूबाट अघिको बक्यौता सम्बन्धन शुल्कका सम्बन्धमा समेत कारबाही गरिरहेको अवस्थामा पछि दर्ता भएका प्रस्तावहरूको सम्बन्धन शुल्क नै नलिने बदनियत रहेको भन्ने अवस्था पनि देखिन नआउने।

विभिन्न क्याम्पसबाट सम्बन्धनका सम्बन्धमा पेस भएका प्रस्तावहरूउपरको छानबिनको प्रक्रिया नै प्रारम्भ नभई मिति २०७०।४।३० को सूचनाबाट सम्बन्धनसम्बन्धी कारबाही पनि स्थगित गरिएको देखिन आउँछ। सम्बन्धन दिने नदिने विषय नै स्थगित भई सम्बन्धनको कार्य नै सम्पन्न नभएको अवस्थामा सोही कार्यबापतमा हानि नोक्सानी पुऱ्याएको भनी मान्न सकिने अवस्था देखिएन । आवेदन फाराम बुझाउन २०७०।१।३१ सम्मको समय निर्धारण भएको र सम्बन्धनसमबन्धी नीति सर्त र प्रक्रिया संशोधन भई २०७०।२।१३ बाट लागु हुने गरी तोकिएको सम्बन्धनकै सम्बन्धमा बक्यौता असुल गर्न कारबाही, पत्राचार सूचना इत्यादि भएको मिसिल संलग्न कागजातबाट देखिन आउँदा यसअघि पनि सम्बन्धनका सम्बन्धमा प्रारम्भमा नै शुल्क असुल गर्ने गरेको रहेछ भन्ने पनि देखिन आउँदैन । विभिन्न क्याम्पसहरूसँग के कसरी मिलेमतो गरी दिनुलिनु गरी सम्बन्धन शुल्क नलिई आफूलाई फाइदा र विश्वविद्यालयलाई हानि नोक्सानी पुऱ्याएको हो सो कुरा वस्तुनिष्ठ आधारबाट यकिन हुन सक्ने प्रमाणको अभाव देखिन्छ । यस्तो स्थितिमा प्रतिवादीहरूले बदनियतपूर्वक कार्य गरी विश्वविद्यालयलाई हानि नोक्सानी पुऱ्याएको भनी मान्न सकिने अवस्था नरहने।

विभिन्न आधारहरूबाट पेस भएको प्राविधिक प्रस्तावहरूमा पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनसम्बन्धी नीति सर्त र प्रक्रिया २०७० को अनुसूची २ ले आवेदन मूल्याङ्कन शुल्क र सम्भाव्यता अध्ययन शुल्कसमेत तोकेकोमा सोसम्बन्धी व्यवस्थाको प्रारम्भिक कारबाही शीर्षकअन्तर्गतको बुँदा नं. १ मा शिक्षण संस्थाले सम्बन्धन प्राप्त गर्न बुँदा नं. २ बमोजिम गरेको आवेदनउपर छानबिनका लागि आवश्यक र उपयुक्त देखेमा कार्यकारी परिषद्ले आफैँले छानबिन गर्न वा सम्बन्धित सङ्कायको डिनबाट छानबिन गराउन सक्ने छ भन्ने र उपबुँदा (१) बमोजिमका छानबिनपछि प्राप्त निवेदनलाई कार्यकारी परिषद्ले स्वीकृत वा अस्वीकृत गर्न सक्ने छ, स्वीकृत आवेदन सम्बन्धनसम्बन्धी प्रक्रिया अघि बढाउन अनुसूची-२ को मूल्याङ्कन शुल्क र अनुसूची ३ को सम्भाव्यता अध्ययन शुल्क बुझाउनुपर्ने छ भन्ने व्यवस्था उल्लेख भएको हुँदा छानबिनबाट स्वीकृत भएका क्याम्पसहरूबाट उक्त शुल्क, आवेदन पेस भई स्वीकृत भएको अवस्थामा बुझाउनुपर्ने व्यवस्था गरेको देखिँदा र सम्बन्धनसम्बन्धी आवेदनको छानबिन प्रक्रिया नै स्थगित भएको अवस्थामा प्रस्ताव पेस गरेको समयमा नै उक्त शुल्क नलिई हानि नोक्सानी पुऱ्याएको भन्ने अवस्था नदेखिने।

अब प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम सजाय हुनुपर्ने हो होइन भन्ने तेस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा बिगोका आधारमा दफा ३(१) को प्रावधानअनुरूप सजाय हुन दाबी रहेकोमा दफा १७ को कानूनी व्यवस्था हेर्दा कुनै राष्ट्रसेवकले आफ्नो ओहदा वा सोसम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा बदनियत गरी हिनामिना हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुर मात्राअनुसार दफा ३ बमोजिमको सजाय हुने र त्यसरी हिनामिना गरेको वा मासेको सम्पत्ति निजबाट असुलउपर गरिने भन्ने व्यवस्था उल्लेख भएको देखिँदा प्रतिवादीहरूले लापरवाही वा बदनियत गरी हानि नोक्सानी पुऱ्याएको अवस्था वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनुपर्ने

देखिन आउँछ । प्रस्तुत मुद्दामा आवेदन बुझाउँदाको शुल्क रू.२०००।– लिई प्रस्ताव दर्ता गराएकोसम्म देखिन्छ । सम्बन्धन दिने नदिने सम्बन्धमा अरू कुनै कार्यबाही भएको पाइँदैन । सम्बन्धन माग गर्ने क्याम्पसबाट बदनियतपूर्वक मिलेमतो गरी निजी प्रयोजनका लागि आर्थिक लाभ प्राप्त गरेको भन्ने पनि देखिन आउँदैन । प्रस्ताव पेस गर्ने कलेजहरूलाई छानी छानी घटी बढी रकम लिने काम गरेको नभई सबै आवेदकहरूबाट एउटै आधारमा आवेदन दस्तुरसम्म लिई आवेदन दर्ता गरेको देखिन आउँछ । यस स्थितिमा प्रतिवादीहरूले आरोपित कसुर गरेको अवस्था वस्तुनिष्ठ प्रमाणबाट पुष्टि नभएकोले विशेष अदालत काठमाडौंको फैसला उल्टी गरी प्रतिवादीहरूलाई आरोपित कसुरमा सजाय हुनुपर्ने भनी वादीतर्फका उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादीहरूले लिनुपर्ने शुल्क छुट वा मिनाहा दिई सम्बन्धन लिन चाहने क्याम्पसहरूले तिर्नु नपर्ने गरी निर्णय गरेको भन्ने देखिन आएन । पूर्वाञ्चल विश्वविद्यालयको मिति २०७१।५।२५ को प्रमाणित विवरणबाट ख्वप इन्जिनियरिङ क्याम्पस बाहेक ११६ वटा क्याम्पसहरूले मिति २०७१।५।२४ सम्ममा पहिलाको बाँकी शुल्कबापतको रकम बुझाइसकेको भन्ने देखिन आएको छ । यसबाहेक सम्बन्धन शुल्क असुल गर्ने सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयले विभिन्न क्याम्पसहरूलाई पत्राचार ताकेतासमेत गरिरहेकै अवस्था देखिन आएको छ । यी प्रतिवादीहरूमध्येका यी यी व्यक्तिले यस क्याम्पस वा व्यक्तिबाट पूर्वाञ्चल विश्वविद्यालयको कोषमा जम्मा हुनुपर्ने रकम लिई कोषमा दाखिला नगरी लिनुखानु गरेको भन्ने प्रमाण वादी पक्षबाट पेस हुन आएकोसमेत देखिँदैन । यसैगरी आवेदन दिने क्याम्पसलाई सम्बन्धन दिन योग्य भए नभएको मूल्याङ्कनसहितको प्रक्रियामा प्रवेश गरी नसकेको अवस्था देखियो । विश्वविद्यालयले सम्बन्धन शुल्कबाहेक गरी आवेदन शुल्क रू.२,०००।– मात्र लिने गरी मिति २०७०।१।९ मा प्रक्रियाको प्रारम्भिक चरणको सूचना प्रकाशित गरेको देखिएकोसम्मको अवस्थालाई र सम्बन्धनसम्बन्धी सर्त र प्रक्रिया २०७० को बुँदा नं.३(२) बमोजिम आवेदन स्वीकृतसमेत नभइसकेको अवस्थालाई दृष्टिगत गर्दा सो सम्बन्धन शुल्क लिनै नपर्ने गरी सूचना प्रकाशित नभएको अवस्था र सो सम्बन्धन शुल्कसमेत यी प्रतिवादीहरूले बुझी लिई विश्वविद्यालय कोषमा दाखिला नगरी हिनामिना गरेको भन्नेसमेत नदेखिएको अवस्थामा यी प्रतिवादीहरूले आरोपित भ्रष्टाचारको कसुर गरेको भन्न मिल्ने आधार पाउन सकिएन । अत: ठोस प्रमाणको अभावमा शंकाको आधारमा मात्र यी प्रतिवादीहरूलाई कसुरदार ठहऱ्याउन नमिल्ने हुनाले यी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्ने विशेष अदालत काठमाडौंको मिति २०७१।१२।२ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः शिवप्रसाद आचार्य

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल वैशाख ११ गते रोज ४ शुभम् ।

५

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७०-CI-१२०२, अंश चलन, इच्छादेवी गुरूङ वि. मुना गुरूङसमेत

वादी प्रतिवादीबिच अंशियार नाता सम्बन्ध रहेको तथा अंशबन्डा हुने ठहर भएको सम्बन्धमा वादी पक्षको पुनरावेदन नपरेको हुँदा सोतर्फ विचार गरिरहन परेन । कि.नं. २४३ को जग्गा इच्छादेवी गुरूङ र निजका पति रामबहादुर गुरूङले ध्रुव कालिकाबाट बकसपत्र लिखत गरी प्राप्त गरेको र संयुक्त नाममा रहेकोले आधा भाग इच्छादेवीको निजी आर्जनको कायम हुनुपर्ने भनी पुनरावेदन जिकिर रहेको देखियो । सो सन्दर्भमा विचार गर्दा विवादित कि.नं. २४३ को जग्गा पुनरावेदीका प्रतिवादी इच्छादेवी

गुरूङ र निजको पति रामबहादुर गुरूङले संयुक्त रूपमा बकसपत्रको माध्यमबाट २०४९ सालमा नै प्राप्त गरेको देखियो । मिसिल प्रमाणबाट सो सम्पत्ति इच्छादेवीले निजी तवरबाट बकस पाएको भन्ने देखिँदैन । जग्गा संयुक्त रूपमा प्राप्त गरेको र संयुक्त रूपमा नै एकाघर सगोलमा रहँदाको अवस्थामा सो जग्गामा घर निर्माण गरिएको देखिन्छ । यस प्रकारको सम्पत्तिलाई प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम सबै अंशियारको अंश भाग लाग्ने सगोलको सम्पत्ति भनी अनुमान गर्नुपर्ने हुन्छ । यसरी गरिने अनुमान प्रतिवादी पक्षले प्रमाणद्वारा खण्डित गर्न सकेको देखिँदैन । उक्त कि.नं. २४३ को जग्गा र घरसमेत बन्डा लाग्ने नै देखियो । सुनसरी जिल्ला एकम्बा गा.वि.स. को १० कठ्ठा जग्गा तहतह हक हस्तान्तरण भई अंशियारबाहेकका व्यक्ति बरही चौधरीसमेतको नाममा दर्ता रहेको कुरा मिसिल संलग्न मालपोत कार्यालय सुनसरीको मिति १६७२ मिति २०६८/५/२८ को पत्रबाट देखिन्छ । तसर्थ, सो सम्पत्ति बन्डा लगाउन मिल्ने नदेखिने ।

सुरू फैसला केही उल्टी गरी कि.नं. २४३ को जग्गा र सोमा रहेको घरसमेतका सम्पत्तिबाट ६ भागको ४ भाग अंश वादीले पाउने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०/८/२७ को फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृत:- उषा गिरी

कम्प्युटर : विजय खड्का

इति संवत् २०७७ साल माघ २५ गते रोज १ शुभम् ।

यसै लगाउको निम्न मद्दामा पनि यसैअनुसार फैसला भएको छ :

- ०७२-CI-०९५६, लिखत बदर, देवीमाया गुरूङ वि. इच्छा देवी गुरूङसमेत
- ०७२-CI-०९५७, लिखत बदर, मुना गुरूङसमेत वि. इच्छा देवी गुरूङसमेत
- ०७२-CR-०९८४, जालसाजी, देवीमाया गुरूङसमेत वि. इच्छादेवी गुरूङसमेत
- ०७२-CR-०९८५, जालसाजी, मुना गरूङसमेत वि. इच्छादेवी गुरूङसमेत

इजलास नं.८

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री तेजबहादुर के.सी., ०७०-RB-००६७, मूल्य अभिवृद्धि कर (आ.व.२०६०/०६१), प्रमुख कर प्रशासक सुरेश प्रधान वि. सौरभ फुड प्रोडक्स प्रा.लि., बारा

प्रत्यर्थी सौरभ फुड प्रोडक्स प्रा.लि.द्वारा मिति २०६१।०४।२४ मूल्य अभिवृद्धि कर विवरण पेस भएकोमा मिति २०६५।०४।२४ मा अन्तिम कर निर्धारण भएको अवस्थामा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (४) बमोजिमको ४ वर्षभित्रको हदम्याद व्यतीत भएको भन्ने अवस्था देखिएन । यसरी करदाताले मूल्य अभिवृद्धि कर विवरण पेस गरेको मितिले हदम्याद ४ वर्षभित्र नै मूल्य अभिवृद्धि कर निर्धारण भएको अवस्थामा मुद्दाको विषय वस्तुमा प्रवेश गरी निर्णय गर्नुपर्नेमा हदम्यादको कारण देखाई ठुला करदाता कार्यालयबाट मिति २०६५।४।२४ मा भएको मू.अ.कर निर्धारण आदेश र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६५।८।२० को निर्णय खारेज हुने ठहर गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६७।३।२८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुन: निर्णयका लागि राजस्व न्यायाधिकरण काठमाडौंमा पठाउने ठहर्ने ।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७६ साल माघ २० गते रोज २ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन ।

- ०७०-RB-००६३, आयकर, प्रमुख कर प्रशासक सुरेश प्रधान वि. सौरभ फुड प्रोडक्स प्रा.लि., बारासमेत
- ०७०-RB-००६४, आयकर, सुरेश प्रधान वि. सौरभ फुड प्रोडक्स प्रा.लि., बारासमेत
- ०७०-RB-००६६, आयकर, सुरेश प्रधान वि. सौरभ फुड प्रोडक्स प्रा.लि., बारासमेत
- ०७०-RB-००६५, आयकर, सुरेश प्रधान वि. सौरभ फुड प्रोडक्स प्रा.लि.समेत

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७१-CI-०७७७, फैसला बदर, भरत नेम्कुल वि. मैया नेम्कुल

विवादित कि.नं.३१३ को जग्गाका मोही वादी पूर्णमायाको पति चन्द्रबहादुर नेम्कुल हो भन्ने मिसिल संलग्न १ नं. लगत र जोताहा अस्थाई निस्साबाट देखिन्छ । प्रतिवादी भरत नेम्कुलले भूमिसुधार कार्यालयमा द.नं.१७८/०५७।०५८ मा जग्गा बाँडफाँट गरिपाउँ भनी निवेदन दिंदा पेस गरेको फिल्डबुकमा पनि कि.नं.३१३ को जग्गाको मोही चन्द्रबहादुर नेम्कुल नै देखाएको पाइन्छ । प्रस्तुत मुद्दामा वादीले फिरादसाथ पेस गरेको फिल्डबुकमा पनि कि.नं.३१३ को मोही चन्द्रबहादुर भन्ने नै देखिन्छ । यसरी चन्द्रबहादुर र चन्द्रमान अलग अलग व्यक्ति र दुवै सूर्यमान नेम्कुलका छोरा अर्थात् दाजुभाइ भई ३१२ मा चन्द्रमानले र ३१३ मा चन्द्रबहादुरले १ नं. लगत भरी जोताहा अस्थायी निस्सासमेत प्राप्त गरेको पाइन्छ । यसबाट दुवै जग्गाहरूको मोही चन्द्रमान नै रहेको भन्न नमिल्ने ।

अब, मोही नामसारी र मोही र जग्गाधनीबिचको जग्गा बाँडफाँटको अलग अलग कार्य हुँदा अलगअलग फिराद लाग्नेमा एउटै फिरादबाट फैसला गरियो भन्ने पुनरावेदन जिकिरको हकमा मुलुकी ऐन, अदालती बन्दोबस्तको ७२ नं. मा फिराद पत्र लिँदा देवानी फौजदारी मुद्दाको छुट्टाछुट्टै लिनुपर्ने, सोबाहेकको स्थितिमा एउटै फिराद पत्रमा एउटै मानिसले एउटै मानिसउपर जतिसुकै झगडाको विषयको कुरा लेखी ल्याएको र जतिसुकै मानिसले जतिसुकै मानिसउपर एउटै झगडाको विषयको कुरा लेखी ल्याएको भए पनि लिई सोबमोजिम सबै कुराको सोही फिरादपत्रबाट इन्साफ गरी दिनुपर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत फिरादमा नामसारी र बाँडफाँट गर्ने कार्य दुवै देवानी प्रकृतिका कार्य भएको हुँदा एउटै फिरादपत्रबाट कारबाही गर्न सक्ने नै हुन्छ । त्यसबारेको विवाद प्रस्तुत मुद्दाको अघिल्लो चरणमा उठी सर्वोच्च अदालतको मिति २०६९।५।२६ को फैसलाबाट दुवै विषयमा इन्साफ गर्ने भनी मिसिल पुनरावेदन अदालतमा पठाइएको र नामसारी र बाँडफाँट एउटै कारोबारको निरन्तरतासमेत हुँदा दुवै कार्य बदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भनिरहनुपर्ने नदेखिने ।

अतः विवादित कि.नं.३१३ को मोही चन्द्रमान नेम्कुल भनी दाबी गरी निजका छोरा भरत नेम्कुलका नाउँमा नामसारी हुने गरी भएको भूमिसुधार कार्यालयको मिति २०५३।११।६ को निर्णय बदर हुने ठहऱ्याएको सोही कार्यालयको मिति २०६३।९।४ को निर्णय मिलेकै देखिए पनि उक्त मितिको निर्णयबाट मोही नामसारी गरी प्रतिवादी भरत नेम्कुल र जग्गाधनी बाबुरत्न बज्राचार्यका बिच जग्गा बाँडफाँट गरिदिने गरी भएको भूमिसुधार कार्यालय ललितपुरको मिति २०५७।४।९ को निर्णयसमेत कायम रहन नसक्ने हुँदा जग्गा बाँडफाँटसमेतको निर्णय बदर भई मिति २०६३।९।४ को फैसला केही उल्टी हुने ठहरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७०।१२।१७ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : शारदादेवी पौडेल

कम्प्युटर : शान्ति तामाङ

इति संवत् २०७६ साल माघ १ गते रोज ४ शुभम् ।

३

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ, ०७६-WH-०२८८, बन्दीप्रत्यक्षीकरण, *पवन घिमिरे वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत*

निवेदकले प्रस्तुत मुद्दाको जरियाको रूपमा रहेको ०७०-CP- १७१९ लेनदेन मुद्दामा आफूलाई सुनुवाइको मौका नदिई एकतर्फी रूपमा फैसला गरी सोही फैसलाको आधारमा थुनामा पठाएको भन्ने जिकिर छ, सो सम्बन्धमा दृष्टिगत गर्दा उक्त मुद्दाको कारबाही प्रक्रिया अगाडि बढाउँदा के कस्तो कार्यविधि अवलम्बन गरिएको थियो भन्ने कुराले महत्त्व राख्ने गर्दछ । कुनै पनि मुद्दामा प्रतिवादीलाई सुनुवाइको मौका दिनु भनेको निजउपर वादीले लगाएको आरोपको प्रतिवाद गर्ने मौका प्रदान गर्नु वा निज विरूद्ध लागेको आरोपको सूचना पाउनु हो । उक्त सूचनाको लागि वादीले मुद्दा दर्ता गरेपछि प्रतिवादीको नाउँमा म्याद जारी गरिनुपर्दछ र जारी भएको म्याद कानूनी रीतपूर्वक तामेली भएको हुनुपर्दछ । उक्त लेनदेन मुद्दाको सन्दर्भमा हेर्दा यी निवेदकको नाउँको म्याद निजले कपाली तमसुकमा उल्लेख गरेको हाल बसोबास गरेको ठेगाना काठमाडौं महानगरपालिका वडा नं. १० बानेश्वरमा जारी भएकोमा उक्त म्याद बेपत्ते तामेली भई आएको मिसिल संलगन तामेलीप्रतिबाट देखियो । सोपश्चात् वादी प्रमिला राजभण्डारी श्रेष्ठले राष्ट्रिय दैनिक पत्रिकामा सूचना म्याद प्रकाशित गरिपाउँ भनी दिएको निवेदनको आधारमा काठमाडौं जिल्ला अदालतको मिति २०७०/११/८ को आदेशबमोजिम जिल्ला अदालत नियमावली, २०५२ को नियम २२ नं. बमोजिम अन्नपूर्ण पोष्टमा मिति २०७०/११/३० मा सार्वजनिक सूचना प्रकाशित भएको देखिने ।

जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क (१) मा *"मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११० नं. बमोजिम तोकिएको प्रक्रियाबाट म्याद तामेल हुन नसकेमा देहायबमोजिम म्याद तामेल गराउन सकिने छ । यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिने छ भनी उल्लेख भएको पाइन्छ" ।* त्यसैगरी २२क (१) को देहाय (ख) मा *"मुद्दाको प्रकृति हेरी प्रतिवादीले म्याद तामेली भएको जानकारी सहज रूपमा पाउन सक्ने मनासिब आधार र कारण छ भनी इजलासबाट आदेश भएमा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरेर......."* भन्ने व्यवस्था गरेको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक सूचना जारी भइसकेपछि पनि निवेदकले थाहा जानकारी नपाएको भन्न मिल्ने अवस्था नरहने ।

सार्वजनिक सूचना जारी गर्नुको उद्देश्य सम्बन्धित सबैले सूचना थाहा पाएको हुन्छ भन्ने अनुमान गर्नु हो । सार्वजनिक सूचना जारी गरेर प्रतिवादीको नाउँको म्याद तामेल गर्न नमिल्ने भन्ने हो भने कतिपय अवस्थामा प्रतिवादीका नाउँमा सूचना म्याद तामेल गर्न नसकिने र मुद्दाको कारबाही प्रक्रिया नै रोकिने अवस्था आइपर्छ । यसबाट अदालतमा विचाराधीन रहेका मुद्दामा अनन्तकालसम्म म्याद तामेल हुन नसकी न्याय निरूपण गर्ने कार्य असम्भव हुन गई अन्तत यसबाट सम्पूर्ण न्यायिक प्रक्रिया नै अन्योलग्रस्त हुन जान्छ । यसै सन्दर्भमा *"जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क(१)(ख) मा मुलुकी ऐन अ.बं.११० नं. बमोजिमको प्रक्रियाबाट म्याद तामेल हुन नसकेको कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेर म्याद तामेल गराउन सकिने व्यवस्था गरेको छ । उक्त कानूनी व्यवस्थाअनुसार राष्ट्रियस्तरको समाचारपत्रमा सार्वजनिक सूचना जारी गरिसकेपछि पनि निवेदकले थाहा जानकारी नपाएको भन्न मिल्ने अवस्था नरहने"* भनी मोतीबहादुर प्रसाई वि. सुनसरी जिल्ला अदालत, इनरूवा, सुनसरीसमेत भएको उत्प्रेषण / परमादेश मुद्दामा समेत सिद्धान्त प्रतिपादन भइरहेको अवस्था देखिने ।

उपर्युक्त कानूनी व्यवस्था एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेत विद्यमान रहेको स्थितिमा यी निवेदक पवन घिमिरेको नाउँको म्याद मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११० नं. बमोजिम तोकिएको प्रक्रियाबाट तामेल हुन नसकेपछि राष्ट्रियस्तरको दैनिक पत्रिका अन्नपूर्ण पोष्टमा मिति २०७०।११।३० सार्वजनिक रूपमा सूचना प्रकाशित भएको देखिएकोमा यी निवेदकले थाहा नपाएको भन्न मिलेन । यसको साथै उक्त फैसला कार्यान्वयनको चरणमा जारी भएको तामेली म्याद निज आफैँले हातैमा बुझिलिएको देखिएबाट सुनुवाइको मौका नै नपाएको भन्ने निवेदन जिकिर आफैँमा खण्डित भइरहेको पाइने।

यसरी निवेदकले आफूउपर प्रमिला राजभण्डारी श्रेष्ठले दिएको लेनदेन मुद्दा (०७०-CP-१७१९) को म्याद राष्ट्रियस्तरको दैनिक पत्रिका अन्नपूर्ण पोष्टमा प्रकाशित सूचनामार्फत र सो मुद्दाको फैसला कार्यान्वयन चरणको म्याद आफैँले हातैमा बुझी अदालतको प्रक्रियामा सामेल भई रकम तिर्न सक्तिन कानूनबमोजिम होस् भनी कागजसमेत गरिदिएपछि कानूनको मार्ग अनुशरण गरी फैसला कार्यान्वयनको सिलसिलामा निवेदकलाई कैदमा पठाइएको हुँदा निवेदकको थुनालाई गैरकानूनी भन्न नमिल्ने।

तसर्थ, विवेचित आधार कारणसमेतबाट काठमाडौं जिल्ला अदालतबाट यी निवेदकउपर दायर भएको लेनदेन मद्दामा निवेदकको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० बानेश्वरमा जारी भएको ३० दिने म्याद बेपत्ते तामेल भएको कारण जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क(१)(ख) बमोजिम मिति २०७०।११।३० को अन्नपूर्ण पोष्टमा प्रकाशित म्याद सूचना, सोही आधारमा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।३।१५ मा भएको फैसला र उक्त फैसला कार्यान्वयन सम्बन्धमा भए गरेका अन्य कामकारबाही कानूनविपरीत रहेको भन्ने नदेखिएको साथै सम्पूर्ण कानूनी रीत तथा प्रक्रिया पूरा गरी निवेदकलाई कैदमा राखिएको पाइँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७७ साल वैशाख २ गते रोज ३ शुभम्।

४

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा, ०७१-CR-०७३१, लागु औषध डाइजेपामसमेत, नेपाल सरकार वि. अर्जुन साह

पुनरावेदक वादी नेपाल सरकारको उक्त पुनरावेदन जिकिरका सन्दर्भमा **लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ मा भएको दण्ड सजाय**सम्बन्धी व्यवस्थालाई हेर्दा, उक्त दफा १४ को उपदफा (१) (ज) मा *"नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकृतिक वा कृत्रिम लागु औषध वा मनोद्वीपक पदार्थ (साइकोट्रपिक सब्स्ट्रान्स) र तिनको लवण र अन्य पदार्थसमेतको दुर्व्यसन गर्ने व्यक्तिलाई दुई महिनासम्म कैद वा दुई हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय"* भन्ने र उपदफा (१) (झ) मा *"माथि खण्ड (ज) मा लेखिएदेखि बाहेक अन्य निषेधित कार्य गर्ने व्यक्तिलाई दुई वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि बिस लाख रूपैयाँसम्म जरिवाना"* भन्ने उल्लेख भएको पाइन्छ । यसरी कानूनले नै प्रस्ट रूपमा जरिवानाको तल्लो र माथिल्लो हद तोकिदिएको अवस्थामा कानूनविपरीत हुने गरी कानूनले तोकेकोभन्दा घटी सजाय गर्न मिल्ने नदेखिने।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) ले दुई वर्षदेखि दश वर्षसम्म कैद र एक लाख रूपैँयादेखि बिस लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था गरेकोमा प्रतिवादी अर्जुन साहलाई सुरू मकवानपुर जिल्ला अदालतले लागु औषध (नियन्त्रण)

ऐन, २०३३ को दफा १४(१)(ज) बमोजिम १ (एक) महिना कैद र रू. २,०००।- (दुई हजार रूपैयाँ) जरिवाना र बिक्री वितरण गर्ने उद्देश्यले रक्सौलमा खरिद गरेको भन्ने उल्लेख भई सो ओसारपसारसमेत गरेको पुष्टि भएबाट निजलाई ऐ. ऐनको दफा १४(१)(झ) बमोजिम ३ (तीन) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने ठहरी सजाय गरेकोमा तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट उक्त फैसला केही उल्टी भई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम २(दुई) वर्ष कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने ठहरी भएको फैसलामा उक्त दफाको त्रुटि भई मिलेको देखिन नआउने।

माथि विवेचित आधार र कारणबाट तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।३।१७ मा प्रतिवादीलाई भएको २(दुई) वर्ष कैद र रू.५०,०००।- (पचास हजार रूपैयाँ) जरिवाना हुने गरी भएको फैसलामा जरिवानाको हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी अर्जुन साहलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(झ) बमोजिम २(दुई) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७७ साल आषाढ ७ गते रोज १ शुभम्।

५

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री कुमार रेग्मी, ०७५-CR-०५०५, भ्रष्टाचार हानि नोक्सानी, *जनक न्यौपाने वि. सन्तोष के.सी.*

प्रतिवादी सन्तोष के.सी. अध्यक्ष रहेको बेनिघाट-आरूघाट-लार्केभञ्ज्याङ सडक निर्माण योजनाअन्तर्गत दर्बुङ-घ्याल्चोक खण्डमा अध्यक्षसहितको १५ सदस्यीय उपभोक्ता समिति गठन भएकोमा समितिका अध्यक्ष सन्तोष के.सी.लाई मात्र प्रतिवादी कायम गरेको देखिन्छ। तर उक्त समितिका सदस्यहरू र सो समितिको नाममा रहेको बैंक खाता संयुक्त रूपमा सञ्चालन गर्ने सचिव तथा कोषाध्यक्षका साथै उक्त समितिलाई काम सम्पन्न भएकोभन्दा बढी निकासा भुक्तानी दिने प्रक्रियामा संलग्न तत्कालीन जिल्ला विकास समितिको कार्यालय, गोरखामा कार्यरत कर्मचारीहरूलाई प्रतिवादी कायम नगरी अभियोजन पक्षले आवश्यक व्यक्तिहरूलाई प्रतिवादी बनाउनुपर्ने सिद्धान्तको विपरीत मुद्दा दायर गरेको देखिन्छ। यस स्थितिमा प्रतिवादी सन्तोष के.सी.ले मात्र आरोपित कसुर गरेको भनी वादी नेपाल सरकारले शंकारहित ठोस प्रमाण पेस गर्न सकेको नदेखिने।

प्रतिवादी सन्तोष के.सी.ले उक्त दर्बुङ-घ्याल्चोक सडक खण्डमा सडक निर्माणको कार्यको लागि कुल खर्च रू. ७१,०१,९५५।५० भएको भनी मिति २०६६।१०।१३ मा बसेको बैठकबाट बिल भरपाई सार्वसाधारणको जानकारीका लागि सार्वजनिक गरेको साथै तत्काल वर्षाकालीन समय, भौगोलिक विकटता, धरातलीय स्वरूप र प्राविधिक रूपमा काम गर्न कठिनाई भएकोसमेतको कारणबाट छोटो अवधिमा काम गर्न नसकेको तर पछि सम्पूर्ण काम सम्पन्न भइसकेको हुनाले कार्य (योजना) को फर-फारक गरी पाउनुपर्ने रकम भुक्तानी पाउँ भनी मिति २०६९।९।६ मा निजले निवेदन पेस गरेको मिसिल संलग्न प्रमाण कागजबाट देखिन्छ। आ.व.२०६५।०६६ मा विवादित सडक खण्डको सम्बन्धमा आन्तरिक लेखा परीक्षणमा *"...उपभोक्ता समितिसँग रू.५९,९६,६७७।- मा सम्झौता भएकोमा पेस्कीसमेत रू.५२,२१,४३७।२७ भुक्तानी भइसकेको छ भने सम्झौताअनुसार २/३ काम बाँकी नै रहेको पाइएको हुँदा छानबिन गरी काम सम्पन्न गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ..."* भन्ने प्रतिवेदन दिएकोमा *"आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र असुल फछ्र्यौट भएको प्रमाण वा बेरूजु कायम गर्नु नपर्ने कुनै कारण*

भए प्रमाणसहितको जवाफ पठाउनुहुन.....” भनी महालेखापरीक्षकको कार्यलयले मिति २०६६।११।२८ मा जिल्ला विकास समितिको कार्यालय, गोरखालाई पत्राचार गरेको तर उक्त पत्रानुसारको जवाफ जिल्ला विकास समितिको कार्यालय, गोरखाले पठाएको भन्ने कुनै पनि प्रमाण मिसिल सामेल रहेको पाइँदैन । त्यस्तै जिल्ला विकास समितिको कार्यालय, गोरखाका तत्कालीन स्थानीय विकास अधिकारी राजकुमार श्रेष्ठले आर्थिक वर्षको थोरै समय बाँकी रहे पनि तत्काल उपभोक्ता समितिको कार्य प्रगति हेर्दा बाँकी काम सम्पन्न गर्न सक्ने अवस्था देखिएकोले सर्वदलीय संयन्त्रको सुझाव, निर्देशन र प्राविधिक रायसमेतको आधारमा उपभोक्ता समितिको खातामा रकमान्तर गरेको हो भनी अनुसन्धान अधिकारीसमक्ष बयान गरेबाट प्रतिवादी सन्तोष के.सी. एक जनाले मात्र व्यक्तिगत रूपमा बदनियतका साथ यो-यस्तो काम गरी वा नगरी, यो-यति रकम लिई-खाई आफूले लाभ प्राप्त गरेको र जिल्ला विकास समितिलाई हानि नोक्सानी पुऱ्याएको, सम्पन्न भएको कामभन्दा बढी रकम आफैँ सक्रिय भई पेस्की लिएको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार अभियोजन पक्षमा हुने भन्ने कानूनी व्यवस्था गरेको छ । तर अभियोजन पक्षबाट प्रतिवादीले सडक निर्माणको कार्य सम्पन्न नगरी आफूले सम्पन्न गरेको कामभन्दा बढी रकम बुझी आफू वा अन्य कोही-कसैलाई लाभ पुऱ्याएको र जिल्ला विकास समितिलाई हानि नोक्सानी गरी भ्रष्टाचार गरेको भन्ने शंकारहित तबरबाट कुनै ठोस प्रमाण पेस गर्न नसकेबाट “शंकाको सुविधा अभियुक्तले पाउने” भन्ने फौजदारी न्यायको सिद्धान्तअनुरूप प्रतिवादी सन्तोष के.सी.ले आरोपित कसुरबाट सफाइ पाउने भनी विशेष अदालत काठमाडौंले गरेको फैसलालाई अन्यथा भन्न मिल्ने नदखिने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी सन्तोष के.सी.ले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको विशेष अदालत काठमाडौंको मिति २०७५।२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: करूणा श्रेष्ठ

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७६ साल पुस २२ गते रोज ३ शुभम्।

६

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी, ०७४-CR-०६३६, खोटा चलन, नेपाल सरकार वि. विरेन्द्र सहनी

निज प्रतिवादी अदालतमा आई बयान गर्दा म लक्ष्मीपुरको कोतवालीको गा.वि.स.को कार्यालय सहायक पदमा काम गरी आएको छु । म कुनै किसिमको खोटा चलन ओसार पसार गर्ने मानिस होइन । गाउँ घरकै दुश्मनीले गर्दा मलाई झुट्ठा मुद्दामा फसाउन खोजेका हुन् । उक्त खोटा चलनमा मेरो संलग्नता छैन भनी कसुरमा इन्कार रही बयान गरेको देखियो । सहप्रतिवादी फरमुल्लाहले मौकामा बयान कागज गर्दा निज प्रतिवादीलाई पोल उजुर गरे पनि सुरू अदालतमा आई बयान गर्दा निज प्रतिवादीलाई चिन्दिन भनी (स.ज. ९) बयान गरेको पाइयो । निज प्रत्यर्थी प्रतिवादी मौकामा प्रकाउ भएको अवस्था पनि देखिँदैन । निज प्रतिवादीको साक्षी हेफाजुल अन्सारीले अदालतमा आई बकपत्र गर्दा, म र प्रतिवादी अताउल मियाँ अन्सारी उक्त दिन बिहान ६ बजे नै इद पर्वको लागि वीरगन्ज कपडा किन्न गएकोमा ढिला भएकोले वीरगन्जमा नै बसी भोलिपल्ट बिहान मात्र घर आएको हुँ । निज खोटा चलनको कारोबार गर्ने व्यक्ति होइनन् । निजले कसुरबाट सफाइ पाउनुपर्छ भनी लेखाइदिएको पाइयो । यसरी अन्य वस्तुनिष्ठ कागज प्रमाणबाट कसुर प्रमाणित हुन नसकेको अवस्थामा सहप्रतिवादी फरमुल्लाह अन्सारीको अनुसन्धानमा

गरेको पोल उजुरको आधारमा मात्र निज प्रतिवादीलाई कसुर ठहऱ्याउन न्यायसङ्गत देखिएन । फौजदारी मुद्दामा प्रतिवादीउपरको अभियोग शंकारहित तवरबाट प्रमाणित गर्ने भार वादी नेपाल सरकारमा रहन्छ । शंकाको भरमा प्रतिवादीलाई कसुरदार ठहऱ्याउनु फौजदारी न्यायका सिद्धान्तको विपरीत हुन जान्छ । यस्तो अवस्थामा निज प्रतिवादीलाई सुरू जिल्ला अदालतबाट कसुरदार ठहर गरी उच्च अदालतबाट सफाइ दिएको सो हदसम्मको फैसला मिलेकै देखिन आउने।

अतः माथि उल्लिखित आधार र कारणहरूबाट पुनरावेदक प्रतिवादी अताउल मियाँ अन्सारीलाई अभियोग दाबीबमोजिम सजाय हुने गरी सुरू बारा जिल्ला अदालतबाट मिति २०७३।३।१ मा भएको फैसला मिलेको नदेखिँदा सो हदसम्मको फैसला केही उल्टी भई निज पुनरावेदक प्रतिवादी अताउल मियाँ अन्सारीले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी वीरेन्द्र सहनीले सुरू जिल्ला अदालतबाट सफाइ पाएकोमा दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत बेहोराको उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट मिति २०७४/०३/२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शारदादेवी पौडेल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७७ साल जेठ ९ गते रोज ६ शुभम्।

७

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी, ०७६-WH-०३४०, बन्दीप्रत्यक्षीकरण, *गम्भीर वि.क. वि. जिल्ला प्रहरी कार्यालय, सिन्धुलीसमेत*

निवेदकलाई मिति २०७६।११।७ मा सिन्धुपाल्चोकमा पक्राउ गरी मिति २०७६।१२।०४ मा जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकबाट धरौट तारेखमा छाड्ने आदेश भएकोमा धरौटी दाखिल गरेपछि नछाडी दोलखा पुऱ्याइएको, त्यहाँबाट मिति २०७६।१२।०६ मा साधारण तारेखमा छाड्ने आदेश गरे पनि नछाडी रामेछाप पुऱ्याइएको र मिति २०७७।१।१८ मा साधारण तारेखमा छाड्ने आदेश भएकोमा पनि नछाडी सोही मितिमा सिन्धुली लगी जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकमा हिरासतमा राखिएको भन्ने निवेदन जिकिरबाट देखियो । मिसिल संलग्न जिल्ला प्रहरी कार्यालय, रामेछापको लिखित जवाफ हेर्दा निवेदकलाई मिति २०७७।१।१८ को जिल्ला प्रशासन कार्यालय, रामेछापको आदेशले साधारण तारेखमा छाडिएको भन्ने नै देखिन्छ भने प्रहरी प्रधान कार्यालयको लिखित जवाफ हेर्दा निवेदक रामेछापबाट र सोपूर्व दोलखा तथा सिन्धुपाल्चोकमा पक्राउ गरिएको भन्ने निवेदन जिकिरको विषयमा मौन रहेको देखियो । यसबाट निवेदक मिति २०७६।११।०७ देखि नै निरन्तर थुनामा रहेछ भन्ने कुरालाई प्रत्यर्थी पक्षले परोक्ष रूपमा स्वीकार गरेको भन्नुपर्ने हुन आयो। यसरी निरन्तर प्रहरी हिरासतमा राखिएको व्यक्तिले प्रहरीउपर अभद्र व्यवहार गऱ्यो भन्ने कुराको पूर्वावस्थाको विद्यमानता नै नदेखिई निवेदकलाई निरन्तर थुनामा राखेको पाइँदा, सो थुना गैरकानूनी देखिन आयो।

नेपालले अनुशरण गरेको व्यवस्था लोकतान्त्रिक व्यवस्था हो । विचार र अभिव्यक्तिको स्वतन्त्रता, आफ्नो वैचारिक आस्थाबमोजिम राजनीतिक दल खोल्ने र त्यसरी खुलेको दलमा संलग्न हुने कुरा लोकतन्त्रमा स्वीकार्य हुन्छ । संविधानले त्यसलाई रोकेको छैन। संविधानले केवल हिंसालाई रोकेको छ। राजनीतिक आस्था वा विचारको आवरणमा कुनै पनि प्रकारको हिंसामा संलग्न रहन पाइँदैन। यस्ता कार्य कानूनको नजरमा अपराध हुने हुँदा हिंसा भएको स्थितिमा कानूनले आफ्नो बाटो लिने नै हुन्छ । यहाँ निवेदकले कुनै हिंसा वा विध्वंशमा संलग्न रहेको भनी

विपक्षीले भन्न सकेको अवस्था छैन । निरन्तर थुनामा रहेको व्यक्तिले अभद्र व्यवहार गर्ने भन्ने कुरा पनि पत्यारलायक नदेखिएबाट यहाँ निवेदकलाई थुनामा राख्ने पूर्वावस्थाको विद्यमानता नै नदेखिने ।

यसरी निवेदकलाई अभद्र व्यवहारको आरोपमा पक्राउ गरी पर्याप्त आधार र कारणबिना प्रवृत्त भावनाले पूर्वावस्थाको विद्यमानताको अभावमा समेत अभद्र व्यवहारको आरोप लगाई थुनामा राखिएको देखिँदा निज निवेदकको थुना गैरकानूनी देखियो । अतः बन्दी निवेदक मुकुन्द श्रेष्ठलाई सम्बन्धित जिल्ला अदालतको स्रेस्तेदारको रोहवरमा आजै थुनाबाट मुक्त गरिदिनु भनी सर्वोच अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७७ साल वैशाख ३० गते रोज ३ शुभम् ।

८

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी, ०७६-WH-०३४३, बन्दीप्रत्यक्षीकरण, *पुष्पक चन्द वि. जिल्ला प्रहरी कार्यालय, चितवनसमेत*

रिट निवेदक दिलिप चन्दलाई बिनाआधार र कारण फरक आस्था र विचारका आधारमा जिल्ला प्रहरी कार्यालय, कपिलवस्तुले मिति २०७६।११।२९ मा पक्राउ गरी अभद्र व्यवहार मुद्दा लगाई २५ दिन थुनामा राखी मिति २०७६।१२।२३ गते जिल्ला प्रशासन कार्यालयबाट मुद्दा पुर्पक्षको लागि साधारण तारेखमा राख्ने आदेश भई छुटे लगत्तै सोही दिन विपक्षीहरूले पुनः दोस्रो पटक पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, नवलपरासी (बर्दघाट, सुस्ता पश्चिम) पुऱ्याएको र सो थुनाउपर यसै सम्मानित अदालतबाट मिति २०७७।१।११ मा ०७६-WH-०३२७ बाट गैरकानूनी थुनामुक्त गर्ने आदेश भए पनि थुनामुक्त नगरी पुनः तेस्रो पटक पक्राउ गरी जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट, सुस्तापूर्व) पुऱ्याएकोमा सोउपर यसै सम्मानित अदालतबाट पुनः मिति २०७७।०१।२२ मा ०७६-WH-०३३७ बाट गैरकानूनी थुनाबाट मुक्त गर्ने आदेश भएकोमा पुनः थुनामुक्त नगरी चौथो पटक निवेदकलाई हाल जिल्ला प्रहरी कार्यालय चितवनमा गैरकानूनी थुनामा राखेकोले नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक कुन्ठित भएको हुँदा विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भनी निवेदन माग दाबी लिएको देखिने ।

नेपालले अनुशरण गरेको व्यवस्था लोकतान्त्रिक व्यवस्था हो । विचार र अभिव्यक्तिको स्वतन्त्रता, आफ्नो वैचारिक आस्थाबमोजिम राजनीतिक दल खोल्ने र त्यसरी खुलेको दलमा संलग्न हुने कुरा लोकतन्त्रमा स्वीकार्य हुन्छ । संविधानले त्यसलाई रोकेको छैन । संविधानले केबल हिंसालाई रोकेको छ । राजनीतिक आस्था वा विचारको आवरणमा कुनै पनि प्रकारको हिंसामा संलग्न रहन पाइँदैन । यस्ता कार्य कानूनको नजरमा अपराध हुने हुँदा हिंसा भएको स्थितिमा कानूनले आफ्नो बाटो लिने नै हुन्छ । यहाँ निवेदकले कुनै हिंसा वा विध्वंशमा संलग्न रहेको भनी विपक्षीले भन्न सकेको अवस्था छैन । निरन्तर थुनामा रहेको व्यक्तिले अभद्र व्यवहार गर्ने भन्ने कुरा पनि पत्यारलायक नदेखिएबाट यहाँ निवेदकलाई थुनामा राख्ने पूर्वावस्थाको विद्यमानता नै देखिएन ।

निवेदकलाई सेवामा खटिएका प्रहरीलगायतका व्यक्तिहरूलाई अभद्र व्यवहार गरेको आरोपमा पटकपटक पक्राउ गरी पर्याप्त आधार र कारणबिना प्रवृत्त भावनाले निरन्तर थुनामा राखेको देखिन्छ । व्यक्तिको वैयक्तिक स्वतन्त्रताजस्तो बहुमूल्य मौलिक हकमाथि पूर्ण प्रतिबन्ध लाग्ने गरी कसैलाई थुनामा राख्नुपूर्व पर्याप्त आधार र कारणको आवश्यकता पर्नेमा सोको अभावमा यस अदालतबाट जारी भएका आदेशहरूको समेत उल्लङ्घन गरी निवेदकलाई निरन्तर थुनामा राखेको कार्य बदनियत तथा प्रवृत्त

भावनायुक्त रहेको देखिँदा निवेदक गैरकानूनी थुनामा रहेको देखियो । अतः बन्दी निवेदक दिलिप चन्दलाई सम्बन्धित जिल्ला अदालतको स्रेस्तेदारको रोहवरमा आजै थुनाबाट मुक्त गरिदिनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) र (ख) बमोजिम यो बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: कर्णबहादुर राई

कम्प्युटर : रेखा भट्टराई

इति संवत् २०७७ साल वैशाख ३० गते रोज ३ शुभम् ।

इजलास नं.९

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरुषोत्तम भण्डारी, ०७५-WO-००८२, उत्प्रेषण, अरविन्दकुमार अग्रवाल वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

निवेदकलाई नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०७४।०६।२५ को निर्णयबमोजिम नेपाल आयल निगम लिमिटेडको सञ्चालक समितिको विज्ञ सदस्यमा नियुक्ति गर्दा ३ वर्षको कार्यकाल निश्चित गरी नियुक्ति गरिएको र उक्त नियुक्ति भएको मितिदेखि लागु हुने गरी कार्यकाल ३ वर्षसम्म हुने मिसिल संलग्न आपूर्ति मन्त्रालयको च.नं.१२७, मिति २०७४।०६।२५ गतेको मिसिल संलग्न पत्रबाट देखिन्छ । निजलाई नियुक्ति गर्दा आपूर्ति मन्त्रालयको च.नं.११९, मिति २०७४।६।२२ को पत्रबमोजिम निर्वाचन आयोग नेपालसँग सहमति माग भई आयोगको च.नं.१०९७, मिति २०७४।६।२३ गतेको पत्रद्वारा आयोगको मिति २०७४।६।२२ को बैठकबाट सहमति प्रदान गरिएको भन्ने बेहोरा मिसिल संलग्न पत्रबाट देखिन्छ । यसबाट निर्वाचन आचार संहिता लागु भएको अवस्थामा निर्वाचन आयोगको सहमतिबिना नियुक्ति गरिएकोले नियुक्ति बदर गरिएको हो भन्ने विपक्षीहरूको लिखित जवाफमा उल्लिखित तर्कसँग सहमत हुने अवस्था नदेखिने ।

कुनै व्यक्तिको विरूद्ध कुनै कारबाही गर्दा न्यायका मान्य सिद्धान्तसमेत पालन गर्नुपर्ने हुन्छ । यी निवेदकलाई सो पदमा भएको मनोनयन खारेज गरिएको पत्र बुझाउनुपूर्व कुनै कुराको सोधपुछ, पत्राचार आदि केही गरिएको छैन भनी निवेदनमा जिकिर लिएकोमा मिसिल संलग्न कागजात एवम् विपक्षीहरूको लिखित जवाफबाट पनि निज निवेदकलाई सो पदबाट हटाउनुपूर्व स्पष्टीकरण वा कुनै जानकारी माग गरेको पनि देखिँदैन । प्राकृतिक न्यायको सिद्धान्तबमोजिम कुनै पनि व्यक्तिलाई कारबाही गर्नुपूर्व निजलाई आफ्नो भनाइ राख्ने मौका दिनु पर्दछ । यो न्यायको स्थापित मान्य सिद्धान्त हुँदा यसबारे पटक-पटक यस अदालतले बोलिसकेको तथा विपक्षीहरूलाई जानकारी नै भइरहेको विषय हो । यसै सन्दर्भमा निवेदक गौरीमाया घिमिरे विरूद्ध विपक्षी विशेष अदालत बबरमहल, काठमाडौंसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दा (ने.का.प.२०७३, अङ्क-४, नि.नं.९५८२) मा *"यथोचित विधि र प्रक्रिया न्यायको अन्तर्निहित तत्त्व हो । यथोचित विधिको प्रयोग र पालनाबाट प्रक्रियामा स्वच्छता ल्याउँछ । त्यस्तो विधि र प्रक्रियाअन्तर्गत पर्याप्तरूपमा सुनुवाइको मौका प्रदान गर्नु र आफ्नो कुरा भन्न पाउने सरल अवसरबाट विमुख नगरिनु पनि पर्न आउँछ । आफू विरूद्ध लागेको अभियोगमाथि प्रतिरक्षा गर्ने अवसर प्राप्त गर्न पाउनु जुनसुकै व्यक्तिको कानूनी र कार्यविधिगत अधिकार पनि हो । सुनुवाइको उचित अवसरमा हरेक पक्षलाई आफ्नो कुरा पूरा-पूरा (adequately) राख्न दिनु र हरेक विकल्प प्रयोग गरी पर्याप्त र स्वच्छ अवसर दिइनु जस्ता कुरा अपरिहार्य हुन जान्छन् । कसैलाई प्रतिकूल असर पर्ने गरी निर्णय गर्नुभन्दा पहिले निजको कुरा सुनुवाइ हुनुपर्ने प्राकृतिक न्यायको मूलभूत सिद्धान्त हो"* भनी सिद्धान्तसमेत प्रतिपादन भएको प्रस्तुत मुद्दामा पनि सान्दर्भिक

देखिन्छ। त्यसैगरी निवेदक तुलसीप्रसाद न्यौपानेसमेत विरूद्ध उर्जा मन्त्रालयसमेत भएको उत्प्रेषण / परमादेश मुद्दा (ने.का.प. २०७४, अङ्क ५, नि.नं.९८०६) मा *"कुनै व्यक्तिको हकाधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ किसिमले कारबाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ"* भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ। यसरी आफ्नो प्रतिकूल कुनै कार्य हुँदा आफूमाथि लागेको आरोप वा कारण एवम् आधार थाहा पाउने र त्यसको विरूद्ध खण्डन गर्न पाउने अवसरबाट कसैलाई पनि वञ्चित गर्नु हुँदैन। कानूनी राज्य एवम् विधिको शासन लोकतान्त्रिक व्यवस्थाको आधारस्तम्भ हो। कानूनको शासन निश्चित विधि र प्रक्रियाबमोजिम सञ्चालित हुनुपर्दछ । सरकार वा कुनै पनि निकायले सो विधि र प्रक्रियाको पालना नगरी गरेको कुनै पनि कार्यले कानूनी मान्यता पाउन सक्दैन । प्राकृतिक न्यायको यस्ता मान्य सिद्धान्तलाई नेपालको संविधानको धारा १२६ ले समेत मान्यता दिएको अवस्थामा संविधान र कानूनको दायरामा चल्नुपर्ने हुन्छ। नेपाल सरकारको मन्त्रिपरिषद् वा कुनै अमूक मन्त्रीले त्यसलाई बेवास्ता गर्नु स्वीकार्य नहुने।

कुनै प्रचलित कानूनबमोजिम कुनै पदमा नियुक्त वा मनोनयन गर्ने साधिकार निकाय वा पदाधिकारीले कुनै व्यक्तिलाई त्यस्तो पदमा नियुक्ति दिन्छ वा मनोनयन गर्दछ भने जनताले तिरेको करहरूसमेतबाट सिर्जित राज्यकोषमा पूर्ण वा आंशिक रूपमा त्यसको आर्थिक भार पर्न जाने हुन्छ । यस्तो सार्वजनिक जवाफदेहिताको पदमा नियुक्त वा मनोनयन गरिने प्रत्येक व्यक्तिको योग्यता, दक्षता, क्षमतालाई पूर्वपरीक्षण गरेर मात्र सक्षम व्यक्तिको नियुक्त वा मनोनयन गरिनुपर्ने मान्यता रहेको हुन्छ । कुनै अमूक पदमा नियुक्त वा मनोनयन गरिसकेपछि एकातिर निजको कर्तव्यपालनबाट सकारात्मक एवम् प्रक्षेपित परिणाम देखिनु अपेक्षित हुन्छ भने निजको कार्य सम्पादनको अनुगमन निगरानी एवम् कार्य सम्पादनको मूल्याङ्कन हुनु पनि त्यतिकै आवश्यक हुन्छ। नियुक्ति पाउने व्यक्तिले आफ्नो ज्ञान, सिप, दक्षता र क्षमताअनुसार कार्यसम्पादन गर्ने हुँदा निजको कार्यसम्पादनमा गम्भीर त्रुटि, कमीकमजोरी, बदनियत वा लापरवाही नभएसम्म स्वेच्छाचारितापूर्वक निजलाई पदावधि बाँकी रहँदै हचुवा प्रवृत्तिबाट पदबाट हटाउनु न्यायोचित हुँदैन । वस्तुनिष्ठरूपमा कार्यकुशलता मापन नभई आग्रह, पूर्वाग्रह राजनीतिक सामीप्यता वा सिफारिसकै आधारमा मात्र साबिकमा सार्वजनिक जवाफदेहिताको पदमा नियुक्त वा मनोनित पदाधिकारी तथा सदस्यहरूलाई सरकार परिवर्तन हुनासाथ पदमुक्त गर्ने परिपाटीको विकासले अस्थिरता निम्त्याउने र जनताले तिरेको कर शुल्क आदिप्रति उत्तरदायी हुनुपर्ने पदाधिकारी र सदस्यहरू आफूलाई नियुक्त गर्ने व्यक्ति, समूह वा दलप्रति मात्र उत्तरदायी बन्न जाँदा जुन उद्देश्यको लागि नियुक्ति वा मनोनयन भएको हो सो पदको गरिमा र प्रभावकारितामा ह्रास आउने अवस्था पनि रहन्छ । साथै, एकपटक नियुक्त वा मनोनित पदाधिकारीहरूले कानूनले निर्धारण गरेको निश्चित अवधिसम्म कार्य सम्पादन गर्न नपाउँदा उनीहरूको क्षमताको अधिकतम उपयोग पनि हुँदैन । नियुक्ति, मनोनयन तथा बर्खास्ती जस्ता विषयलाई स्वेच्छाचारी रूपमा प्रयोग गरिनु न्यायोचित पनि हुँदैन, यसले अन्यौलता एवम् अराजकता बढने अवस्था सिर्जना गर्दछ। नियुक्तिका लागि योग्यता प्रदर्शन गरी नियुक्ति प्राप्त गरेका वा आफूमा भएका केही निश्चित ज्ञान, सिप, क्षमता र दक्षताको मापदण्ड पार गरी मनोनयन हुने व्यक्तिहरूको निरन्तर मूल्याङ्कनका लागि पद्धतिको विकास गरी प्राप्त पृष्ठपोषण एवम् मूल्याङ्कनका आधारमा कानूनको दायराभित्र रही न्यायोचित निर्णय लिनुपर्ने हुन्छ। अर्कोतर्फ, असक्षम व्यक्तिलाई जानीजानी नियुक्ति दिनु वा मनोनयन गर्नु पनि नियुक्ति वा मनोनयनकर्ताको असक्षमता

र गैरजिम्मेवारीपनको उदाहरण बन्न जान्छ भन्ने सम्बन्धमा जिम्मेवार पदाधिकारीहरूको ध्यानाकर्षण हुनु आवश्यक छ । राज्यकोषमा दायित्व पर्ने गरी असक्षम व्यक्ति नियुक्त वा मनोनयन गरे पनि त्यस्तो कार्य प्रचलित कानूनले दण्डनीय वा वर्जित नगरेको भनी छुट पाउने वा जिम्मेवारी लिनै नपर्ने भन्ने होइन, यो नैतिकता एवम् देश र जनताप्रतिको बफादारिताको विषय पनि हुने ।

निवेदकलाई नेपाल आयल निगम लिमिटेडको सञ्चालक समितिको सदस्यबाट पदमुक्त गरिएको भन्ने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं.३८२, मिति २०७५।३।२५ को पत्र हेर्दा पदमुक्त गरिनुपर्नाको आधार र कारणमा मन्त्रिपरिषद्को निर्देशात्मक निर्णयबाहेक अन्य केही खुलाएको देखिँदैन । यस सन्दर्भमा हेर्दा, यस अदालतबाट निवेदक गंगाधर पराजुली विरूद्ध सूचना तथा सञ्चार मन्त्रालय, काठमाडौंसमेत भएको उत्प्रेषण मुद्दा (ने.का.प.२०७४, अङ्क १०, नि.नं.९८९६) मा *"कानूनी राज्य तथा प्रजातान्त्रिक शासन पद्धतिमा आफ्ना कानूनी अधिकार र कर्तव्य, कानूनद्वारा अन्तर्निहित विशेषाधिकार तथा कानूनप्रदत्त स्वविवेकाधिकारको प्रयोग गर्दा स्वेच्छाचारीरूपमा कदापि गर्नु हुँदैन । हरेक त्यस्ता स्वविवेकाधिकारको प्रयोग गर्दा औचित्यताको तार्किकरूपमा पुष्टि हुन जरूरी हुने । बहालवालालाई हटाउनु र नयाँलाई राख्नुको तार्किक कारण तथा औचित्यताको पुष्टि हुनुपर्दछ । त्यसैले त्यस्तो निर्णय गर्दा औचित्यपूर्ण र तार्किक आधार कारण खोली गर्नुपर्ने हुन्छ । अन्यथा जसले जे काम जसरी गर्दा पनि हुने भई कानूनको शासनको नै बर्खिलाप हुन पुग्ने"* भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । सार्वजनिक निकायको पदमा मन्त्रिपरिषद् तथा मन्त्रिस्तरीय निर्णयानुसार मनोनयन भई वा नियुक्ति लिई सो पदमा बहाली रहेको व्यक्तिलाई पदबाट हटाउँदा अधिकारप्राप्त अधिकारीले आधार र कारण खोली निष्पक्ष, पूर्वाग्रहरहित, पारदर्शिता र इमान्दारिता प्रस्ट रूपमा देखिनु पर्दछ । कसैलाई कुनै तथ्ययुक्त आधार, कारण वा कसुरबिना हटाउनु कानून र न्यायको रोहबाट मिल्ने पनि नदेखिने ।

यसरी आपूर्ति मन्त्रालयले निवेदकलाई नेपाल आयल निगम लिमिटेडको सञ्चालक समितिको सदस्य पदमा नियुक्ति दिँदा निर्वाचन आयोगको सहमति लिएको, पदबाट हटाउनुभन्दा अगाडि कुनै पनि जानकारी नदिई सुनुवाइको मौकासमेत दिएको नदेखिएको, पदावधि पूरा नहुँदै बिना आरोप एवम् स्पष्ट आधार र कारण नखुलाई हटाएको देखिन आएकोले विपक्षीहरूको लिखित जवाफ एवम् विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार र कारणबाट यी निवेदक अरविन्दकुमार अग्रवाललाई नेपाल आयल निगम लिमिटेडको सञ्चालक समितिको सदस्य पदबाट पदावधि पूरा नहुँदै विना आरोप आधार र कारण नखुलाई हटाउने गरी भएको मिति २०७५/०३/२४ गते भएको नेपाल सरकार (मन्त्री स्तरीय) को निर्णय, सोका आधारमा गरिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं.३८२ र मिति २०७५/०३/२५ को पत्र र सोसँग सम्बन्धित सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदकलाई यस अदालतको मिति २०७५।४।२१ गतेको अल्पकालीन अन्तरिम आदेश र सो आदेशलाई निरन्तरता दिने मिति २०७५।५।६ गतेको आदेशका आधारमा सो निगमको सञ्चालक समितिको सदस्यको पदमा यथावत् कायम रहेको हुँदा आपूर्ति मन्त्रालयको च.नं.१२७, मिति २०७४/०६/२५ गतेको नियुक्ति पत्रमा उल्लेख भएबमोजिम पूरा अवधि काम गर्न दिनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत:- लालसिंह थापा

इति संवत् २०७६ साल कार्तिक २९ गते रोज ६ शुभम् ।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७५-WO-००१५, उत्प्रेषण, धावा गुरूङ (दावा) वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत

कुनै प्रचलित कानूनबमोजिम कुनै पदमा नियुक्त वा मनोनयन गर्ने साधिकार निकाय वा पदाधिकारीले कुनै व्यक्तिलाई त्यस्तो पदमा नियुक्ति दिन्छ वा मनोनयन गर्दछ भने जनताले तिरेको करहरूसमेतबाट सिर्जित राज्यकोषमा पूर्ण वा आंशिक रूपमा त्यसको आर्थिक भार पर्न जाने हुन्छ। खेलकुद विकास ऐन, २०४८ को दफा २० को उपदफा (१) को देहाय (क) मा नेपाल सरकारबाट प्राप्त रकमसमेत रहने र खर्च गर्ने गरी राष्ट्रिय खेलकुद परिषद्को कोष रहने व्यवस्था छ। यसरी नेपालमा खेलकुदको माध्यमबाट विद्यार्थी तथा सर्वसाधारण जनताको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्नेसमेत उद्देश्यले कानूनबमोजिम स्थापित राष्ट्रिय खेलकुद परिषद्को सदस्यको पदसमेत सार्वजनिक जवाफदेहिताको पद मान्नुपर्ने हुन्छ। यस्तो सार्वजनिक जवाफदेहिताको पदमा नियुक्त वा मनोनयन गरिने प्रत्येक व्यक्तिको योग्यता, दक्षता, क्षमतालाई पूर्व परीक्षण गरेर मात्र सक्षम व्यक्तिको नियुक्त वा मनोनयन गरिनुपर्ने मान्यता रहेको हुन्छ । कुनै अमूक पदमा नियुक्त वा मनोनयन गरिसकेपछि एकातिर निजको कर्तव्यपालनबाट सकारात्मक एवम् प्रक्षेपित परिणाम देखिनु अपेक्षित हुन्छ भने निजको कार्य सम्पादनको अनुगमन निगरानी एवम् कार्य सम्पादनको मूल्याङ्कन हुनु पनि त्यतिकै आवश्यक हुन्छ । नियुक्ति पाउने व्यक्तिले आफ्नो ज्ञान, सीप, दक्षता र क्षमताअनुसार कार्य सम्पादन गर्ने हुँदा निजको कार्य सम्पादनमा गम्भीर त्रुटि, कमीकमजोरी, बदनियत वा लापरवाही नभएसम्म स्वेच्छाचारितापूर्वक निजलाई पदावधि बाँकी रहँदै हचुवा प्रवृत्तिबाट पदबाट हटाउनु न्यायोचित नहुने । वस्तुनिष्ठरूपमा कार्यकुशलता मापन नभई आग्रह, पूर्वाग्रह राजनीतिक सामीप्यता वा सिफारिसकै आधारमा मात्र सार्वजनिक जवाफदेहिताको पदमा नियुक्त वा मनोनित पदाधिकारी तथा सदस्यहरूलाई सरकार परिवर्तन हुनासाथ पदमुक्त गर्ने परिपाटीको विकासले अस्थिरता निम्त्याउने र जनताले तिरेको कर शुल्क आदिप्रति उत्तरदायी हुनुपर्ने पदाधिकारी र सदस्यहरू आफूलाई नियुक्त गर्ने व्यक्ति, समूह वा दलप्रति मात्र उत्तरदायी बन्न जाँदा जुन उद्देश्यको लागि नियुक्ति वा मनोनयन भएको हो सो पदको गरिमा र प्रभावकारितामा ह्रास आउने अवस्था पनि रहन्छ । साथै, यसरी नियुक्त वा मनोनित पदाधिकारीहरूले कानूनले निर्धारण गरेको निश्चित अवधिसम्म कार्य सम्पादन गर्न नपाउँदा उनीहरूको क्षमताको अधिकतम उपयोग पनि हुँदैन । नियुक्ति, मनोनयन तथा बर्खास्ती जस्ता विषयलाई स्वेच्छाचारी रूपमा प्रयोग गरिनु न्यायोचित पनि हुँदैन, यसले अन्योलता एवम् अराजकता बढ्ने अवस्था सिर्जना गर्दछ। नियुक्तिका लागि योग्यता प्रदर्शन गरी नियुक्ति प्राप्त गरेका वा आफूमा भएका केही निश्चित ज्ञान, सिप, क्षमता र दक्षताको मापदण्ड पार गरी मनोनयन हुने व्यक्तिहरूको निरन्तर मूल्याङ्कनका लागि पद्धतिको विकास गरी प्राप्त पृष्ठपोषण एवम् मूल्याङ्कनका आधारमा कानूनको दायराभित्र रही न्यायोचित निर्णय लिनुपर्ने हुन्छ। अर्कोतर्फ, असक्षम व्यक्तिलाई जानीजानी नियुक्ति दिनु वा मनोनयन गर्नु पनि नियुक्ति वा मनोनयनकर्ताको असक्षमता र गैरजिम्मेवारीपनको उदाहरण बन्न जान्छ भन्ने सम्बन्धमा जिम्मेवार पदाधिकारीहरूको ध्यानाकर्षण हुनु आवश्यक छ । राज्यकोषमा दायित्व पर्ने गरी असक्षम व्यक्ति नियुक्त वा मनोनयन गरे पनि त्यस्तो कार्य प्रचलित कानूनले दण्डनीय वा वर्जित नगरेको भनी छुट पाउने वा जिम्मेवारी लिनै नपर्ने भन्ने होइन, यो नैतिकता एवम् देश र जनताप्रतिको बफादारिताको विषय पनि हुने।

यसमाथि पनि कुनै व्यक्तिको विरूद्ध कुनै कारबाही गर्दा न्यायका मान्य सिद्धान्तसमेत पालन गर्नुपर्ने हुन्छ। यी निवेदकलाई सो पदमा भएको मनोनयन खारेज गरिएको पत्र बुझाउनुपूर्व कुनै कुराको सोधपुछ, पत्राचार आदि केही गरिएको छैन भनी निवेदनमा जिकिर गरिएकोमा मिसिल संलग्न कागजात एवम् विपक्षीहरूको लिखित जवाफबाट पनि निज निवेदकलाई सो पदबाट हटाउनुपूर्व स्पष्टीकरण वा कुनै जानकारी माग गरेको पनि देखिँदैन । प्राकृतिक न्यायको सिद्धान्तबमोजिम कुनै पनि व्यक्तिलाई कारबाही गर्नुपूर्व निजलाई आफ्नो भनाइ राख्ने मौका दिनुपर्दछ । यो न्यायको स्थापित मान्य सिद्धान्त हुँदा यसबारे पटकपटक यस अदालतले बोलिसकेको तथा विपक्षीहरूलाई जानकारी नै भइरहेको विषय हो । यसै सन्दर्भमा निवेदक गौरीमाया घिमिरे विरूद्ध विपक्षी विशेष अदालत बबरमहल, काठमाडौंसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दा (ने.का.प.२०७३, अङ्क-४, नि.नं.९५८२) मा *"यथोचित विधि र प्रक्रिया न्यायको अन्तर्निहित तत्त्व हो । यथोचित विधिको प्रयोग र पालनाबाट प्रक्रियामा स्वच्छता ल्याउँछ । त्यस्तो विधि र प्रक्रियाअन्तर्गत पर्याप्तरूपमा सुनुवाइको मौका प्रदान गर्नु र आफ्नो कुरा भन्न पाउने सरल अवसरबाट विमुख नगरिनु पनि पर्न आउँछ । आफू विरूद्ध लागेको अभियोगमाथि प्रतिरक्षा गर्ने अवसर प्राप्त गर्न पाउनु जुनसुकै व्यक्तिको कानूनी र कार्यविधिगत अधिकार पनि हो । सुनुवाइको उचित अवसरमा हरेक पक्षलाई आफ्नो कुरा पूरा-पूरा (adequately) राख्न दिनु र हरेक विकल्प प्रयोग गरी पर्याप्त र स्वच्छ अवसर दिइनु जस्ता कुरा अपरिहार्य हुन जान्छन् । कसैलाई प्रतिकूल असर पर्ने गरी निर्णय गर्नुभन्दा पहिले निजको कुरा सुनुवाइ हुनुपर्ने प्राकृतिक न्यायको मूलभूत सिद्धान्त हो"* भनी सिद्धान्तसमेत प्रतिपादन भएको प्रस्तुत मुद्दामा पनि सान्दर्भिक देखिन्छ । त्यसैगरी निवेदक तुलसीप्रसाद न्यौपानेसमेत विरूद्ध उर्जा मन्त्रालयसमेत भएको उत्प्रेषण / परमादेश मुद्दा (ने.का.प. २०७४, अङ्क ५, नि.नं.९८० ६) मा *"कुनै व्यक्तिको हकाधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ किसिमले कारबाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ"* भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । यसरी आफ्नो प्रतिकूल कुनै कार्य हुँदा आफूमाथि लागेको आरोप वा कारण एवम् आधार थाहा पाउने र त्यसको विरूद्ध खण्डन गर्न पाउने अवसरबाट कसैलाई पनि वञ्चित गर्न हुँदैन । कानूनी राज्य एवम् विधिको शासन लोकतान्त्रिक व्यवस्थाको आधारस्तम्भ हो । कानूनको शासन निश्चित विधि र प्रक्रियाबमोजिम सञ्चालित हुनुपर्दछ । सरकार वा कुनै पनि निकायले सो विधि र प्रक्रियाको पालना नगरी गरेको कुनै पनि कार्यले कानूनी मान्यता पाउन सक्दैन । प्राकृतिक न्यायको यस्ता मान्य सिद्धान्तलाई नेपालको संविधानको धारा १२६ ले समेत मान्यता दिएको अवस्थामा संविधान र कानूनको दायरामा चल्नुपर्ने हुन्छ । नेपाल सरकारको मन्त्रिपरिषद् वा कुनै अमुक मन्त्रीले त्यसलाई बेवास्ता गर्नु स्वीकार्य नहुने ।

निवेदकलाई राष्ट्रिय खेलकुद परिषद्को सदस्यबाट पदमुक्त गरिएको भन्ने युवा तथा खेलकुद मन्त्रालयको च.नं.२००९ र मिति २०७५।३।२४ को पत्र हेर्दा पदमुक्त गरिनु पर्नाको आधार र कारणमा मन्त्रिपरिषद्को निर्देशात्मक निर्णयबाहेक अन्य केही खुलाएको देखिँदैन। यस सन्दर्भमा हेर्दा यस अदालतबाट निवेदक गंगाधर पराजुली विरूद्ध सूचना तथा सञ्चार मन्त्रालय, काठमाडौंसमेत भएको उत्प्रेषण मुद्दा (ने.का.प.२०७४, अङ्क १०, नि.नं.९८९६) मा *"कानूनी राज्य तथा प्रजातान्त्रिक शासन पद्धतिमा आफ्ना कानूनी अधिकार र कर्तव्य, कानूनद्वारा अन्तर्निहित विशेषाधिकार तथा कानूनप्रदत्त स्वविवेकाधिकारको प्रयोग गर्दा स्वेच्छाचारीरूपमा कदापि गर्नु हुँदैन । हरेक त्यस्ता स्वेविवेकाधिकारको प्रयोग गर्दा औचित्यताको तार्किकरूपमा पुष्टि हुन जरूरी हुने । बहालवालालाई*

हटाउनु र नयाँलाई राख्नुको तार्किक कारण तथा औचित्यताको पुष्टि हुनुपर्दछ । त्यसैले त्यस्तो निर्णय गर्दा औचित्यपूर्ण र तार्किक आधार कारण खोली गर्नुपर्ने हुन्छ । अन्यथा जसले जे काम जसरी गर्दा पनि हुने भई कानूनको शासनको नै बर्खिलाप हुन पुग्ने" भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । यसरी सार्वजनिक निकायको पदमा मन्त्रिपरिषद् तथा मन्त्रिस्तरीय निर्णयानुसार मनोनयन भई वा नियुक्ति लिई सो पदमा बहाली रहेको व्यक्तिलाई पदबाट हटाउँदा अधिकारप्राप्त अधिकारीले आधार र कारण खोली निष्पक्ष, पूर्वाग्रहरहित, पारदर्शिता र इमान्दारिता प्रस्ट रूपमा देखिनु पर्दछ । कसैलाई कुनै तथ्ययुक्त आधार, कारण वा कसुरबिना हटाउनु कानून र न्यायको रोहबाट मिल्ने पनि नदेखिने ।

यसरी निवेदकलाई पदबाट हटाउनुभन्दा अगाडि कुनै पनि जानकारी नदिई सुनुवाइको मौकासमेत दिएको नदेखिएको, पदावधि बाँकी नै रहेको, पदबाट हटाउँदा स्पष्ट आधार र कारण खुलाएको पनि नदेखिएको र यी निवेदकको मनोनयनसँग सम्बन्धित खेलकुद विकास ऐन, २०४८ को दफा ८ मा उल्लिखित कुनै पनि पूर्वावस्था थियो भनी देखाउन नसकेको हुँदा बिना कसुर पदबाट हटाएको देखिन आएकोले विपक्षीहरूको लिखित जवाफ एवम् विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवेचित आधार र कारणबाट यी निवेदक धावा गुरूङ (दावा) लाई पदावधि बाँकी रहेकै अवस्थामा पदबाट हटाउने गरी मिति २०७५।०३।२० गतेको नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयलाई आधार लिई सो निर्णयको कार्यान्वयनको क्रममा भएको भनिएको मिति २०७५।३।२४ गतेको मन्त्रिस्तरीय निर्णय, सोका आधारमा राष्ट्रिय खेलकुद परिषद् सदस्य पदबाट पदमुक्त गरिएको च.नं.२००९ र मिति २०७५।०३।२४ गतेको पत्र, सोसँग सम्बन्धित सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । हाल यी निवेदकले यस अदालतको मिति २०७५।४।९ को अन्तरिम आदेशको आधारमा खेलकुद विकास ऐन, २०४८ को दफा ३ को उपदफा (२) को देहाय (घ) बमोजिम सदस्य पदमा बहाल रहेको अवस्था हुँदा निवेदकलाई युवा तथा खेलकुद मन्त्रालयको च.नं.२४५, मिति २०७४।१०।११ गतेको नियुक्ति पत्रका आधारमा यथावत् काम गर्न दिनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत:- लालसिंह थापा

कम्प्युटर :- विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल कार्तिक २९ गते रोज ६ शुभम् ।

इजलास नं.१०

१

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी., ०७५-CR-००८८, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. शारदाकुमार मगर

जाहेरवालाले पेस गरेको IME रसिद हेर्दा प्रयोजन खुलेको नदेखिएको र वैदेशिक रोजगारीमा पठाइदिन्छु भन्ने तथ्यलाई प्रमाणित गरेको नदेखिँदा प्रतिवादीले जाहेरवालाबाट वैदेशिक रोजगारीमा नै पठाउने गरी रकम लिएको भनी अनुमानकै आधारमा मात्रै कसुरदार ठहऱ्याउन न्यायोचित देखिएन । फौजदारी मुद्दामा अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन । अभियोग पुष्टि हुने वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस गर्न सक्नुपर्दछ । प्रतिवादीलाई लगाएको अभियोग शंकारहित तवरबाट पुष्टि हुन नसकेमा शंकाको सुविधा अभियुक्तले पाउँछ । यसरी वादी पक्षले अभियोग दाबीलाई पुष्टि गर्ने बलियो र विश्वसनीय सबुत प्रमाण पेस गर्न सकेको नपाइने ।

अतः वादी नेपाल सरकारले अभियोग दाबी पुष्टि हुने प्रमाण पेस गर्न सकेको नदेखिँदा प्रतिवादी

शारदाकुमार मगरले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७४।८।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः- मिलनचन्द्र महत

कम्प्युटर :- सुप्रभा अर्याल

इति संवत् २०७६ साल पौष १६ गते रोज ४ शुभम्।

२

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७४-CR-१२७०, कर्तव्य ज्यान, रामनारायण दास वि. नेपाल सरकार

प्रतिवादी रामनारायण दासउपर जाहेरवाला जंगबहादुर दासको किटानी जाहेरी परेको र आफ्नो जाहेरी बेहोरालाई पुष्टि हुने गरी बकपत्रसमेत गरिदिएको पाइन्छ । पति सँगसँगै जाने भनी जेठी श्रीमतीले जिद्दी गरी विवाद भई रिस थाम्न नसकी ढुङ्गाले श्रीमती मन्जुदेवीलाई टाउकोमा हानेको भनी मौकामा र अदालतमा बयान गर्दा प्रतिवादी साबिती नै रहेको देखिएको र प्रतिवादीको ढुङ्गा प्रहार गरेको चोटको कारणले मृतकको मृत्यु भएको होइन भन्ने प्रतिवादीको जिकिर पनि नरहेको अवस्थामा शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट समर्थित भएको प्रतिवादीको साबिती बयानलाई अन्यथा मान्नुपर्ने देखिएन। मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Head injury भनी उल्लेख भएबाट पनि मृतकको मृत्यु प्रतिवादीले मृतकको टाउकोमा प्रहार गरेको ढुङ्गाको चोटको कारणबाट भएको देखिने । प्रस्तुत वारदातमा प्रतिवादीको मृतकलाई मार्नुपर्नेसम्मको मनसाय र इवी देखिँदैन। प्रतिवादीले मृतकलाई लुकी चोरीकन प्रहार गरेको पनि पाइँदैन। प्रतिवादीले जोखिमी हतियार र विषको प्रयोग गरेको पनि देखिँदैन । प्रतिवादी र जेठी श्रीमती मन्जुदेवी दासका बिच सँगसँगै जाने भन्ने कुरामा विवाद भई जिद्दी गरेकोले सोही कुराबाट प्रतिवादी तत्काल उत्तेजना र आवेशमा आई नजिकैको ढुङ्गा उठाई श्रीमतीको टाउकोमा प्रहार गरेको र टाउकोमा प्रहार गरेको ढुङ्गाको चोटका कारण मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कसुर गरेको देखिने।

पुनरावेदकले दाबी लिएको ५ नं. हेर्दा, उक्त ५ नं. मा **ज्यान लिई इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ भन्ने व्यवस्था रहेको पाइन्छ**। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको उक्त ५ नं. को व्यवस्था आकर्षित हुन मनसाय नभएको, कुनै कर्तव्यबाट मानिस मर्न सक्ने जस्तो नदेखिएको अवस्थामा काम गर्दा त्यसबाट कुनै मानिसको ज्यान गएकोजस्ता तत्त्वहरू रहेको हुनपर्छ । तर प्रस्तुत वारदातमा प्रतिवादीले मृतकको टाउकोमा ढुङ्गा प्रहार गरेको र सोही चोटका कारण मृत्यु भएको अवस्था छ, प्रतिवादीले टाउको जस्तो मानव शरीरको अत्यन्तै संवेदनशील अङ्गमा ढुङ्गा प्रहार गरेको देखिन्छ । जुन कार्यबाट मानिसको ज्यान जान सक्ने अवस्थाको सहजै आँकलन गर्न सकिन्छ । प्रस्तुत वारदात भवितव्य हो कि भन्नलाई भवितव्यको अन्तरतत्त्व र विशेषताहरू अन्तरनिहित रहेको पाइएन । तसर्थ, पुनरावेदक प्रतिवादीले भवितव्य ठहऱ्याई पाउँ भनी जिकिर लिए पनि मिसिल संलग्न प्रमाणहरूबाट उक्त वारदात भवितव्यको प्रकृतिको नदेखिँदा प्रतिवादीको पुनरावेदक जिकिरसँग सहमत हुन सकिएन।

तसर्थ, सुरू रौतहट जिल्ला अदालतबाट प्रतिवादी रामनारायण दासलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय ठहर हुने गरी भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास

वीरगन्जबाट मिति २०७४।९।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नवराज कार्की

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७६ साल भाद्र ३१ गते रोज ३ शुभम्।

इजलास नं.११

१

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा, ०७२-CI-११५४, लिखत दर्ता बदर, *देवमाया बरालसमेत वि. थरहरी उपाध्यायसमेत*

विवादित कित्ताको जग्गा पुनरावेदक / प्रतिवादीले आफ्नो निजी आर्जनबाट खरिद गरेको भन्ने स्रोतको प्रमाणको रूपमा घिमिरे स्टोर्सको बिल र हुतराज घिमिरेसँग १ लाख रूपैयाँ ऋण लिएको भन्ने कपाली तमसुक पेस गरेको मिसिल संलग्न कागजातबाट देखिन्छ । प्रमाणको रोहमा पेस भएका यी कागजातहरूको सर्वस्वीकार्यता, निजी तवरको आम्दानीसँग तिनको तादाम्यता र विद्यमान कानूनी व्यवस्थासँग ती कागजात र परिस्थितिजन्य कुराहरूसँग के कस्तो अन्तरसम्बन्ध छ भनी हेर्दा, बिल पेस भएको घिमिरे स्टोर्स कसको स्वामित्वको दोकान पसल हो, यो कहाँ के कसरी दर्ता भएको छ, लेखापरीक्षण र कर भुक्तानीको अवस्था के छ भनी खुलेको मिसिल कागजातबाट खुलेन । यस्तो अवस्थामा अदालतले पेस भएका मात्र कागज प्रमाणलाई विश्वसनीय र अखण्डनीय प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था हुँदैन। साथै, प्रतिवादीले ऋण लिएको भनी पेस गरेको तमसुक कागज जग्गा खरिद गरी लिएकै दिन तयार गरेको र यिनै पुनरावेदक / प्रतिवादी केशवहरी र देवमायाका पति प्रदिप ऋण तमसुकको साक्षी बसेको देखिनुका साथै प्रतिवादीमध्येका केशवहरीले उक्त जग्गा आफूले देवमायाबाट रजिस्ट्रेसन पास गरी लिएको भोलिपल्ट अर्थात् मिति २०६७/८/९ मै कोमलप्रसाद बराललाई बिक्री गरिदिएको भन्ने पुनरावेदन जिकिर लिएको अवस्था हुँदासमेत तत्कालीन परिस्थितिले उक्त विवादित लिखत र कारोबारमा नियोजित खोट थिएन भनी मान्नुपर्ने अवस्थालाई संलग्न प्रमाण र परिस्थितिजन्य घटनाक्रमले समर्थन गरेको देखिन आएन । यी वादी प्रतिवादी रहेका अंशियारहरू मानो अलग गरी बसेको भन्ने देखिँदैन। अंशबन्डाको १८ नं. को व्यवस्था हेर्दा उही छानो र मानोको प्रत्यक्ष परोक्ष योगदान रहेको काम, व्यवहार तथा उद्योग, व्यवहार र सोबाट बढिबढाउ भएको जुनसुकै सम्पत्ति सगोलकै हुने तर सगोलका हिस्सेदारहरूबाहेक पनि यदि कुनै सदस्यले साझा पारिवारिक योगदान र सहयोग बिना नै आफ्नै बलबुता, नितान्त निजी र व्यक्तिगत क्षमता, मामिला, अभ्यास र हैसियतमा कुनै सम्पत्ति आर्जिन्छ भने त्यस्तो आर्जनलाई निजी सम्पत्तिसरह व्यवहार गरिनुपर्ने भन्ने मनसाय राखेको देखिन्छ। अर्थोपार्जनको लागि परिवारभित्र कार्यविभाजन गरी व्यवहार चलाउनु हाम्रो सामाजिक परिवेशमा चलिआएको सामान्य श्रम अभ्यास हो, परिवारको सदस्यमध्येका कुनै एक सदस्यले छुट्टै पसल गरी बसेका कारणले वा पेसा अँगाली आर्जेको धनलाई निजी हैसियतको आर्जन हो भनी मान्न मिल्ने हुँदैन । मूलतः कुनै सम्पत्ति निजी आर्जन हो भन्नलाई त्यसमा सगोलका अंशियारको हिस्सा वा योगदान कुनै पनि तरिकाले भए परेको छैन भन्ने कुरा शंकारहित र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सक्नुपर्छ र त्यस्तो प्रमाण गुजार्ने दायित्व दाबी लिने पक्षकै हुने । *'निजी आर्जनको कमाई हो भन्ने पक्का प्रमाणको अभावमा एकाघरको अंशियारको नाउँमा रहेको सम्पत्ति बन्डा हुने ठहर्छ'* भनी रत्नबहादुर वि. शिवकुमार भएको मुद्दामा ने.का.प. २०५३, नि.नं. ६१९४ मा, *'कसैले सगोलको सम्पत्ति निजी आर्जन हो भन्दछ भने त्यसको सबुद निजैले पुर्‍याउनुपर्छ, अन्यथा सबै अंशियारको भाग लाग्छ'* भनी पसपतिया

वि. शर्मानन्द भएको मुद्दा, ने.का.प. २०४०, निर्णय नं. १६१७ मा सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ भने यसै अदालतको पूर्ण इजलासबाट लिखत बदर मुद्दामा *निजी आर्जनको सम्पत्ति हो भनी दाबी गर्नेले नै सोको प्रमाण पुर्‍याउनुपर्ने* भन्ने प्रतिपादित सिद्धान्तसमेत नजिरका रूपमा रहेको देखिन्छ (ने.का.प.२०५४, नि.नं. ६३०३) । यस्तो अवस्थामा प्रस्तुत मुद्दामा अघिल्ला अदालतहरूले गरेको न्यायिक निर्णयलाई अन्यथा भन्न मिल्ने तथा प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुने अवस्था नहने।

त्यसैगरी दो.पा.को निस्सा प्रदान गर्दा ने.का.प.२०७०, अङ्क १०, नि.नं. ९०७० मा प्रतिपादन सिद्धान्त, मुलुकी ऐन, अंशबन्डाको १८ नं., अ.बं. १८४क., १८५ नं. तथा प्रमाण ऐन, २०३१ को दफा ३, ९, २५ र ५४ समेतको व्याख्यात्मक त्रुटि भएको भन्ने आधार लिइएको अवस्था छ। प्रमाण ऐन, २०३१ को दफा २५ फौजदारी मुद्दाको प्रमाणको भारसँग सम्बन्धित देखिन्छ भने ऐ. ऐनको दफा २६ अनुसार देवानी मुद्दामा आफूले लिएको दाबीलाई आफैँले प्रमाणित गर्नुपर्ने भनी देवानी मुद्दामा प्रमाणको भारको दायित्व वादीकै हुने भनी कानूनले नै स्पष्ट तोकिदिएको अवस्था छ। त्यस्तै, उल्लिखित ने.का.प. २०७०, अङ्क १०, नि.नं. ९०७० मा प्रतिपादित सिद्धान्तसँग सम्बन्धित मुद्दामा निजी आर्जनका दाबेदार मुद्दाका प्रतिवादीको आयस्ता वादीको भन्दा बढी भएको भनी वादीले नै व्यक्त गरी विवादित सम्पत्तिको स्रोतको रूपमा प्रतिवादीको निजी ज्ञान सिपबाट आर्जेको भन्ने कुरा स्वीकार गरिएको अवस्था एकातिर छ भने अर्कोतर्फ प्रतिवादीले निजी आर्जन भनी लिएको दाबी जिकिरलाई पुष्टि गर्ने रातो बङ्गला स्कुलको रोजगार नियुक्तिपत्र र रोजगारदाताले आय प्रमाणित गरिदिएको प्रमाण पेस भएको भन्ने बेहोरा उक्त फैसलाको अध्ययनबाट खुल्दछ । यस्तो अवस्थामा मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्न लिइएका आधार कारणहरूसँग समेत इजलास सहमत हुन सक्ने अवस्था नरहने।

अतः विवादित कित्ता नं.२१४१ को ०-४-०-० (रोपनी) को जग्गा पुनरावेदक / प्रतिवादी देवमायाको निजी आर्जनको हो भन्ने तथ्य पुष्टि हुन नसकी सो सम्पत्ति प्रतिवादी देवमाया रही बसिआएको परिवारको बन्डा लाग्ने सगोलको सम्पत्ति भएको पुष्टि हुन्छ । प्रतिवादी देवमायाको नाममा रहेको दाबीको सो जग्गा सगोलको सम्पत्ति ठहरेको तथा रजिस्ट्रेसन नं.११६९ मिति २०६७/०८/०८ को लिखतबाट निज देवमायाले बिक्री राजीनामा गरी हक हस्तान्तरण गर्दा अन्य अंशियारको मन्जुरी लिएको नदेखिएको अवस्थामा पारित भएको उल्लिखित लिखत कानूनन् भएको देखिँदैन। वादीको हकजति अर्थात् ४ भागको ३ भाग लिखत बदर भई बदर भएको हिस्सा वादीहरूको नाउँमा दर्ता हुने भनी रामेछाप जिल्ला अदालतबाट भएको फैसला नै सदर हुने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०७१/०२/१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ताराप्रसाद डाँगी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल असार १२ गते रोज ५ शुभम्।

- यसमा ०७२-CI-११५५, लिखित दर्ता बदर, *प्रदिपकुमार घिमिरेसमेत वि. थरहरि उपाध्यायसमेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

२

मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा, ०७३-CI-१७८९, *लेनदेन, सावित्रा कोइराला वि. कृष्णप्रसाद कोइराला*

प्रस्तुत मुद्दामा पेस भएको लिखत कपाली तमसुक र पुनरावेदन अदालतमा लगाउमा रहेको ०७२-DP-००३८ को लेनेदन मुद्दामा पेस भएको लिखत तमसुक हेर्दा दुवै लिखतको ऋणी, साहु,

लेनदेनका पक्षहरू, लेखक र अन्तरसाक्षीहरू, लेनदेन कारोबार भएको मिति र बेहोरा, ऋण रकम, भाषा सबै समान एउटै प्रकृतिको देखिन्छ । वादीको फिराद दाबी हेर्दा प्रतिवादीले पहिले रू.२५ लाख रूपैयाँ ऋण सापट लिएकोमा रकम नपुग भएकोले सोही दिन पुन: रू.२५ लाख ऋण सापटी लिई अर्को तमसुक लिखत खडा गरेको भन्ने देखिन्छ । दुवै लिखतमा एउटै बेहोरा उल्लेख भएकोले कुन लिखत पहिलो र कुन लिखत पछिल्लो हो भन्नेसम्म पनि कहीँकतै खुलाएको देखिँदैन । पछिल्लो लिखतमा पहिले ऋण लेनदेन भएको र रकम नपुग भएकोले पुन: ऋण लिई दोस्रो लिखत भएको भनी उल्लेख भएको अवस्था देखिँदैन । एकै दिनमा दुई पटक ठुलो रकम लेनदेन कारोबार भई दुई लिखतहरू खडा हुन्छन् भने पहिले लेनदेन भएको बेहोरा दोस्रो लिखतमा कहीँकतै उल्लेख गर्नुपर्नेमा सोसम्म उल्लेख भएको देखिँदैन । दुवै लिखतको बेहोरा, ऋणी, साहु, लेखक र अन्तरसाक्षीसमेत एउटै समान देखिएबाट उक्त व्यवहार स्वाभाविक रूपमा भएको भनी मान्न न्यायिक दृष्टिकोणबाट उपयुक्त देखिन आएन । दुवै लिखतहरूको स्वाभाविकतालाई विश्लेषण गर्दा दोस्रो पटक पनि लेनदेन भएको भन्ने बेहोरा विश्वसनीय नदेखिने ।

तसर्थ, माथि विवेचित आधार, प्रमाण र कारण र यसै मुद्दासँग सम्बन्धित लगाउको ०७२-DP-००३८ को लेनदेन मुद्दामा उच्च अदालत पोखराबाट साँवा ब्याज भरी पाउने ठहर गरेको सुरू कास्की जिल्ला अदालतको फैसला सदर हुने ठहरी फैसला भइसकेकोसमेतबाट प्रस्तुत मुद्दामा खडा गरिएको लेनदेनको लिखत विश्वसनीय नदेखिएकोले सो लिखतबमोजिमको साँवा ब्याजसमेत भरी पाउने ठहरी भएको सुरू फैसला मनासिब देखिएन भनी सुरू कास्की जिल्ला अदालतबाट मिति २०७१।१०।२२ मा भएको फैसला उल्टी हुने ठहरी उच्च अदालत पोखराबाट मिति २०७३।९।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः- नारायण सापकोटा
कम्प्युटर :- सरस्वती दाहाल
इति संवत् २०७६ साल माघ २२ गते रोज ४ शुभम् ।

इजलास नं.१२

१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा, *०७३-CR-१२५३, जबरजस्ती करणीसम्बन्धी बाल बिज्याईं, कान्छा राई वि. नेपाल सरकार*

यसमा मिति २०७१।३।३ गते आफ्नी छोरी परिवर्तित नाम धादिङ १(ह) र छोरीको साथी परिवर्तित नाम धादिङ १(क्ष) लाई प्रतिवादी परिवर्तित नाम धादिङ १(त्र) ले जबरजस्ती करणी गरेको भन्ने किटानी जाहेरी दरखास्तबाट उत्थान भएका प्रस्तुत मुद्दामा प्रतिवादी परिवर्तित नाम धादिङ १(त्र) अदालतमा बयान गर्दा कसुरमा इन्कार भए तापनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा दुवैजना पीडित नाबालिकाहरूलाई पालै पालो करणी गरेको भनी साबित रहेको पाइन्छ । निजको उक्त साबिती बयान पीडिताहरूको मौकाको कागज, बकपत्र तथा जाहेरवालाको बकपत्रसमेतबाट समर्थित भएको पाइन्छ । जाहेरवाली परिवर्तित नाम धादिङ १(ष) ले अदालतमा आई बकपत्र गर्दा जाहेरी दरखास्त बेहोरा साँचो छ, ठीक छ, सहीछाप मेरो हो, प्रतिवादीलाई सजाय हुनुपर्छ भनी लेखाइदिएको पाइने ।

यस्तै आफूसमेतलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भनी पीडिताहरू परिवर्तित नाम धादिङ १(क्ष) तथा धादिङ १(ह) ले मौकामा कागज गरी दिएकोमा निज पीडिताहरू दुवैजनाले अदालतमा आई बकपत्र गर्दा वारदातको दिन पीडिताहरू स्कुलबाट आएर खाजा खाइरहेको अवस्थामा प्रतिवादीले

पीडिताहरू दुवैजनालाई समातेर लगी कोठाको झ्याल ढोका लगाएर ओछ्यानमा लडाई पालैपालो जबरजस्ती करणी गरेको, आफूहरूले कराउन खोज्दा मुख थुनी दिएको, करणी गरिसकेपछि पसलमा जा भनेकाले ढोका खोलेर पसलमा गएको, प्रतिवादीले रू.१००, ५०, २०, १० र बिस्कुट फ्रुटी चिसो किनी दिन्छु भनी कोठामा लगेको भन्नेसमेत वारदातको सम्बन्धमा सिलसिलेवार विस्तृत विवरण खुलाइदिएको पाइने।

पीडित वर्ष ९ की धादिङ १(ह) को स्वास्थ्य जाँच प्रतिवेदनबाट "It is suggestive that recent forceful penetrative sexual intercourse has occurred" भन्ने देखिन्छ भने प्रतिवादीको स्वास्थ्य जाँच प्रतिवेदनबाट "It can be said that sexual intercourse has occurred with or without ejaculation" भन्नेसमेत देखिएको स्थिति हुँदा यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने जाहेरवाला तथा पीडितको भनाइलाई पुष्टि गरिदिएको देखिन्छ । विशेषज्ञ झिकाई बकपत्र हुँदा Sexual Intercourse सधैं Findings पाइन्छ भन्ने छैन प्रतिवेदनअनुसार गरेको छु भन्नेसमेत बेहोराको स्वास्थ्य जाँच प्रतिवेदनलाई समर्थन गरी बकपत्र गरिदिएकोसमेत देखिने।

यसैगरी बुझिएका सुर्य राई, गोकुल राई, सुरेश राई तथा परिवर्तित नाम धादिङ १(ज्ञ) ले अदालतसमक्ष गरेको बकपत्रसमेतबाट प्रतिवादीले जबरजस्ती करणी गरेको पुष्ट्याई गरिदिएको अवस्था देखिन्छ । प्रतिवादीले अदालतसमक्ष बयान गर्दा जबरजस्ती करणी गरेको छैन भनी कसुरमा इन्कार गरे पनि निजले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा वारदातको दिन समयमा पीडिताहरू दुवैजना कोठा बाहिर चोटामा खेली बसेको अवस्थामा देखी मलाई करणी गर्न मन लागेपछि सो ठाउँमा गई निजहरूलाई फकाई फुल्याई धादिङ १(क्ष) बस्ने गरेको कोठामा लगी निजहरूको लुगा र आफ्नो लुगासमेत खोली दुवैजनालाई पालैपालो खाटमा सुताई करणी गरेको भनी कसुरमा पूर्ण साबित भई बयान गरेको स्थितिमा बिना आधार प्रमाण अदालतको इन्कारीले मात्र निज निर्दोष रहेछन् भनी मान्न नमिल्ने हुँदा पुनरावेदकका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

यस स्थितिमा मिसिल प्रमाणहरूको मूल्याङ्कनबाट यी प्रतिवादीले जबरजस्ती करणीको महलको १ नं. विपरीत ३(१) नं. अनुसार दश वर्षभन्दा मुनिका पीडितहरूलाई जबरजस्ती करणीको कसुरजन्य कार्य गरेको पुष्टि हुन आएको हुँदा सोही नं. बमोजिम १० देखि १५ वर्ष कैद हुनेमा वारदात मितिमा प्रतिवादीको उमेर १६ वर्षभन्दा कम १५ वर्ष २६ दिन रहेको भन्ने श्री वाराही देवी प्राथमिक विद्यालयको मिति २०७१।३।४ को उमेर प्रमाणित पत्रसमेतबाट देखिएको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ दफा ११(३) बमोजिम कैद ७ वर्ष ६ महिना हुने साथै सोही महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडिताहरू दुई जनाले जनही रू. एक लाखका दरले क्षतिपूर्तिसमेत पाउने ठहऱ्याई भएको सुरू धादिङ जिल्ला अदालतको मिति २०७१।५।११ फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७२।०२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल मङ्सिर २ गते रोज २ शुभम्।

२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०६८-CR-१३३८, ०७१-RC-००६४, कर्तव्य ज्यान, अङ्गभङ्ग, चुल्हाई सहनी वि. नेपाल सरकार, नेपाल सरकार वि. अच्छेलाल सहनीसमेत*

मृतकको अटोप्सी रिपोर्ट र घटनास्थल तथा लास जाँच मुचुल्कासमेतबाट मृतकको लासमा धारिलो

हतियारले काटेको दुईवटा घाउ चोटहरू मात्र लागेको देखिएको हुँदा जाहेरवाला लडाई सहनीले बकपत्रमा उल्लेख गरेजस्तो सबैका सबै प्रतिवादीहरूले मृतकउपर लाठीले हिर्काएको हो भन्ने अवस्था लासको घाउ चोटको प्रकृति एवं संख्यात्मक विवरणबाट देखिन आउँदैन । निज प्रतिवदीले वारदातको समयमा आफू घटनास्थलमा नभई अन्यत्र छु भनी अन्य स्थलको जिकिर लिए तापनि सो जिकिरलाई विश्वासयोग्य रूपमा अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्ने भार पनि निजउपर नै रहने हुँदा सो कुरा पुष्टि गर्न सकेको नदेखिने ।

प्रतिवादी चुल्हाई सहनीले अदालतमा बयान गर्दा अभियोग दाबीअनुसारको कसुरमा इन्कार रहेको भए तापनि अनुसन्धानको क्रममा मृतकलाई मार्ने मत सल्लाहमा पसी घेरा हाली लाठीले मृतकलाई हानेको हुँ भनी गरेको बयान बेहोरा लासको घाउ चोटको प्रकृतिबाट निजले लाठीले हानेको हो भन्ने बलियो आधारबाट पुष्टि हुन आएको देखिँदैन । अर्का प्रतिवादी सहदेव सहनीउपर दाबी लिइएको १७(२) नं. को कसुर ठहर भई निजलाई ५ वर्ष कैदको सजाय हुने ठहर भएको अवस्थामा निजउपर १६ नं. बमोजिम षड्यन्त्रसमेत गरेको भन्ने अभियोग रहे तापनि के कसरी षड्यन्त्र गरेका थिए भन्ने तथ्य अभियोजन पक्षले प्रस्ट खुलाई पुष्टि गर्न नसकेको हुँदा अभियोग दाबी लिएकै भरमा षड्यन्त्रको कसुर ठहर हुन सक्ने अवस्था नदेखिँदा मृतकलाई मार्ने मतसल्लाहमा पसी ज्यानसम्बन्धीको १७ नं. को कसुर कायम भएको स्थितिमा १६ नं. अन्तर्गतको षड्यन्त्रको कसुरको वारदात कायम हुन सक्ने अवस्था प्रस्तुत वारदातको प्रकृति र मिसिल संलग्न कागजातहरूबाट देखिन नआउने ।

साथै प्रतिवादी नागेन्द्र सहनीलाई ज्यानसम्बन्धीको १३(१) नं. समेतको दाबी लिएकोमा निजलाई १७(३) नं. अनुसार ३ वर्ष कैद गर्ने गरी भएको फैसला त्रुटिपूर्ण भएकोले अभियोग दाबीबमोजिम कुटपिटमा समेत सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको देखिन्छ । अनुसन्धानमा फरार रहेका यी प्रतिवादी नागेन्द्र सहनीले अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । निजले मृतकलाई प्रहार गरेको भन्ने कुरा तथ्ययुक्त प्रमाणबाट पुष्टि नभएको तर वारदातस्थलमा मौजुद रहेकोसम्म जाहेरवाला तथा बुझिएका व्यक्तिहरूको बकपत्रसमेतबाट देखिन आउने ।

प्रतिवादीहरू चुल्हाई सहनी र सहदेव सहनीले पूर्वनियोजित रूपमा वारदात स्थलमा उपस्थित रही मृतकलाई घेरामा पारी भाग्न उम्कन नदिई मार्न संयोग पारेकोसम्म जाहेरवाला तथा बुझिएका व्यक्तिहरूको बकपत्रसमेतबाट पुष्टि हुन आएको देखिँदा, मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १७(२) नं. मा **"... घेरा दिने, बाटो, गौडा छेक्ने वा भाग्न उम्कन नपाउनेसमेत गैह्र काम गरी मार्ने संयोग पारिदिनेलाई पाँच वर्ष कैद गर्नुपर्छ"** भन्ने कानूनी व्यवस्थाका साथै चुल्हाई सहनीसरह ज्यानसम्बन्धीको १३(१) नं. को अभियोग दाबी लिइएको गौरी शंकर रायले सफाइ पाई सोउपर वादीको पुनरावेदन नपरेको स्थितिमा यी प्रतिवादी चुल्हाई सहनी र सहदेव सहनीलाई अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर तर्कसङ्गत नदेखिएकोले पुनरावेदक प्रतिवादी चुल्हाई सहनी र प्रतिवादी सहदेव सहनीलाई ज्यानसम्बन्धीको १७(२) नं. बमोजिम ५ वर्ष कैदका साथै अर्का प्रतिवादी नागेन्द्र सहनीलाई १७(३) नं. अनुसार ३ वर्ष कैद सजाय गर्ने गरेको सुरू अदातलको फैसलालाई सदर ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिँदा पुनरावेदक प्रतिवादी चुल्हाई सहनीको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने र वादी नेपाल सरकारको यी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदन र बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी अच्छेलाल सहनीलाई ज्यानसम्बन्धीको महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय भएकोमा अभियोग माग दाबीअनुसार कुटपिटको महलको ७ नं. बमोजिम पनि सजाय हुनु पर्दछ भन्ने वादी नेपाल सरकारको जिकिर रहेकोमा मुलुकी ऐन, दण्ड सजायको महलको १० नं. मा **"...एकै कागजको मुद्दा भए पनि वा नभए पनि सर्वस्व भएपछि सो हुनुभन्दा अघिको कसुरमा जरिवानाको खत खापिँदैन"** भन्ने कानूनी व्यवस्था भएकोले ठूलो अपराधमा सर्वस्वसहितको जन्मकैदको सजाय ठहर भएका यी प्रतिवादी अच्छेलाल सहनीलाई थप सजाय गरिरहनु नपर्ने।

अदालतमा बकपत्र गर्ने अभियोजन पक्षका प्रत्यक्षदर्शी भनिएका साक्षीहरू छोटेलाल सहनी, पंचु सहनी, असर्फी सहनीले यी प्रतिवादी गौरीशंकरले मृतकलाई भाला प्रहार गरेको भनी उल्लेख गरेको बेहोरा मृतककै छोरा खेहरू सहनी र लडाइ सहनीको बकपत्रको बेहोरासँग मेल खाएको देखिँदैन । गनौर सहनी, जोगेन्द्र भण्डारी, हरिनारायण राय, बाबुनन्दन राय, नागेन्द्र रायसमेतका साक्षीहरूले प्रतिवादी गौरीशंकर राय र महेन्द्र सहनीलाई राजनीतिक रिसइवीको कारण फसाउन झुठा पोल उजुर गरेका हुन् यी प्रतिवादीहरू निर्दोष छन्। अपरिचित व्यक्तिहरूबाट घटना घटेको हो। प्रतिवादी गौरीशंकर राय वारदातको समयमा गाउँमा नै थिएनन् भनी बकपत्र गरेको देखिन्छ भने प्रतिवादी गौरीशंकर राय र महेन्द्र सहनीका साक्षी मदन साह, उचित साहले वारदातको दिन प्रतिवादी गौरीशंकर, उचित साहको मलंगवा स्थित घरमा पूजामा थिए। दशैँपछि महेन्द्र सहनी भारतको पंजाव गएका हुन् वारदातमा थिएनन्। प्रतिवादी गौरीशंकर पनि निम्तो मान्न सर्लाही मलंगवामा थिए भनी बकपत्र गरेको देखियो। मृतकको टाउकोमा दुईवटा मात्र चोटको कारण मृत्यु भएको ठहर गरी प्रतिवादीमध्येका अच्छेलाल सहनी र गान्धी सहनीउपर ज्यानसम्बन्धीको १ र १३(१) नं. विपरीतको कसुर कायम भई ऐ. १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने गरी भएको फैसला अन्तिम रहेको र मृत्यु हुन सक्ने अन्य तेस्रो चोट मृतकको शव परीक्षण प्रतिवेदनबाट नखुलेको अवस्थामा मृतक रामबहादुरलाई को-कसले प्रहार गरी टाउकोमा चोट पुऱ्याएको कारण मृत्यु भएको हो भन्ने सम्बन्धमा घटनास्थलमा पहिलो पटक पुग्ने मृतकको छोरा खेहरू सहनी पुग्नुभन्दा पहिले नै मृतक रामबहादुर सोही चोटको कारण ढलिसकेको र अन्य मानिसहरू पछि जम्मा भएका भन्ने मृतकका छोरा खहेरू सहनीको बकपत्र रहेको हुँदा वारदात स्थलमा पछि आउने अभियोजन पक्षले पेस गरेका साक्षी छोटेलाल सहनी, पंचु सहनी र असर्फी सहनीसमेतको भनाइलाई आधार प्रमाण मान्न सक्ने अवस्था नहुने।

अभियोजन पक्षको साक्षी गनौर सहनी, जोगेन्द्र भण्डारी, हरिनारायण राय, बाबुनन्दन राय, नागेन्द्र रायसमेतका मानिसले राजनीतिक रिसइवीका कारण वारदातमै नभएका प्रतिवादी महेन्द्र सहनी र गौरीशंकर रायउपर झुठा उजुरी गरेका हुन्, निजहरू निर्दोष छन् भनी गरेको बकपत्र, प्रतिवादीका साक्षीहरू महन साह र उचित साहले यिनै प्रतिवादीहरू गौरीशंकर राय र महेन्द्र सहनीको जिकिर समर्थन हुने गरी बकपत्र गरेको देखिँदा अभियोजन पक्षले यी प्रतिवादीउपर अभियोग दाबी निर्विवाद रूपमा पुष्टि गर्न सकेको अवस्था देखिन आएन। मृतक रामबहादुरलाई कुटपिट गरी ज्यान मर्न गएको भन्ने आधार र कारणले मात्र कुनै व्यक्तिलाई आरोपित गरी न्यायको मान्य सिद्धान्तनुसार पनि विवादास्पद विरोधाभाष र अस्पष्ट प्रमाणको आधारमा कसुरदार ठहर गर्नु न्यायोचित नहुने । फौजदारी न्यायमा **"शंकाको सुविधा अभियुक्तले पाउँछ"** भन्ने सर्वमान्य सिद्धान्त हो। प्रस्तुत मुद्दामा प्रतिवादीमध्येका अच्छेलाल सहनी, गान्धी सहनी, चुल्हाइ सहनी र सहदेव सहनीले मौकामा कागज गर्दा यी प्रतिवादी गौरीशंकर राय र महेन्द्र सहनीको वारदातमा संलग्नता

रहेको थियो भने तापनि अदालतमा बयान गर्दा वारदातमा संलग्नता थियो भनी पोल गरेको अवस्था पनि देखिन्न। केवल प्रहरीमा भएको पोलयुक्त साबिती बयान यी प्रतिवादी महेन्द्र सहनी र गौरीशंकर रायका हकमा अन्य स्वतन्त्र र विश्वसनीय प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

प्रतिवादी रेवती राय यादवले वचन दिएको भनी ज्यानसम्बन्धी महलको १३(४) नं. र अङ्गभङ्गतर्फको समेत दाबी भएकोमा निजले वचन दिएको भन्ने सुन्ने मौकामा कुनै पनि व्यक्ति नभएको, २०६२।८।२ का दिन बिहानै ५ बजेको समयमा घटना भएको र अघिल्लो रात निजलाई मार्ने मतसल्लाह भएको भन्ने प्रतिवादीहरू चुल्हाई सहनी, सहदेव सहनी, अच्छेलाल सहनी र गान्धी सहनीको बयानबाट देखिई भाला फर्सासमेत लिई प्रतिवादीहरू वारदात स्थलमा रहेको, सो मत सल्लाह हुँदा निज रेवती रायसमेत थिए भन्ने मिसिल संलग्न कागजातबाट कहीँकतै नदेखिएको अवस्थामा तत्काल निज प्रतिवादीले वचन दिएको ठोस सबुदको अभाव हुँदा वचन दिएतर्फ सजाय ठहर गर्न मिल्ने देखिएन। अङ्गभङ्गतर्फ खेहरू सहनीलाई निजले चोट छोडेको वचन दिएकोसमेत नदेखिँदा यी प्रतिवादी रेवती राय यादवलाई ज्यानसम्बन्धी महलको १३(४) नं. र कुटपिटको ६ नं. अनुसार नै सजाय हुनुपर्दछ भन्ने वादी नेपाल सरकारको दाबी पुग्न नसक्ने नै देखिन आउने।

त्यस्तै अर्का प्रतिवादी रामचन्द्र सहनीलाई षड्यन्त्र गरेको अभियोगमा ज्यानसम्बन्धी महलको १६ र १७(२) नं. अनुसार सजायको माग दाबी लिएकोमा निजले के कुन षड्यन्त्र कसरी गरेका हुन ? निजले वारदात स्थलमा रहेर मृतक एवं घाइतेसमेतलाई कुटपिट प्रहार के के गरेका हुन् ? भन्ने कुरा स्पष्ट रूपमा स्वयं जाहेरवालासमेतले खुलाई लेखाउन नसकेको अवस्थामा केवल गोश्वारा बोलीको आधारमा निज प्रतिवादी रामचन्द्र सहनीलाई कसुरदार ठहर गर्नु न्यायोचित र तर्कसङ्गत नहुने।

प्रतिवादीमध्येको रेवती राय यादवले वचन दिई गान्धी सहनी र गौरीशंकर राय यादवले भालाले, अच्छेलाल सहनीले गडासाले र नागेन्द्र सहनीले लाठीले मृतक बुबालाई प्रहार गरी मर्ने बाँच्ने दोसाँध बनाई दिँदा उपचार गर्न लैजाँदै गर्दा बाटोमै मृतकको सोही चोटबाट मृत्यु भएको हो भनी पर्न आएको जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीहरूबाहेकका रेवती राय यादव र रामचन्द्र सहनीसमेतका अन्य प्रतिवादीहरूको नाम जाहेरी दरखास्तको विरूद्ध खण्डमा उल्लेख गरेको भए तापनि निज प्रतिवादीहरूको प्रस्तुत वारदातमा के कस्तो भूमिका रहेको थियो भन्ने सम्बन्धमा स्पष्ट रूपमा खुलाउन सकेको नपाइने।

जाहेरीमा भालाले हान्नेमा गान्धी सहनी र गौरीशंकर, गडासाले हान्नेमा अच्छेलाल सहनी र लाठीले कुटपिट गर्नेमा अवध सहनी र नागेन्द्र सहनी भनी निजहरूको नाम मात्र उल्लेख गरेको देखिन्छ। तर निज जाहेरवाला लडाई सहनीले अदालतसमक्ष बकपत्र गर्दा अन्य प्रतिवादीहरूले लाठीले मृतकलाई शरीरको यत्रतत्र भागमा कुटपिट गरेका हुन् भनी आशंकाका रूपमा पहिले आफैँले दिएको जाहेरीमा उल्लेख गर्न नसकेको थप कुरा बकपत्रमा उल्लेख गरेको देखियो । अभियोग लगाउनु र उक्त अभियोगलाई स्वतन्त्र, वस्तुनिष्ठ र विश्वसनीय तवरबाट अदालतसमक्ष पुष्टि गराउनु अलग अलग विषय हो । केवल अभियोग लगाएकै भरमा उक्त अभियोग अन्य स्वतन्त्र प्रमाणहरूबाट शंकारहित तवरले स्थापित हुन नसकेको अवस्थामा कसुरदार कायम गरी सजाय गर्नु न्यायको मूल्य मान्यता र विवेकी तर्कसङ्गत हुन नआउने हुँदा यी प्रतिवादीहरू गौरीशंकर राय, रेवती राय यादव, रामचन्द्र सहनी र महेन्द्र सहनी लाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी सुरू अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदातल जनकपुरको फैसला त्रुटिपूर्ण रहेकोले सुरू

अभियोग माग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन र बहस जिकिरसँग सहमत हुन नसकिने।

साथै प्रतिवादीहरू अच्छेलाल सहनी र गान्धी सहनीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुरमा सर्वस्वसहित जन्मकैदको सजाय गरी सुरू अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत जनकपुरको फैसाल निजहरूको हकमा साधकको रोहमा विचार गर्दा, मृतक रामबहादुर सहनीलाई धारिलो हतियारले साङ्घातिक हमला गरी कर्तव्य गरी मारेउपर परेको प्रहरी प्रतिवेदन जाहेरी, लडाई सहनीको जाहेरी दरखास्त एवं बकपत्र, छोटेलाल सहनी र पंचु सहनीसमेतका बुझिएका मानिसहरूको बकपत्र तथा मृतकको टाउकोमा दुईवटा काटेको घाउहरू रहेको भन्ने घटनास्थल एवं लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा "The cause of death is head injury profuse bleeding shock and death" भनी उल्लेख भएसमेतबाट यी प्रतिवादी अच्छेलाल सहनीले गडासाले र गान्धी सहनीले भालाले मृतकलाई प्रहार गरेका हौं भनी अनुसन्धानमा उल्लेख गरेको बयान बेहोरालाई अदालतमा आरोपित कसुर गरेकामा इन्कार रहेको भए तापनि अन्य स्वतन्त्र तथ्ययुक्त आधार र मिसिल संलग्न प्रमाणहरूबाट आरोपित कसुर गरेको पुष्टि भइरहेको अवस्थामा सजायबाट उन्मुक्ति पाउन अदालतमा सामान्यत इन्कारी बयान गर्नु मात्र कुनै अभियुक्तले आरोपित कसुर र सजायबाट उन्मुक्ति पाउने आधार हुन नसक्ने हुँदा अदालतमा कसुरमा इन्कार रहेकै मात्र आधारमा निजहरू बेकसुर रहेछन् भनी मान्न नमिल्ने देखिँदा यी प्रतिवादीहरू अच्छेलाल सहनी र गान्धी सहनीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत जनकपुरको फैसला साधकको रोहमा मिलेकै देखिँदा सदर हुने।

तसर्थ, विवेचित तथ्यगत आधार र कारणसमेतबाट प्रतिवादीमध्येका फरार रहेका रेवती राय यादव, गौरीशंकर राय, जनार्दन सहनी, मनजीत सहनी, नागेन्द्र सहनी, रामचन्द्र सहनी, ललन सहनी, अवध सहनी र महेन्द्र सहनीको हकमा अ.वं.१९० नं. बमोजिम मुल्तबीमा राखी प्रतिवादी अच्छेलाल सहनी र गान्धी सहनीलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. को कसुरमा सर्वस्वसहित जन्मकैदको सजाय गरी अर्का प्रतिवादीहरू चुल्हाई सहनी र सहदेव सहनीलाई ज्यानसम्बन्धीको महलको १७(२) अनुसार जनही पाँच (५) वर्ष कैद ठहर हुने गरी मिति ०६४।१।१० मा भएको फैसला र प्रतिवादी नागेन्द्र सहनीलाई वारदातस्थलमा रहेको हदसम्म ज्यानसम्बन्धीको महलको १७(३) नं. अनुसार ३ वर्ष कैद सजाय हुने ठहर गरी यी प्रतिवादी नागेन्द्र सहनीलाई कुटपिटतर्फ अभियोग दाबी पुग्न नसक्ने गरी तथा ज्यानसम्बन्धीको महलको १३(४) नं. र कुटपिटको ६ नं. बमोजिमको अभियोग दाबी पुग्न नसक्ने गरी अर्का प्रतिवादी रेवती राय यादव र रामचन्द्र सहनीलाई सफाइ दिने गरी मिति २०६६।३।२३ को साथै विना पूर्वतयारी षड्यन्त्र गरी मृतकलाई मार्ने मराउने कार्यको मतियार भनी ज्यानसम्बन्धी महलको १६ र १७(२) नं. को माग दाबी लिइएको प्रतिवादी महेन्द्र सहनी र अर्का प्रतिवादी गौरीशंकर रायले जोखिमी हतियार भाला प्रयोग गरी मृतकलाई मारेको भन्नेसमेत ठोस प्रमाणहरूबाट यी प्रतिवादीहरू कसुरदार नदेखिँदा अभियोग दाबीबमोजिमको कसुरबाट प्रतिवादीहरू महेन्द्र सहनी र गौरीशंकर रायलाई सफाइ दिने गरी गरेको मिति २०६७।७।३० को सुरू सर्लाही जिल्ला अदालतको फैसलालाई पुनरावेदन अदालत जनकपुरबाट प्रतिवादीहरूमध्ये अच्छेलाल सहनी र गान्धी सहनीलाई ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने र चुल्हाई सहनी

र सहदेव सहनीलाई ज्यानसम्बन्धीको १७(२) नं. बमोजिम ५ वर्ष कैद गर्ने र नागेन्द्र सहनीलाई सोही महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद गर्ने गरी गरेको तथा रेवती राय यादव र रामचन्द्र सहनीलाई सफाइ दिने ठहर गरी सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरेको मिति २०६८।२।१८ को साथै प्रतिवादी गौरीशंकर राय यादव र महेन्द्र सहनीले मृतकलाई मार्ने तथा प्रतिवादी महेन्द्र सहनीलाई ज्यानसम्बन्धी महलको १६ र १७(२) नं. को कसुर गरे गराएको भन्ने अभियोग दाबी वस्तुनिष्ठ ठोस प्रमाणबाट पुष्टि हुन नआएकोले अभियोग दाबीबमोजिमको कसुरबाट यी प्रतिवादीहरू गौरीशंकर राय यादव र महेन्द्र सहनीलाई सफाइ दिने गरी सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।७।६ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको अभियोग माग दाबीबमोजिम नै सजाय गरिपाउँ र प्रतिवादी चुल्हाई सहनीको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न नसक्ने।

सर्वस्वसहित जन्मकैद गर्ने सजायका सम्बन्धमा विचार गर्दा यी प्रतिवादीहरू अच्छेलाल सहनी र गान्धी सहनीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. मा उल्लेख भएअनुसार सर्वस्वसहित जन्मकैद हुने ठहर भए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "**कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन।**" भन्ने व्यवस्था भएको देखिँदा सर्वस्व गरिरहन परेन। जन्मकैद मात्र हुने।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल मङ्सिर १० गते रोज ३ शुभम्।

३

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल, *०७३-CR-१४०३, लागु औषध (खैरो हिरोइन), राधेश्याम प्रसाद साह वि. नेपाल सरकार*

पुनरावेदक राधेश्याम प्रसाद साहले सुरू जिल्ला अदालतमा गरेको बयानमा उक्त बरामदी लागु औषध खैरो हेरोइन आफ्नो नभएको र आफूबाट बरामदसमेत नभएको भनी कसुरमा इन्कार रही बयान गरेको भए तापनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफूले भारत रक्सौलका बाबु भन्ने व्यक्तिबाट लागु औषध खैरो हिरोइन खरिद गरी घरमा ल्याई उक्त ८५० ग्राम लागु औषध खैरो हेरोइन १० वटा प्लाष्टिकको थैलीमा प्याक गरी झोलामा राखी मोटरसाइकलमा काठमाडौंतर्फ आउँदै गर्दा फर्पिङमा प्रहरीले चेक जाँच गर्ने क्रममा बरामद भएको हो भनी कसुरमा साबिती रही बयान गरेको देखिन्छ। पुनरावेदक राधेश्याम प्रसाद साहले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान आफ्नो स्वेच्छाले दिएको नभई जबरजस्तीपूर्वक सही दस्तखत गराइएको भनी जिकिर लिए तापनि निज प्रतिवादीको शारीरिक परीक्षण प्रतिवेदनमा शरीरमा कुनै किसिमको चोटपटक नलागेको अर्थात् शारीरिक अवस्था ठिक छ भनी स्पष्ट उल्लेख भएको साथै प्रहरीले निजलाई कुटपिट गरी झुठा बेहोराको बयानमा सहीछाप गराउनुपर्नेसम्मको कुनै ठोस आधार प्रमाणसमेत खुलाउन नसकेको एवं सोबारेमा कहीँकतै उजुरबाजुरसमेत गरेको अवस्था देखिँदैन। यसै सन्दर्भमा सर्वोच्च अदालतबाट फूलमाया तामाङ विरूद्ध श्री ५ को सरकार भएको लागु औषध फेन्सिडिल मुद्दा (**ने.का.प २०५८, अङ्क ३, नि.नं ६९९७, पृष्ठ-१**) मा "***..प्रहरीले कुटपिट गरी सहीछाप गराएको हो भनी अभियोग दाबीको कसुर गरेकोमा इन्कार रही बयान गरेको देखिए तापनि प्रहरीको कुटपिटबाट निजलाई लाग्न गएको घाउ-चोटसमेत***

देखाई सोको जाँच गरिपाउँ भन्ने भनाइसमेत रहेको नदेखिनुका साथै प्रहरीले निजलाई कुटपिट गरी झुट्टा बेहोराको बयानमा सहीछाप गराउनुपर्नेसम्मको आधारसमेत खुलाउन सकेको पाइँदैन ।" भन्ने सिद्धान्तसमेत प्रतिपादित भएको आधारमा पुनरावेदन जिकिरबमोजिम बयान प्रतिवादी राधेश्याम प्रसाद साहको इच्छाविपरीत गराइएको हो तथा निजको अदालतसमक्षको इन्कारी बयान विश्वसनीय रहेछ भनी मान्न मिल्ने देखिन नआउने।

बरामदी मुचुल्कामा भएको ल्याप्चे दस्तखतसँग पुनरावेदकले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको ल्याप्चे र दस्तखत भिडाउन राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाउँदा, बरामदी मुचुल्कामा भएको ल्याप्चे दोहोरो भएको र दोहोरो ल्याप्चेमध्ये देखिने ल्याप्चे पुनरावेदकले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको ल्याप्चेसँग मिल्दैन भनी परीक्षण प्रतिवेदन प्राप्त भए तापनि सोही बरामदी मुचुल्कामा निजको *राधेश्याम* लेखिएको दस्तखत र अधिकारप्राप्त अधिकारीसमक्ष बयानमा निज पुनरावेदकले *राधेश्याम* लेखेको दस्तखतसँग मिल्दछन् भनी राय प्राप्त भएको एवं सो कुरालाई समर्थन हुने गरी लिखत जाँच गर्ने विशेषज्ञ पियुषमान शाक्यले अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको देखिँदा सो बरामदी मुचुल्कामा भएको दस्तखत प्रतिवादी राधेश्याम प्रसाद साहको नभई उक्त बरामदी मुचुल्का झुठा हो भन्न सकिने अवस्था नहुँदा निज प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नरहने।

सामान्यतः ***प्रमाणको भार वादीमा रहने भए तापनि कतिपय मुद्दाहरूमा विषयगत अपराधको गाम्भीर्यलाई विचार गरी कानूनले निषेध गरेको वस्तु प्रतिवादीबाट बरामद भएमा सो तथ्यलाई कसुर मान्ने कानूनी प्रावधान भई सो आपराधिक कार्य (Corpus delicit) स्थापित भएपछि निर्दोषिता प्रमाणित गर्ने भार प्रतिवादीमा राख्ने गरेको पाइन्छ*** । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले ***कुनै व्यक्तिका साथमा कुनै लागु औषध फेला परेमा सो लागु औषध निजले कानूनबमोजिम राखेको हो भन्ने कुराको प्रमाण पेस निजले गर्नुपर्दछ*** भनी प्रमाणको भार लागु औषध राख्ने व्यक्तिले पेस गर्नुपर्ने र कानूनले लागु औषधको कसुरलाई possessory crime को रूपमा परिभाषित गरी प्रमाणको भार प्रतिवादीमा निहित राखिदिएको हुँदा प्रतिवादी राधेश्याम प्रसाद साहले पछाडि भिरेको खैरो रंगको झोलासमेत तलासी लिँदा, उक्त झोलाभित्र सेतो प्लाष्टिकको पोको बनाई १० वटा प्लाष्टिकको थैलोमा प्याक गरी ल्याएको अवस्थामा लागु औषध खैरो हेरोइन फेला परेको तथा उक्त प्याक गरेको प्लाष्टिकको पोका फुटाई तौल गर्दा ८५० ग्राम भएको तथ्य हुँदा प्रतिवादी राधेश्याम प्रसाद साहको अदालतसमक्ष इन्कारी बयान तथा निजले लिएको पुनरावेदन जिकिरलाई मात्र आधार मानी अभियोग दाबीको कसुर निजले गरेको रहेनछ भनी भन्न मिल्ने नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा ३६ मा "कुनै ***लिखित कुनै व्यक्तिद्वारा लेखिएको वा सहीछाप गरेको हो वा होइन भन्ने प्रश्न उठेमा अदालतले सो व्यक्तिलाई अर्को कागजमा सहीछाप गर्न लगाई सो हस्ताक्षर वा सहीछापसँग भिडाई यकिन गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेकोमा***, प्रतिवादीले दुवै कागजातहरूमा लेखात्मक र रेखात्मक दुवै सहीछाप हुँदाहुँदै लेखात्मक सहीछाप मात्र भिडाउन पठाइएको र सो विषय प्रमाण ऐन, २०३१ को दफा ३६ अनुसार त्रुटिपूर्ण र बदरभागी छ भन्ने जिकिर लिएको देखिन्छ । यसप्रकार, दुवै लेखात्मक र रेखात्मक सहीछाप भिडाउन पठाउनुपर्नेबारे प्रचलित प्रमाण ऐन, २०३१ मा उल्लेख भएको नहुँदा यस सम्बन्धमा थप विवेचना गर्नुपर्ने अवस्था नदेखिने।

यसैगरी प्रतिवादी राधेश्याम प्रसाद साहबाट लागु औषध खैरो हेरोइन ८५० ग्राम बरामद भएको

भन्ने बरामदी मुचुल्का, उक्त बरामदी मुचुल्का तयार गरी सही गर्ने तथा प्रतिवेदकहरू प्रहरी सहायक निरीक्षक राजु थापा, प्रहरी हवल्दार सुरज थापा, प्रहरी निरीक्षक शिवबहादुर सिंह र मधु खड्काले अदालतमा उपस्थित भई उक्त बरामद भएको लागु औषध प्रतिवादीबाट बरामद भएको हो भनी बरामदी मुचुल्कालाई समर्थन हुने गरी गरेको बकपत्र, राधेश्याम प्रसाद साहबाट बरामद भएको उक्त पदार्थ लागु औषध (खैरो हेरोइन) भएको भनी केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन, प्रतिवादीको बरामदी मुचुल्कामा भएको राधेश्याम लेखिएको दस्तखत र अधिकारप्राप्त अधिकारीसमक्ष गरेको दस्तखत मिले भिडेको भनी परीक्षण प्रतिवेदन तथा सोही बेहोराको विशेषज्ञको बकपत्र, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान र प्रतिवादीबाट बरामद भएको लागु औषधको मात्राको हिसाबसमेतले यी प्रतिवादी राधेश्याम प्रसाद साहले उक्त बरामद भएको लागु औषध खैरो हेरोइन रक्सौलबाट भारतीय नागरिक बाबा भन्ने व्यक्तिसँग रू. ४,२५,०००।– मा खरिद गरी १० वटा प्लाष्टिकको थैलोमा प्याक गरी हेटौंडा हुँदै काठमाडौं बिक्री वितरण प्रयोजनको लागि ल्याउँदै गर्दा प्रहरीले उक्त लागु औषधसहित पक्राउ गरेको भन्ने तथ्यलाई अन्यथा भन्न सक्ने अवस्था नहुँदा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने अवस्था देखिन नआउने।

अब, तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला मिले नमिलेको सम्बन्धमा हेर्दा यी पुनरावेदक प्रतिवादी राधेश्याम प्रसाद साहले उल्लिखित आधारहरूबाट अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको देखिन आएकाले निज प्रतिवादीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को देहाय (घ) (ङ) र (च) को कसुर गरेकाले निज प्रतिवादीलाई सोही ऐनको दफा १४ (१) (छ) (३) बमोजिमको सजाय हुनेमा सो दफामा तजबिजी सजायको व्यवस्था भएको पाइएकोमा यी प्रतिवादीले यसअघि यसप्रकारको कसुर गरेको भन्ने देखिन नआए पनि परिमाण एवं मात्रा न्यूनतम नदेखिएकाले निज प्रतिवादीलाई उक्त ऐनको दफा १४(१) (छ) (३) बमोजिम १५ पन्ध्र वर्ष कैद र जरिवाना रू. ७,००,०००।- (सात लाख रूपैयाँ) हुने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।०३।०५ मा भएको फैसलालाई सदर कायम हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१।११।१२ फैसलालाई अन्यथा गर्नुपर्ने देखिन नआउने।

तसर्थ, उल्लिखित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्तलगायत मिसिल संलग्न आधार प्रमाणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।०३।०५ मा प्रतिवादी राधेश्याम प्रसाद साहलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (छ) (३) बमोजिम १५ वर्ष कैद र रू. ७,००,०००।– (सात लाख रूपैयाँ) जरिवाना हुने ठहऱ्याई भएको सो फैसलालाई सदर कायम हुने ठहर गरी मिति २०७१।११।१२ मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सदिक्षा नेपाल

इति संवत् २०७६ साल माघ ७ गते रोज ३ शुभम्।

इजलास नं.१३

१

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७५-WO-११५९, परमादेश, राजन दाहालसमेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत

फौजदारी मुद्दाहरूको अनुसन्धान, अभियोजन, दायरी, कारबाही, सुनुवाइ, फैसला र फैसलाको कार्यान्वयन त्यसको कार्यविधि कानूनद्वारा नै व्यवस्थित हुन्छ । अपराधको नियन्त्रण गर्ने,

अपराधीलाई कानूनबमोजिम दण्डित गर्ने, अपराधबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति भराउने, पीडित व्यक्ति र पीडक दुवैलाई पुनः सामाजिक स्थापना गर्ने फौजदारी न्याय प्रशासनको उद्देश्य हुन्छ । राज्यले यो दायित्व निर्वाह गर्न व्यक्तिका के कस्ता कार्यहरू फौजदारी कसुरभित्र पर्दछन्, कसुर गर्ने व्यक्तिलाई के, कति, कसरी सजाय गर्ने भनी कानून बनाई कार्यान्वयन गरिएको हुन्छ । कसुरको सूचना सङ्कलन गर्न, अनुसन्धान तहकिकात गर्ने कसुर गर्ने व्यक्तिलाई पक्राउ गर्ने, शरीर खनतलासी लिने, अपराधसँग प्रमाण लाग्ने, दशी प्रमाण भएको, हुनसक्ने शंकास्पद स्थानमा खानतलासी गर्ने, दशी प्रमाण भेटिएका बरामद गर्ने, त्यस्ता दशी प्रमाणको भौतिक परीक्षण गर्ने, घटना भएको देख्ने, थाहा पाउने व्यक्तिको कागज गराउने, सर्जमिन बुझ्ने कार्य अनुसन्धान तहकिकातको जिम्मेवारी पाएका राज्य संयन्त्रका निकाय वा पदाधिकारीबाट सम्पन्न गरी विवादको निर्णयका लागि अदालतमा पेस गर्ने गरिने ।

आफूहरूसमेत उपर उजुरी परेको, भूलवश जाहेरीमा नाम समावेश भएकोले कार्यबाही नगर्न जाहेरवालाहरूले प्रहरीसमक्ष अनुरोध गरेकोमा प्रहरीले इन्कार गरेकोले गैह्रकानूनी धरपकडको सम्भावना रहेको भन्ने आधार देखाई निवेदकहरू अदालतमा प्रवेश गरेको देखिन्छ । निवेदकहरूलाई सोही बखत आफूउपर ठगी मुद्दाको जाहेरी परिसकेको छ भन्ने थाहा जानकारी भएको देखिन आँउछ । अपराध नियन्त्रणका लागि अपराधको सूचना प्राप्त भएपछि अपराध भयो वा भएन र अपराधमा कसको संलग्नता थियो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । निवेदनसाथ पेस भएको महानगरीय प्रहरी वृत्त, महाराजगन्जमा दिएको भनेको निवेदन दर्ता भएको भन्ने देखिएन । निवेदन बेहोरा हेर्दा रानी डायना ग्रुप प्रा.लि. बाट पाउनुपर्ने पारिश्रमिकको विषयलाई लिएर प्रा.लि.का सञ्चालक सुन्दर रिजाल र संस्थापक महारानी लक्ष्मी राणाउपर ठगी कसुरमा जाहेरी दिएकोमा निजहरलाई पक्राउ गर्न दबाब सिर्जना गर्न उल्लिखित कम्पनीसँग कुनै सरोकार, सम्बन्ध, दायित्व सेयर तथा अधिकार नभएका मिनराज चौधरी, किशनराज सिंह र राजन दाहालको नाम समावेश गरिएकोमा मुख्य कारणीहरू सुन्दर रिजाल र महारानी लक्ष्मी राणा पक्राउ परिसकेको हुँदा दबाबमा प्रतिवादी बनाइएको नाम जाहेरीबाट हटाई कुनै पनि कानूनी कारबाही नगर्न पूरक निवेदन पेस गरेको भनी जाहेरवालाहरूले हस्ताक्षर गरेको देखिने ।

अपराध नियन्त्रणको लागि कानून प्रतिकूलको कार्य भएको हो, होइन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । मौकामा कसैउपर किटानी जाहेरी दिई वारदातबाट पीडित वा जाहेरवालाले पछि कसुरदारलाई बचाइदिने उद्देश्यले मौकाको बेहोरा प्रतिकूल कसुर गरेको होइन भनी कागज गर्दा वा अदालतमै बकपत्र गरे पनि अन्य प्रमाणहरूले पुष्टि नगरेको अवस्थामा त्यस्तै कागजले महत्त्वपूर्ण प्रमाणको स्थान लिन सक्दैनन् । श्री ५ को सरकार विरूद्ध श्याम माझी भएको ज.क. मुद्दा (ने.का.प. ०६१, नि.नं. ७४११) मा **"फौजदारी मुद्दामा अभियुक्तले अपराध गरेको हो कि होइन भन्नेलगायत सबुदहरूको आधारमा निर्णय गर्ने कुरा हो । अपराधीलाई बचाई दिने नियतले कसैले बयान दिँदैमा अभियुक्तलाई निरअपराध ठहर गर्नुपर्ने वा कसैले अभियुक्त विरूद्ध बयान दिँदैमा अपराधी ठहर्न पर्ने भन्न सकिँदैन । व्यक्तिको भनाइलाई सबुदको रूपमा मात्र लिन सकिन्छ वा अकाट्य प्रमाण मान्न नसकिने"** भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ ।

अपराध भए गरेको देखिए को, कसले, कसरी गरेका रहेछन् ? भन्ने कुरा अपराधको अनुसन्धान तहकिकातबाट देखिन्छ । अनुसन्धानको क्रममा सङ्कलित भएका प्रमाणहरूका आधारमा आरोपित व्यक्तिहरूको अभियोग पुष्टि हुन नसकेमा हिरासतमा रहेका व्यक्तिहरूलाई अनुसन्धान गर्ने अधिकारीले

सरकारी वकिलको सहमति लिई तत्कालै वा तत्काल सहमति लिन नसकेमा कारणसहितको पर्चा खडा गरी धरौट वा जमानत लिई वा कुनै माथवर मानिसको जिम्मा लगाई छाड्न सक्ने व्यवस्था मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १५ मा व्यवस्था गरेको देखिन्छ । अभियोग पत्र दर्ता भए अनुसन्धानका क्रममा सङ्कलित भएका सबुद प्रमाण अदालतबाट परीक्षण हुँदा अभियोग दाबी पुष्टि हुन नसकेका आरोपित व्यक्तिहरूले अभियोग दाबीबाट सफाइ पाउने र कसुरदार देखिएका व्यक्तिहरूले कानूनबमोजिम सजाय पाउने फैसला हुन्छ । उक्त कसुरमा यी निवेदकहरूको संलग्नता रहे, नरहेको, कम्पनीसँग निवेदकहरूको सरोकार सम्बन्ध, दायित्व, जिम्मेवारी रहे, नरहेको भन्ने तथ्य कानूनबमोजिम अनुसन्धान गरी सबुद प्रमाणको विवेचना गरी सोही मुद्दाको रोहबाट उचित निकासा हुने नै हुन्छ । तल्लो न्यायिक निकायमा विचाराधीन रहेका मुद्दाहरूमा प्रतिकूल असर पर्ने गरी असाधारण अधिकार क्षेत्रअन्तर्गत परेको निवेदनबाट प्राप्त भएको सूचनाको आधारमा कुनै पनि फौजदारी मुद्दाको अनुसन्धान, तहकिकात नगर्नु अभियोग दर्ता नगर्नु भन्ने आदेश जारी गर्न सिद्धान्ततः मिल्ने देखिँदैन । निवेदकहरूको उक्त कसुरमा संलग्नता छ, छैन भन्ने कुरा प्रस्तुत रिट निवेदनको तथ्यबाट निरूपण हुन सक्ने विषय पनि नहुने ।

निवेदकउपर ठगी मुद्दाको अभियोग दर्ता भएको देखिन्छ, मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन अवस्थामा छ, आफूउपर परेको अभियोगमा सफाइ पेस गर्ने मौकाबाट यी निवेदकहरू वञ्चित भएको भन्ने देखिएको छैन, सफाइको आधार पेस गरी आफूउपरको अभियोगबाट सफाइ लिनुपर्नेमा सोतर्फ नगई रिट क्षेत्रमा प्रवेश गरेको देखिन्छ । अदालतको असाधारण अधिकार क्षेत्रमा प्रवेश गर्नुपर्ने अवस्था नै रहेको भन्ने देखिन नआएको अवस्थामा रिट निवेदनको रोहबाट विचार हुन सक्ने विषय होइन । सबुद प्रमाणको न्यायिक परीक्षण भई फैसला भइसकेपछि चित्त नबुझेमा कानूनबमोजिम पुनरावेदन गर्न पाउने कानूनी व्यवस्था छ । कानूनबमोजिमका उपचारका मार्गहरू हुँदाहुँदै उक्त मार्गहरू अवलम्बन नगरी प्रारम्भमै निवेदकउपर कानूनी कारबाही नै नगर्नु भनी रिट क्षेत्रबाट आदेश गर्न मिल्ने देखिएन ।

अतः निवेदकहरूउपर ठगी मुद्दाको अभियोग काठमाडौं जिल्ला अदालतमा दायर भई विचाराधीन रहेको उक्त कसुर अपराधमा निवेदकको संलग्नता रहे नरहेको भन्ने कुरा सबुद प्रमाणको विवेचना भई सोही मुद्दाबाट फैसला हुन सक्ने देखिएको, आफूउपरको अभियोगमा सफाइको आधार पेस गरी अभियोग दाबीबाट छुट्कारा पाउन निवेदकहरू वञ्चित भएको नदेखिएको, तल्लो निकायमा विचाराधीन मुद्दामा प्रतिकूल असर पर्ने गरी असाधारण अधिकारक्षेत्रअन्तर्गत परेको रिट निवेदनबाट आदेश गर्न नमिल्ने र फैसला भइसकेपश्चात् चित्त नबुझेमा कानूनबमोजिम पुनरावेदन गर्न पाउने कानूनी व्यवस्थासमेत रहे भएको देखिएको अवस्थामा आफूउपर परेको अभियोगमा सफाइको आधार पेस गरी अभियोग दाबीबाट सफाइ लिनुपर्नेमा सोतर्फ नगई रिट क्षेत्रमा प्रवेश गर्नुपर्ने अवस्था नै नभएको अवस्थामा रिट क्षेत्रमा प्रवेश गरेको देखिएको हुँदा निवेदन मागबमोजिम विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमान नदेखिएको प्रस्तुत निवेदन खारेज हुने ठहर्छ । आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई प्रस्तुत निवेदनको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

इजलास अधिकृतः- मदनप्रसाद पराजुली

इति संवत् २०७६ साल फागुन २१ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७५-WO-११६०, परमादेश, किसन राज सिंह वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत भएको

मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, ०७३-WO-१२६१, परमादेश, जितबहादुर ठकुरी वि. श्री जिल्ला वन कार्यालय, विरेन्द्रनगर, सुर्खेतसमेत

मिति २०६९।२।४ मा नेपाल सरकार सचिव स्तर भएको दररेट निर्धारणसम्बन्धी निर्णय र सोही निर्णयबमोजिम काठको बिक्री वितरण गर्नु भन्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।५।१७ को निर्णय निर्देशन बदर भइसकेपछि उक्त निर्णयबमोजिम यी निवेदकले थप रकम दाखिला गर्नुपर्ने अवस्था देखिन आउँदैन । थप गर्नुपर्ने भनिएको रकमबापत निवेदकले आफ्नो नाम दर्ताका निवेदन दाबीका जग्गा जेथा जमानतमा दिई मालपोत कार्यालयबाट रोक्कासमेत भएको हुँदा अब उक्त जग्गाहरू रोक्का राखिरहनुपर्ने प्रयोजन नै रहेको अवस्था देखिँदैन। जुन प्रयोजनको लागि जग्गा रोक्का राखिएको हो सो प्रयोजन समाप्त भइसकेपछि जग्गा रोक्का राखिरहनुपर्ने कुरामा कुनै औचित्य नरही बिनाआधार कारण कुनै नागरिकको सम्पत्तिमा उपभोग गर्नबाट वञ्चित हुने गरी नागरिक अधिकार तथा सम्पत्तिसम्बन्धी संवैधानिक अधिकारमा प्रतिकूल असर पर्ने गरी रोक्का राख्नुपर्नेसम्मको अवस्था देखिँदैन। थप रकमबापत जग्गा जमानतमा दिइ रोक्का राखेको देखिँदा उक्त रकम दाखिला नभई जग्गा फुकुवा गर्न मिल्दैन भन्ने जिल्ला वन कार्यालय विरेन्द्रनगर सुर्खेतको मिति २०७२।१२।१८ को निवेदकलाई दिएको जानकारी पत्र कानूनबमोजिमको देखिन आएन। मिति २०६९।२।४ को नेपाल सरकार सचिव स्तरको निर्णयबमोजिमको हुने थप रकमबापतमा निवेदकले जेथा जमानतमा दिएका जग्गाहरू फुकुवा गर्नुपर्ने देखिन आउने।

अतः विपक्षी जिल्ला वन कार्यालय सुर्खेतबाट बालिका देवस्थान सामुदायिक वन उपभोक्ता समिति घाटगाउँ र सुर्खेतको वन क्षेत्रबाट सङ्कलित गोलिया २२३ को परिणाम १६८२.७ क्यू फिट काठ बिक्री गर्नेसम्बन्धी मिति २०६८।९।१३ मा प्रकाशित सूचनाअनुसार निवेदकले पेस गरेको बोलपत्रमा कबोल गरेको अङ्क सबभन्दा बढी भई स्वीकृत भएको, स्वीकृत बोलपत्रबमोजिमको रकम मिति २०६८।१०।२० मा दाखिला गरिसकेको, रकम दाखिला भएपछि मिति २०६९।३।२२ मा काठको स्थानान्तरण छोड पुर्जीसमेत प्राप्त गरिसकेको, काठको स्थानान्तरण नहुँदै वन तथा भू-संरक्षण मन्त्रालयको सचिवको मिति २०६९।२।४ को निर्णय र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६९।५।१७ को निर्णय निर्देशनसमेतबाट निवेदकले थप रकमबापत जग्गा जेथा जमानतमा दिएकोमा उक्त निर्णय दा. सर्वोच्च अदालतबाट मिति २०७१।२।२८ मा बदर भइसकेको अवस्थामा निवेदकले थप रकम दाखिला गर्नु नपर्ने र जेथा जमानतको प्रयोजनसमेत समाप्त भइसकेकोले निवेदकको जग्गा रोक्का राखिरहनुपर्ने देखिएन निवेदकको रोक्का रहेको जग्गा फुकुवा गरिदिनु भनी विपक्षी जिल्ला वन कार्यालय विरेन्द्रनगर सुर्खेतको नाममा परमादेशको आदेश जारी हुने। आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा समेत पठाई दिनु। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

इजलास अधिकृतः- मदन पराजुली

इति संवत् २०७६ साल फागुन २१ गते रोज ४ शुभम्।

इजलास नं.१४

१

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, *०७२-CR-१६३७,* लागु औषध (हेरोइन)

नेपाल सरकार वि. राकेश तामाङ

प्रतिवादी शेर्पा तामाङको अनुसन्धान अधिकारीसमक्ष भएको बयान बेहोरा हेर्दा सो बरामद भएको लागु औषध हेरोइन नामथर वतन थाहा नभएका लामा भन्ने व्यक्तिले आफूलाई राख्न दिएको भनी बयान गरेको देखिन्छ । निज लामा भन्ने व्यक्ति पहिचान हुन सकेकोसमेत मिसिलबाट देखिँदैन । नाम थर ठेगाना थाहा नभएका लामा भन्ने व्यक्तिले राख्न दिएकोमा म र राकेश दुवैजनाको सहमतिले उक्त लागु औषध राखेका थियौं भनी प्रतिवादीमध्येका शेर्पा तामाङले मौकामा बयान गरेको भए तापनि सुरू अदालतसमक्ष बयान गर्दा धेरै पटक चोरी गरेको हुँदा प्रहरीले लागु औषध मुद्दामा फसाएका मात्र हुन् । मैले चोरी गरेको हुँ, लागु औषधको कारोबार गरेको होइन भनी मौकाको बयान बेहोरालाई इन्कार गरी आफ्नो बयान बेहोरा लेखाएको पाइने । प्रतिवादी शेर्पा तामाङको उल्लिखित बयान बेहोरालाई हेर्ने हो भने निजले अदालतमा बयान गर्दा प्रतिवादीमध्येका सन्दिप भन्ने राकेश तामाङलाई पोल गरी लेखाएको अवस्था देखिँदैन । मौकामा बयान गर्दा पोलसम्म गरेको देखिँदा केवल मौकामा सहअभियुक्तले गरेको पोल मात्र आरोपीलाई आरोपित कसुरको कसुरदार ठहराउने पर्याप्त आधार हुन सक्ने देखिँदैन । फौजदारी मुद्दामा दाबी लिइएको आरोपित कसुर स्वतन्त्र, शंकारहित र वस्तुनिष्ठ प्रमाणद्वारा प्रमाणित भएको अवस्थामामात्र आरोपित कसुरमा कसैलाई कसुरदार ठहर गर्न मिल्ने हो । वस्तुनिष्ठ यकिन प्रमाणको अभावमा सहअभियुक्तले मौकामा गरेको पोल अन्य स्वतन्त्र प्रमाणबाट समर्थित भई पुष्टि भएको देखिँदैन भने केवल सहअभियुक्तको पोलकै आधारमा कसैलाई फौजदारी प्रकृतिको कसुरमा दोषी ठहर गर्न नमिल्ने मात्र होइन, न्यायोचितसमेत नहुने भई त्यस्तो कार्य फौजदारी न्यायको सिद्धान्त अनुकूलसमेत हुने नदखिने ।

सहप्रतिवादी शेर्पा तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा लागु औषध आफूबाट बरामद हुँदा सहप्रतिवादी सन्दिप भन्ने राकेश तामाङ साथै थिए भनी पोल गरेको कुराबाहेक प्रतिवादी सन्दीप भन्ने राजेश तामाङको विरूद्धमा लाग्ने युक्तियुक्त भरपर्दो प्रमाण मिसिलमा प्रस्तुत भएको पाइँदैन । निज शेर्पा तामाङले अदालतमा बयान गर्दा सुरूको पोललाई खण्डित हुने गरी अदालतमा स्वयं इन्कार भई बयान गरिदिएको पाइन्छ । यी प्रतिवादी सन्दिप भन्ने राकेश तामाङबाट लागु औषध बरामदसमेत भएको पाइँदैन । तसर्थ केवल सहअभियुक्तको पोलका आधारबाट मात्र निजलाई कसुरदार कायम गरी सजाय गर्दा न्यायोचित हुने नदेखिँदा प्रमाणको अभावमा निजउपरको अभियोग दाबी एवं पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने ।

अतः उपर्युक्त विवेचित आधार कारणहरूबाट प्रतिवादी सन्दीप भन्ने राकेश तामाङका हकमा आरोपित कसुर गरेको देखिने स्वतन्त्र प्रमाणको मिसिलमा अभाव हुँदा प्रतिवादी सन्दीप भन्ने राकेश तामाङलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई फैसला गर्नुपर्नेमा निजलाई अभियोग दाबीबमोजिमको कसुरमा लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम पाँच वर्ष कैद तथा पाँच हजार रूपैयाँ जरिवानाको सजाय हुने गरी सुरू भक्तपुर जिल्ला अदालतबाट भएको फैसला निजको हकमा मिलेको नदेखिँदा केही उल्टी भई निजले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।३।२९ मा भएको फैसला मनासिबै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- दुर्गाप्रसाद बस्याल

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०७५ साल चैत्र २६ गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा, *०७०-CR-१६७२, वैदेशिक रोजगार ठगी, नेपाल सरकार वि. लालबहादुर शेर्मा*

जाहेरवालाको जाहेरी बेहोरा तथा प्रतिवादीको बयान बेहोरा हेर्दा रकम लिएकोमा विवाद नदेखिए तापनि दुवैबिच भएको लिखत लेनदेनको हो वा अभियोग दाबीबमोजिमको वैदेशिक रोजगारीका लागि तयार पारिएको लिखत हो भनी हेर्नुपर्ने देखिन्छ। रकम लिएकोमा प्रतिवादी स्वीकार रहे तापनि वैदेशिक रोजगारमा पठाई दिन्छु भनी रकम लिएको होइन भन्ने प्रतिवादीको जिकिर रहेको देखिन्छ । प्रतिवादी लालबहादुर शेर्माले अनुसन्धान अधिकृतका साथै वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष समेत जाहेरवालासँग निजलाई वैदेशिक रोजगारमा पठाई दिन्छु भनी रकम लिएको नभई लेनदेन व्यवहारअनुसार मैले एक लाख रूपैयाँ लिएको र लेनदेनअनुसार लिएको रकम तिर्न बुझाउन मन्जुर छु भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । उक्त लिखतमा आजका मितिले १५ दिनभित्र रकम फिर्ता गर्ने छु भन्ने बेहोरा रहेको तथा यति दिनभित्र विदेश पठाउँछु भन्ने उल्लेख भएको देखिँदैन। रकम जे जति कारणले लेनदेन भएको भए तापनि लिखतमा *१५ दिनभित्र बुझाउने गरी कपाली तमसुक गरिदिएँ* भन्ने बेहोरा रहेकोसमेतले उक्त लिखत लेनदेनको नै रहेको भनी मान्नुपर्ने देखिन आउने।

वैदेशिक रोजगारीमा पठाउन भनी प्रतिवादीले रकम लिएको र पछिबाट लिखत गरिदिएकोमा सो समयभित्र रकम नतिरी फरार रहेको भनी जाहेरी दरखास्त दिए तापनि जाहेरवालाले मिति २०६७।२।४ को सक्कल लिखत पेस गरेको देखिँदैन। जाहेरवालालाई वादी पक्षले उपस्थित नगराएको हुँदा आफ्नो जाहेरीको समर्थन गर्न जाहेरवाला बकपत्र गर्न आएकोसमेत देखिँदैन। फौजदारी मुद्दामा जाहेरी दरखास्त दिनु मात्र पर्याप्त नहुने र आफूले लिएको जिकिरलाई स्थापित गर्न अदालतसमक्ष उपस्थित भई बकपत्र गर्नु तथा आफ्नो प्रमाण (सक्कल लिखत) समेत पेस गरी अदालतलाई न्याय सम्पादनमा सहयोग पुऱ्याउनुपर्ने दायित्वसमेत जाहेरवाला तथा वादी पक्षमा रहने हुन्छ। जाहेरवाला तथा वादी पक्षले उक्त दायित्वसमेत पूरा गरी आफ्नो जिकिर स्थापित गर्न सकेकोसमेत देखिन नआउने।

प्रतिवादी स्वयम्ले जाहेरवालाबाट रकम लिएको स्वीकार गरेका छन् र उक्त कार्य लेनदेन व्यवहारबमोजिम भएको भनी खुलाएका छन्। त्यसैगरी जाहेरीसाथ पेस हुन आएको जाहेरवाला र प्रतिवादीबिच भएको भनिएको लिखतको प्रकृति तथा बेहोराबाट प्रतिवादीले वैदेशिक रोजगारीका लागि रकम लिएको भन्ने नदेखिएको तथा जाहेरवाला स्वयम्ले उक्त रकम लिने दिने कार्य वैदेशिक रोजगारीका सिलसिलामा भएको थियो भन्ने कुरा पुष्टि गर्न बकपत्र गर्नसमेत नसकेको अवस्थामा उक्त व्यवहार वैदेशिक रोजगारीका लागि भएको भन्ने नभई लेनदेन व्यवहार नै रहेको देखिन आउँछ । लेनदेन बेहोराबाट भएको लिखतबमोजिम कानूनी उपचार प्राप्त गर्न जाहेरवालालाई वैकल्पिक बाटोसमेत रहिरहेको अवस्था छ । दुईबिच भएको रकम लिनुदिनु कार्य लेनदेन व्यवहार नै भएको पुष्टि हुन आएको हुँदा वैदेशिक रोजगार ठगीको कसुरमा प्रतिवादीलाई सजाय गर्न मिल्ने देखिन नआउने।

अतः जाहेरवाला र प्रतिवादीका बिचमा भएको व्यवहार लेनदेनको देखिई वैदेशिक रोजगारी सम्बन्धको व्यवहार भन्ने प्रमाणले नदेखिएको अवस्था हुँदा माथि उल्लेख भई विवेचना भएको आधार एवं प्रमाणसमेतबाट प्रतिवादीलाई आरोपित कसुरमा सफाइ दिई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।१२।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल मङ्सिर ११ गते रोज ४ शुभम्।